# कोपिला आश्रम उपन्यासको विधातात्त्विक अध्ययन

त्रिभुवन विश्वविद्यालय मानविकी तथा सामाजिकशास्त्र

सङ्कायअन्तर्गत पाटन संयुक्त क्याम्पस

नेपाली शिक्षण विभाग

स्नातकोत्तर तह दोस्रो वर्षको

दसौं पत्रको प्रयोजनका

लागि प्रस्तुत

## शोधपत्र


शोधार्थी

**नारायणी खनाल**

परीक्षा क्रमाङ्क : २२००६१

क्याम्पस क्रमाङ्क :१२/०६९

त्रि.वि.द.नं.: ९-२-२७९-१४८-२००९

नेपाली स्नातकोत्तर कार्यक्रम

पाटन संयुक्त क्याम्पस

पाटनढोका, ललितपुर



२०७४

शोधनिर्देशक : उपप्रा. शेषनाथ पौडेल

# कोपिला आश्रम उपन्यासको विधातात्त्विक अध्ययन

त्रिभुवन विश्वविद्यालय मानविकी तथा सामाजिकशास्त्र

सङ्कायअन्तर्गत पाटन संयुक्त क्याम्पस

नेपाली शिक्षण विभाग

स्नातकोत्तर तह दोस्रो वर्षको

दसौं पत्रको प्रयोजनका

लागि प्रस्तुत

## शोधपत्र

शोधार्थी

**नारायणी खनाल**

परीक्षा क्रमाङ्क : २२००६१

क्याम्पस क्रमाङ्क :१२/०६९

त्रि.वि.द.नं.: ९-२-२७९-१४८-२००९

नेपाली स्नातकोत्तर कार्यक्रम

पाटन संयुक्त क्याम्पस

पाटनढोका, ललितपुर

२०७४

# प्रतिबद्धता पत्र

यस शोधपत्रभित्र प्रयोग गरिएका सामग्रीहरू कहीँ कतैबाट शोध नियमविपरीत साभार गरिएका छैनन् । यसका कुनै पनि अंश अन्य प्रयोजनका लागि उपयोग गरिएका र प्रकाशनमा पनि आएका छैनन् । तसर्थ यो शोधपत्र नितान्त मौलिक रहेको प्रतिबद्धता व्यक्त गर्दछु ।

......................

शोधार्थी

**नारायणी खनाल**

# शोध निर्देशकको सिफारिस

त्रिभुवन विश्वविद्यालय, पाटन संयुक्त क्याम्पस नेपाली विभागअन्तर्गत स्नातकोत्तर तह द्वितीय वर्षकी छात्रा **नारायणी खनाल**ले नेपाली विषयको स्नातकोत्तर तह दसौं पत्रको प्रयोजनका लागि “कोपिला आश्रम उपन्यासको विधातात्त्विक अध्ययन” शीर्षकको शोधकार्य मेरा निर्देशनमा सम्पन्न गर्नुभएको हो । शोधार्थीबाट परिश्रमपूर्वक तयार पारिएको शोधकार्यप्रति म सन्तुष्ट छु र यसको यथोचित मूल्याङ्कनका लागि नेपाली स्नातकोत्तर कार्यक्रम, पाटन संयुक्त क्याम्पससमक्ष सिफारिस गर्दछु ।

.............................

**उपप्रा. शेषनाथ पौडेल**

नेपाली स्नातकोत्तर कार्यक्रम

पाटन संयुक्त क्याम्पस

मिति : २०७४।

**त्रिभुवन विश्वविद्यालय**

**मानविकी तथा सामाजिक शास्त्र सङ्काय**

**नेपाली स्नातकोत्तर कार्यक्रम**

पाटन संयुक्त क्याम्पस

पाटनढोका, ललितपुर

# स्वीकृतिपत्र

त्रिभुवन विश्वविद्यालय मानविकी तथा सामाजिक शास्त्र सङ्कायअन्तर्गत पाटन संयुक्त क्याम्पसकी छात्रा **नारायणी खनाल**ले त्रि. वि स्नातकोत्तर तहको नेपाली विषयको दसौँ पत्रको प्रयोजनका लागि तयार पार्नुभएको "कोपिला आश्रम उपन्यासको विधातात्त्विक अध्ययन" शीर्षकको शोधपत्र उपयुक्त देखिएकाले सोही प्रयोजनका लागि स्वीकृत गरिएको छ ।

## शोधपत्र मूल्याङ्कन समिति

१. सह. प्रा. डा. सुरेन्द्रवरसिंह थापा (संयोजक) ..............................

२. उपप्रा. शेषनाथ पौडेल (शोध निर्देशक) ..............................

३. प्रा. डा. विश्वनाथ भण्डारी (विभागीय प्रमुख) ..............................

४. प्रा. डा. कुमारप्रसाद कोइराला (बाह्य परीक्षक) ..............................

मिति : २०७४।

# कृतज्ञता ज्ञापन

त्रिभुवन विश्वविद्यालय मानविकी तथा सामाजिकशास्त्र सङ्कायअर्न्तगत पाटन संयुक्त क्याम्पस नेपाली स्नातकोत्तर कार्यक्रम, स्नातकोत्तर तह द्वितीय वर्षको दसौँ पत्रको अध्ययन परिपूर्ति गर्ने प्रयोजनका लागि "कोपिला आश्रम उपन्यासको विधातात्त्विक अध्ययन" शीर्षकको यो शोधकार्य मैले आदरणीय गुरु उपप्रा. शेषनाथ पौडेलको कुशल निर्देशनमा तयार पारेकी हुँ । शोधकार्यका सन्दर्भमा आइपरेका विभिन्न समस्याहरूको समाधान गर्न आफ्नो व्यस्तता र स्वाध्ययनका क्रममा पनि उहाँले मलाई निरन्तर प्रेरणा र हौसला प्रदान गर्नुभयो । उँहाको निरन्तर सहयोग सद्भाव तथा आवश्यक निर्देशनले मलाई यो शोधपत्र तयार गर्न ऊर्जा मिलिरह्यो । उल्लेख्य सुझावका लागि म शोधनिर्देशक आदरणीय गुरु पौडेलप्रति हार्दिक कृतज्ञता प्रकट गर्दछु ।

मेरो शोधप्रस्ताव स्वीकृत गरी प्रस्तुत शीर्षकमा शोधकार्य गर्न अवसर प्रदान गर्नुभएकोमा पाटन क्याम्पस, नेपाली स्नातकोत्तर कार्यक्रमका संयोजक आदरणीय गुरु सहप्रा.डा. सुरेन्द्रवरसिंह थापाप्रति हार्दिक आभार व्यक्त गर्दछु । विभागीय प्रमुख आदरणीय गुरु प्रा.डा. विश्वनाथ भण्डारीप्रति पनि कृतज्ञता व्यक्त गर्दछु । त्यस्तै गरी आवश्यक सल्लाह र परामर्श दिनुहुने आदरणीय गुरुहरू प्रा.डा. कृष्णप्रसाद दाहाल, प्रा.डा. जगदीशचन्द्र भण्डारी, सहप्रा. अच्युतराज पराजुली तथा विभागका गुरुवर्गप्रति म हार्दिक कृतज्ञता प्रकट गर्दछु । यस्तै नेपाली विभागका कर्मचारी श्री दुर्गा महर्जनलाई पनि यथोचित सहयोगका लागि हार्दिक धन्यवाद दिन्छु ।

मेरो हरेक पाइलामा अविरल प्रेम, प्रेरणा र अवसर प्रदान गरेर सहयोग प्रदान गर्नुहुने मेरा श्रीमान् वसन्तराज पोखेलप्रति ऋणी छु, । उँहाको साथ तथा समर्थनले मलाई यो शोधपत्र तयार गर्न सहयोग गऱ्यो । साथै मैले हस्तलिखित रूपमा तयार गरेको यस शोधपत्रलाई टाइप गरी यस रूपमा ल्याउन सहयोग गर्नुभएकोमा हार्दिक आभार प्रकट गर्दछु । त्यसै गरी यो शोधपत्र तयार गर्न प्रत्यक्ष तथा अपत्यक्ष सहयोग पुऱ्याउने प्यारो भाइ बाबुराम खनाल, साथीहरू सुमी खड्का, सङ्गीता भण्डारी, मधु भुसाल, निर्मला चलाउनेलगायत सबैमा हार्दिक धन्यवाद व्यक्त गर्दछु ।

अन्त्यमा म प्रस्तुत शोधपत्रको आवश्यक मूल्याङ्कनका लागि नेपाली स्नातकोत्तर कार्यक्रम, पाटन संयुक्त क्याम्पससमक्ष प्रस्तुत गर्दछु ।

मिति : २०७४/

..................

शोधार्थी

**नारायणी खनाल**

परीक्षा क्रमाङ्क : २२०००२

त्रि.वि.द.नं. : १८०३-९३

# शोधसार

प्रस्तुत शोधपत्र त्रिभुवन विश्वविद्यालय मानविकी तथा सामाजिक शास्त्र सङ्कायअन्तर्गत नेपाली विषयमा स्नातकोत्तर तह दोस्रो वर्षको दसौँ पत्रको प्रयोजनका लागि "कोपिला आश्रम उपन्यासको विधातात्त्विक अध्ययन" शीर्षकमा तयार गरिएको हो । प्रस्तुत शोधमा उपन्यास सिद्धान्तको चर्चा गर्दै सोका आधारमा **कोपिला आश्रम** उपन्यासलाई केलाउने प्रयास गरिएको छ ।

प्रस्तुत शोधपत्रको प्रमुख उद्देश्य **कोपिला आश्रम** उपन्यासको विधातात्त्विक अध्ययन गर्नु हो । साथै उपन्यासकार कोइरालाको जीवनी उल्लेख गर्दै नेपाली उपन्यास परम्परामा रामेश कोइरालाको योगदानको निरूपण गर्नु यस शोधपत्रको अर्को महत्त्वपूर्ण उद्देश्य हो । त्यसै गरी **कोपिला आश्रम** उपन्यासलाई विधातात्त्विक विश्लेषण गर्नु पनि यस शोधपत्रको उद्देश्य रहेको छ ।

प्रस्तुत शोधकार्यमा मूलतः मुख्य र सहायक शोधसामग्रीको उपयोग गरिएको छ । मुख्य सामग्रीअन्तर्गत **कोपिला आश्रम** उपन्यास तथा सहायक सामग्रीका रूपमा औपन्यासिक सिद्धान्त भएका कृति तथा मुख्य कृतिको विश्लेषण भएका विभिन्न सामग्रीलाई लिइएको छ । प्राथमिक तथा द्वितीय दुवै सामग्रीको सङ्कलन मुख्यतः पुस्तकालयीय कार्यबाट गरिएको छ ।

यस शोधकार्यमा मूल रूपमा वर्णनात्मक पद्धतिको उपयोग गरिएको छ । उपन्यास सिद्धान्तलाई मुख्य सैद्धान्तिक आधार बनाई वर्णनात्मक, विश्लेषणात्मक, तुलनात्मक एवं निगमनात्मक पद्धतिको उपयोग गरिएको छ ।

प्रस्तुत शोधपत्र साहित्यकार रामेश कोइरालाको **कोपिला आश्रम** उपन्यासको विधापरक विश्लेषणमा केन्द्रित रहेको छ । उक्त उपन्यासमा अनाथ बालबालिकाको संरक्षण गर्न खोलिएका तथाकथित अनाथालयहरूले मानवीय भावना र कर्तव्यच्युत भई धर्मपुत्रका नाममा अनाथहरूलाई पैसा कमाउने काममा अग्रसर भएको देखाएको छ । यस्ता कार्यको नियमन गर्ने निकायले समेत नियमन गर्नुको साटो त्यस्ता कार्यलाई उक्साइरहेको यथार्थतासमेत उपन्यासमा उल्लेख छ ।

उपन्यासका पात्रहरू हाम्रो समाजकै सामान्य जीवनबाट लिएका छन् । उनीहरूको प्रस्तुतिले हाम्रै समाजको कुनै स्थानमा भएको यथार्थ सामाजिक सम्बन्धको झल्को दिन्छ । कोपिला आश्रममा बहुपात्रहरूको प्रयोग भएको छ । कोपिला आश्रमको सञ्चालक हरिराम नेपाली यस उपन्यासको प्रमुख पात्र हो । हरिरामलाई सहयोग गर्न सोमनाथ ओली नामको अर्को पात्र प्रयोग गरिएको छ । उसले हरिरामको आर्थिक तथा अन्य व्यवस्थापनको काम गर्दछ । यीबाहेक उपन्यासमा उपस्थित

भएका अन्य सहायक पात्रहरूको पनि आआफ्नो भूमिका रहेको छ ।

**कोपिला आश्रम** झट्ट हेर्दा विभिन्न कारणले बाबु आमा गुमाएका अनाथ बालबालिकाहरूको संरक्षण गरिएजस्तो देखिए पनि हरिरामले यसलाई पैसा कमाउने माध्यम बनाएको छ । उपन्यासको समय वि.सं २०५० पछिको १२-१५ वर्षको अवधि हो । यस समयमा नेपालमा माओवादी युद्धका कारण हजारौँ बालबालिकाहरू टुहुरा भएका थिए । तिनै सहाराविहीन बालबालिकाहरूलाई पालनपोषण गरी पठनपाठन गराउने जिम्मा लिएको हरिरामले तिनलाई बेचेर आफ्नो ढुकुटी भर्दै कसरी राज्य र राज्यसंयन्त्रलाई बेकम्मा बनाएको छ भन्ने कुरा सरल रूपमा देखाइएको छ ।

प्रस्तुत उपन्यासमा सरल भाषाको प्रयोग गरिएको छ । केही आगन्तुक र तत्सम शब्द बाहेक सबै ठेट नेपाली भाषाको प्रयोग गरिएको छ । प्रथम पुरुष दृष्टिविन्दुको प्रयोग गरिएको यस उपन्यासको कथा वाचन सोमनाथ ओली नामका पात्रले गरेको छ ।

मूल कथाभित्र विभिन्न सहायक कथा आएको यस उपन्यासमा बाइप्रोडक्ट शीर्षकमा विभिन्न कथाहरू प्रस्तुत गरिएका छन् । तर ती कथाहरू पनि मूल कथासँग राम्रोसँग अन्तर्सम्बन्धित गराइएको छ ।

समग्रमा **कोपिला आश्रम** उपन्यास सामाजिक यथार्थवादी उपन्यास हो । यसले हाम्रो समाजमा विभिन्न कारणले आमाबाबुविहीन भएका केटाकेटीहरूलाई कथित अनाथालयमा राखेर धर्मपुत्र पुत्रीका नाममा विदेशीलाई बेची धनको धन्दा गर्ने व्यक्तिहरूको यथार्थता प्रस्तुत गरेको छ । यसरी सरल किसिमले समाजको समस्या प्रस्तुत गरेको **कोपिला आश्रम** उपन्यास नेपाली उपन्यास परम्पराकै सशक्त कृति हो । हाल सम्म यस उपन्यास कृतिका बारेमा शोधकार्य नभएकाले यो शोधकार्य गएिको हो । यस अध्ययनबाट नेपाली उपन्यासको अध्ययन परम्परामा नयाँ कार्य भएको छ । यहि नै यस अध्ययनको उपलब्धि हो ।

# विषय सूची


| **शीर्षक** | **पृष्ठ** |
| --- | --- |
| **प्रतिबद्धता पत्र** | **क** |
| **शोधनिर्देशकको सिफारिस** | **ख** |
| **स्वीकृतिपत्र** | **ग** |
| **कृतज्ञता ज्ञापन** | **घ** |
| **शोधसार** | **ङ-च** |
| **विषय सूची** | **छ-झ** |
| **परिच्छेद : एक** | |
| **शोध परिचय** | **१-५** |
| १.१ विषय परिचय | १ |
| १.२ समस्या कथन | २ |
| १.३ शोधको उद्देश्य | २ |
| १.४ पूर्वकार्यको समीक्षा | २ |
| १.५ शोधकार्यको औचित्य | ३ |
| १.६ शोधकार्यको क्षेत्र र सीमा | ४ |
| १.७ शोधविधि | ४ |
| १.७.१ सामग्री सङ्कलन विधि | ४ |
| १.७.२ सामग्री विश्लेषणको पद्धति तथा सैद्धान्तिक आधार | ५ |
| १.८ शोधपत्रको रूपरेखा | ५ |
| **परिच्छेद : दुई** | |
| **उपन्यासको सैद्धान्तिक स्वरूप** | **६-२३** |
| २.१ परिचय | ६ |
| २.२ उपन्यास शब्दको व्युत्पत्ति र अर्थ | ६ |
| २.३. उपन्यासको परिभाषा | ७ |
| २.४ उपन्यासका तत्त्वहरू | १० |
| २.४.१ कथावस्तु | ११ |
| २.४.२ पात्र | १४ |
| २.४.३ परिवेश | १६ |

२.४.४ भाषाशैली १७
२.४.५ दृष्टिविन्दु १९
२.४.६ उद्देश्य २२
२.५ निष्कर्ष २२

**परिच्छेद : तीन**

**नेपाली उपन्यास परम्परा र उपन्यासकार रामेश कोइराला २४-४८**

३.१ परिचय २४
३.२ नेपाली उपन्यास परम्परा २४
३.२.१ प्राथमिक काल २४
३.२.२ माध्यमिक काल २६
३.२.३ आधुनिक काल २७
३.३ उपन्यासकार रामेश कोइरालाको चिनारी ३९
३.३.१ जीवनी ३९
३.३.२ व्यक्तित्व ४२
३.३.३ कृतित्व ४५
३.४. निष्कर्ष ४६

**परिच्छेद : चार**

**कोपिला आश्रम उपन्यासको विधापरक विश्लेषण ४९-७०**

४.१ परिचय ४९
४.२ शीर्षक सार्थकता ४९
४.३ कथावस्तु ५०
४.४ पात्र ५८
४.४.१ मुख्य पात्र ५८
४.४.२ सहायक पात्र ६१
४.४.३ गौण पात्र ६४
४.५ परिवेश ६५
४.६ भाषाशैली ६७
४.७ दृष्टिविन्दु ६८
४.८ उद्देश्य ६८
४.९ निष्कर्ष ६९

परिच्छेद : पाँच

**सारांश र निष्कर्ष** **७१-७४**

५.१ परिचय ७१

५.२ सारांश ७१

५.३ निष्कर्ष ७२

**सन्दर्भ सामग्री सूची** **७५-७६**

परिच्छेद : एक

# शोध परिचय

## १.१ विषय परिचय

**कोपिला आश्रम** उपन्यास साहित्यकार रामेश कोइरालाले लेखेका हुन् । उनको जन्म वि.सं २०२४ साल आश्विन २८ गते खोटाङ जिल्लाको दिक्तेलमा भएको हो । पिता तर्कराज कोइराला र माता दुर्गादेवी कोइरालाका चौथो तथा कान्छो सन्तानका रूपमा उनको जन्म भएको हो । शिक्षा आर्जन गर्ने क्रममा जन्मस्थान र काठमाडौँमा विद्यालय एवम् उच्च शिक्षा हासिल गरेका तथा विदेश गई चिकित्साशास्त्र विषयमा स्नाकोत्तर उपाधि प्राप्त गरेका कोइराला हाल गङ्गालाल हृदयरोग केन्द्रमा मुटुरोग बिशेषज्ञका रूपमा कार्यरत छन् । साहित्यको गद्यविधाअर्न्तगत रहेर दुई फरक विधा संस्मरण र उपन्यासमा कलम चलाएका उनका **आमाको मुटु** (२०६८) र **कोपिला आश्रम** (२०७०) दुई कृति प्रकाशित छन् । आफ्नो जीवन भोगाइ र समाजका वास्तविक घटनाहरूको चित्रण उनका यी दुवै कृतिहरूमा भएको छ । सङ्ख्यात्मक दृष्किोणले एक/एकवटा संस्मरण र उपन्यास प्रकाशित भए तापनि गुणात्मक दृष्टिकोणले यी दुवै कृति नेपाली साहित्यको विकासमा उल्लेखनीय देखिन्छन् ।

**कोपिला आश्रम** उपन्यासमा उनले देशमा भएका युद्ध, प्राकृतिक प्रकोप तथा जघन्य अपराधजस्ता विभिन्न घटनाहरूमा आफ्ना बाबुआमा र धनसम्पति गुमाउन बाध्य भएका बालकालिकाको दर्दनाक अवस्था र त्यस्तो अवस्थाको फाइदा उठाई बालबालिकाको संरक्षण गर्ने नाममा खुलेका बालगृह सञ्चालकहरूले आर्थिक आर्जनका लागि विदेशमा बेचिरहेका घटनाहरूको चित्रण गरेका छन् । प्रस्तुत शोधाकार्यमा विभिन्न युद्ध र अन्य विविध कारणले अनाथ भएका बालबालिकालाई धर्मपुत्रका नाममा विदेशीहरूलाई बेच्नेजस्तो जघन्य घटनाहरूलाई विषयका रूपमा लिएर लेखिएको **कोपिला आश्रम** उपन्यासको विधापरक अध्ययन र विश्लेषण गरिएको छ ।

## १.२ समस्या कथन

रामेश कोइरालाले लेखेको उपन्यास **कोपिला आश्रम**को विधातात्त्विक विश्लेषण गर्नु प्रस्तुत शोधको प्रमुख समस्या हो । यसै समस्यालाई निम्नलिखित प्रश्नबाट अझ स्पष्ट पार्न सकिन्छ :

क) **कोपिला आश्रम** उपन्यासको विधातात्त्विक संरचना केकस्तो रहेको छ ?

## १.३ शोधको उद्देश्य

प्रस्तुत शोधको उद्देश्य देहाय बमोजिम रहेको छ :

क) **कोपिला आश्रम** उपन्यासको विधातात्त्विक अवस्थाको अध्ययन गर्नु ।

## १.४ पूर्वकार्यको समीक्षा

उपन्यास र संस्मरण विधामा कलम चलाएका कोइरालाका कृतिमा विभिन्न समालोचकहरूले फरक फरक रूपमा समीक्षा गरेको पाइन्छ । कोइरालाका कृतिका बारेमा शोधकार्य पनि भइरहेका छन् तथा विभिन्न पत्रपत्रिकामा उनी र उनका प्रकाशित कृतिहरूमाथि महत्त्वपूर्ण समीक्षात्मक आलेखहरू प्रकाशित भएका छन् । **कोपिला आश्रम** उपन्यासका बारेमा विधागत अध्ययन नभए पनि त्यसबारे जहाँ जेजति अध्ययन भएका छन् तिनलाई कालक्रमिक रूपमा निम्नलिखित किसिमले उल्लेख गर्न सकिन्छ :

संजय अधिकारी (२०७०) ले **नागरिक** पत्रिकामा **कोपिला आश्रम** उपन्यासमा हिंसात्मक राजनीतिले जन्माएका विकारहरूमा पिल्सिएका गरिब अनि निमुखा बालबालिकाहरूको कथा प्रस्तुत भएको बताएका छन् ।

सीपी अर्याल (२०७१) ले **कान्तिपुर** कोसेलीमा 'द्वन्द्वका बाछिटा' शीर्षकको लेखमा **कोपिला आश्रम**बारे विश्लेषण गर्दै यसले समाजका राम्रो र नराम्रो दुवै पक्षको प्रस्तुति दिएको बताएका छन् ।

शंकर तिवारी (२०७१) ले **हिमाल** पत्रिकाको 'बाइप्रोडक्टको वर्णन' शीर्षक अन्तर्गत **कोपिला आश्रम**लाई साहित्यकार जोनाथन स्विफ्टको निबन्ध 'अ मोडेस्ट प्रोपजल'सँग तुलना गरेका छन् ।

जानु अधिकारी (२०७०) ले **गोरखापत्र**मा समाज सेवाका नाममा एनजिओ र आइएनजिओ खोली विभिन्न थरिका गैरकानुनी कामलाई सगर्व सञ्चालन गर्ने समूहको यथार्थलाई यस उपन्यासले मर्मस्पर्शी रूपमा प्रस्तुत गरेको बताएकी छन् ।

सर्मिला लामिछाने (२०७२) ले स्नातकोत्तर तहको "रामेश कोइरालाको जीवनी, व्यक्तित्व र कृतित्व" शीर्षकको शोधपत्रमा **कोपिला आश्रम** उपन्यासमा माओवादी सशस्त्र द्वन्द्वकालीन परिस्थितिले देशमा छाएको अशान्ति, निर्दोष जनताहरूको बीभत्स मृत्युको घटनालाई प्रस्तुत गर्दै त्यसले निम्त्याएका विकृतिलाई चित्रण गर्न खोजिएको बताएकी छन् भने द्वन्द्वका कारण अनाथ बनेका बालबालिकालाई पैसा कमाउने धन्दाको साधनका रूपमा प्रयोग गरेको वास्तविकता समेत उपन्यासमा आएको उल्लेख गरेकी छन् ।

सुमी खड्का (२०७३) ले "आमाको मुटु संस्मरणात्मक कृतिको विधातात्त्विक अध्ययन" शीर्षकको शोधपत्रमा **कोपिला आश्रम**लाई माओवादी सशस्त्र द्वन्द्वको समयमा घटेका विभिन्न घटनाहरू तथा तिनले निम्त्याएका अनेकौँ परिस्थितिलाई कथानकका रूपमा प्रस्तुत गरी लेखिएको उत्कृष्ट रचना भन्दै समाजसेवाको नाममा भ्रष्ट व्यक्तिहरूले बालबालिकाको व्यापार गरेको कुरा उल्लेख गरेकी छन् ।

यसरी रामेश कोइरालाको **कोपिला आश्रम** उपन्यासका बारेमा कतै शोधपत्रमा र कतै कृतिसमीक्षामा सामान्य रूपमा चर्चा परिचर्चा भएको भए पनि यस उपन्यासको विशिष्ट र व्यापक अध्ययन हुन सकेको देखिँदैन । यही सन्दर्भलाई हृदयङ्गम गरी कोपिला आश्रम उपन्यासको विधातात्त्विक अध्ययन गरिएको छ ।

## १.५ शोधकार्यको औचित्य

रामेश कोइराला नेपाली साहित्यमा उपन्यासकार र संस्मरणकारका रूपमा परिचित नाम हो । कोइराला थोरै लेखेर पनि सफल साहित्यकारका रूपमा चर्चित छन् । उनको **कोपिला आश्रम** उपन्यासका बारेमा कतैकतै आंशिक रूपमा चर्चा र सामान्य कृतिसमीक्षा भए पनि

विधातात्विक दृष्टिले समग्र र व्यवस्थित अध्ययन भएको पाइँदैन । यस उपन्यासका बारेमा हालसम्म पनि वस्तुगत अध्ययन नभएको र अध्ययन हुन बाँकी रहनुले नै प्रस्तुत शोधकार्य लेखन औचित्यपूर्ण रहेको छ । प्रस्तुत अध्ययनले **कोपिला आश्रम** उपन्यासका बारेमा यथेष्ट जानकारी लिन चाहने अध्येता, शोधार्थी तथा साहित्यप्रेमीहरूलाई समेत सहयोग पुग्न जाने भएकाले यसको औचित्य स्वतः सिद्ध हुन्छ ।

## १.६ शोधकार्यको क्षेत्र र सीमा

प्रस्तुत शोधकार्यमा उपन्यासकार रामेश कोइरालाद्वारा लिखित **कोपिला आश्रम** उपन्यासको औपन्यासिक विधातत्त्वका आधारमा मात्र अध्ययन विश्लेषण गरिएको छ । सन्दर्भगत रूपमा उपन्यास सिद्धान्त र लेखक कोइरालाको जीवनी, व्यक्तित्वको सामान्य जानकारी दिइए पनि मूलतः यसको क्षेत्र भने सम्बन्धित शोध्य कृतिको विश्लेषणमा मात्र केन्द्रित रहेको छ । यस बाहेक कोइरालाकै **आमाको मुटु** संस्मरणात्मक कृतिको पनि अध्ययन गरिएको छैन ।

## १.७ शोधविधि

शोधविधि अन्तर्गत सामग्री सङ्कलन विधि र सामग्री विश्लेषणको पद्धति तथा सैद्धान्तिक आधार पर्दछन् :

### १.७.१ सामग्री सङ्कलन विधि

प्रस्तुत शोधकार्यमा प्राथमिक तथा द्वितीयक दुवै प्रकारका शोध सामग्रीको उपयोग गरिएको छ । प्राथमिक सामग्री अन्तर्गत **कोपिला आश्रम** औपन्यासिक कृति तथा द्वितीयक सामग्रीका रूपमा औपन्यासिक सिद्धान्त भएका कृति तथा प्राथमिक कृतिको विश्लेषण भएका विभिन्न समालोचनात्मक ग्रन्थहरू साहित्यिक पत्रपत्रिकाहरू, शोधपत्र, शब्दकोशहरू लगायतका सामग्रीलाई लिइएको छ । प्राथमिक तथा द्वितीय दुवै सामग्रीको सङ्कलन मुख्यतः पुस्तकालयीय कार्यबाट गरिएको छ ।

### १.७.२ सामग्री विश्लेषणको पद्धति तथा सैद्धान्तिक आधार

प्रस्तुत शोधकार्यमा नेपाली भाषा साहित्यका विभिन्न शोध पद्धतिहरूमध्ये मूल रूपमा विश्लेषणात्मक पद्धतिको उपयोग गरिएको छ । मुख्य सैद्धान्तिक आधार उपन्यास सिद्धान्तलाई मानिएको छ । त्यही औपन्यसिक सिद्धान्तले तोकेका विधातत्त्वका आधारमा निगमनात्मक पद्धतिको उपयोग गरी सामग्रीको विश्लेषण गरिएको छ । उपन्यासका पात्रहरूको अध्ययनका क्रममा तुलनात्मक पद्धतिको पनि उपयोग गरिएको छ । यसरी उपन्यास सिद्धान्तलाई मुख्य सैद्धान्तिक आधार तथा वर्णनात्मक, विश्लेषणात्मक, तुलनात्मक एवं निगमनात्मक पद्धतिलाई सामग्री विश्लेषणको पद्धतिका रूपमा लिइएको छ ।

## १.८ शोधपत्रको रूपरेखा

प्रस्तुत शोधपत्रलाई व्यवस्थित गर्नका निमित्त निम्नानुसारको परिच्छेद योजनामा राखिएको छ :

परिच्छेद : एक - शोध परिचय

परिच्छेद : दुई - उपन्यासको सैद्धान्तिक स्वरूप

परिच्छेद : तीन - नेपाली उपन्यास परम्परा र उपन्यासकार रामेश कोइराला

परिच्छेद : चार - **कोपिला आश्रम** उपन्यासको विधापरक विश्लेषण

परिच्छेद : पाँच - सारांश र निष्कर्ष

उक्त मूल शीर्षकअन्तर्गत विभिन्न शीर्षक तथा उपशीर्षकहरू पनि रहेका छन् । शोधकार्यको अन्त्यमा सन्दर्भ सामग्री सूची प्रस्तुत गरिएको छ ।

परिच्छेद : दुई

# उपन्यासको सैद्धान्तिक स्वरूप

## २.१ परिचय

प्रस्तुस्त शोधपत्रको यस परिच्छेदमा उपन्यास विधाको सैद्धान्तिक स्वरूप प्रस्तुत गरिएको छ । यसमा पहिले उपन्यासको परिचय दिँदै क्रमशः उपन्यास शब्दको व्युत्पत्ति र अर्थ एवं परिभाषा प्रस्तुत गरिएको छ । यसपछि उपन्यासका तत्त्वहरू कथावस्तु, पात्र, परिवेश, भाषाशैली, दृष्टिविन्दु र उद्देश्यको चिनारी गराएर परिच्छेदको निष्कर्ष दिइएको छ ।

## २.२ उपन्यास शब्दको व्युत्पत्ति र अर्थ

पाश्चात्य साहित्यमा 'फिक्सन' को प्रयोग अत्यधिक भइरहेको अवस्थामा हिजोआज 'बनाएको कथा' को रूपमा उपन्यासको प्रयोग भएको पाइन्छ (बराल र एटम, २०६६ : ४) । आख्यान साहित्य गद्य साहित्यकै एक प्रमुख अङ्ग हो । यसअन्तर्गत आधुनिक कथा, उपन्यास, निबन्ध, प्रबन्धात्मक साहित्यिक उपविधा पनि पर्न आउँछन् (प्रधान, २०४३ : ३) । मोटामोटी रूपमा कथानक, जनजीवन र समयको गठबन्धनमा बाँचेको गद्यात्मक बृहत् आख्यान उपन्यास हो (पोखरेल, २०५९ : १८८) । उपन्यासले काल्पनिक जीवनको समग्रतालाई काल्पनिक रूपले झल्काउने काम गरेको हुन्छ । यो समाजको समसामयिक यथार्थतालाई प्रस्तुत गर्ने एक सशक्त साहित्यिक विधा हो ।

उपन्यास अंग्रेजी शब्द Novel को नेपाली रूपान्तरण हो, जसको अर्थ एउटा लामो कथानक भन्ने बुझिन्छ । नेपालीमा उपन्यास (उप + नि + अस् + घञ् ) शब्द अस् धातुमा उप र नि पूर्वसर्ग तथा घञ् परसर्ग लागेर बनेको हुन्छ । जसमा 'उप' को अर्थ 'नजिक ' र 'न्यास' को अर्थ 'राख्नु' भन्ने हुन्छ । संस्कृत शब्दबाट नेपालीमा आएको उपन्यास शब्दको अर्थ नजिक राख्नु भन्ने हुन्छ । संस्कृतमा आद्याचार्य भरतको पालादेखि नै उपन्यास शब्दको प्रयोग भएको पाइन्छ । प्राचीनकालमा धार्मिक भावना जागृत गराउने र नीति उपदेश प्रदान गर्ने

उद्देश्यले बृहदाकार आख्यान सिर्जना भएका थिए यद्यपि हाल प्रचलित उपन्यासले भरतकालीन उपन्यास अर्थात् पूर्वीय (संस्कृत) साहित्यको उपन्यास प्रवृत्तिलाई भन्दा अङ्ग्रेजीमा प्रचलित नोबेललाई नै अनुसरण गरेको पाइन्छ । यसलाई इटलीमा नोबिले र फ्रान्समा नोबेला भनिन्छ ।

नोवेल शब्दको अर्थ नवीन वा यथार्थ जीवनमा आधारित कथात्मक रचना भन्ने हुन्छ । उपन्यास नवीन विधा हो, प्राचीनकालमा महाकाव्यमा समेटिने जीवनजगत्का समग्र घटनाहरूलाई अहिले उपन्यासले समेटेको छ, त्यसैले उपन्यासलाई कसै-कसैले गद्य महाकाव्य पनि भनेका छन् तर उपन्यास र महाकाव्यमा विविध भिन्नता रहेका छन् । पुरातन महाकाव्यमा विधागत सीमितता र बन्धन रहेको थियो, महाकाव्य पद्यमा रचना गरिन्थ्यो, तर उपन्यासमा शास्त्रीय बन्धन कम थियो ।

## २.३. उपन्यासको परिभाषा

उपन्यास साहित्यको एक विधा आख्यानको बृहत् रूप हो । आख्यान साहित्यको लघुतम रूप कथा हो । महाकाव्यको रूपान्तरण प्रक्रियाबाट विकसित विधा भए पनि उपन्यास समकालीन साहित्यको सबैभन्दा लोकप्रिय र विराट् रूप हो । आख्यानको लघु भेद कथाले पूर्वीय वा पश्चिमा साहित्यमा समेत पुरानो इतिहास बनाएको छ तर आख्यानको बृहत् रूप उपन्यास भने एउटा नवीन विधा हो । विभिन्न साहित्यशास्त्रीहरूले उपन्यासलाई समयानुकूल र सापेक्ष हुने गरी व्याख्या गरेका छन् । पूर्वीय साहित्यमा आचार्य भरतदेखि र पश्चिममा फिल्डिङ, बेकर आदिजस्ता विद्वान्हरूका पालादेखि नै उपन्यास शब्दको चर्चा र व्याख्या भएको पाइन्छ ।

**पूर्वीय आद्याचार्य भरत** : "युक्तिपूर्ण ढंगले आफ्नो अभिप्रायलाई प्रस्तुत गर्नु उपन्यास हो" (उद्धृत : पौडेल २०६५ : १५२) ।

यसबाट लेखकले आफ्नो विचार तथा भाव सम्प्रेषण गराउन कलात्मक र रचनात्मक शैलीको प्रयोग गर्नु उपन्यास हो भनेर भनेका छन् ।

**विश्वनाथ :** "उपन्यासको अर्थ कसैलाई प्रसन्न गराउनु हो ।" (उद्धृत : पौडेल, २०६५ : १५२) ।

उनका अनुसार उपन्यासले विचारलाई भन्दा मनोरञ्जनलाई बढी प्राथमिकता दिएको ठहरिन्छ ।

**फिल्डिङ्ग** : "उपन्यास मनोरञ्जनपूर्ण गद्य महाकाव्य हो " (उद्धृत : पौडेल, २०६५ : १५२) ।

उनको र विश्वनाथको मत एकै प्रकारको रहेको छ ।

**बेकन** : "उपन्यासमा कल्पित गद्यकथाहरूद्वारा मानवजीवनको व्याख्या हुन्छ" (उद्धृत : पौडेल, २०६५ : १५२) ।

उनका मतमा कल्पना पक्षलाई समेट्न सकेको पाइन्छ, साथै जीवनजगत्को समग्र चित्रणलाई समेट्ने वा व्याख्या गर्ने भनी उनले दिएको मत बढी वैज्ञानिक र युक्तिसङ्गत देखिन्छ ।

**न्यू इङ्ग्लिस डिक्सनरी** : उपन्यास एक बृहदाकार त्यो आख्यान वा वृत्तान्त हो, जसमा वास्तविक जीवनको प्रतिनिधित्व दावा गर्नेवाला पात्र र कार्यलाई कथानकमा चित्रित गरिन्छ (उद्धृत : पौडेल, २०६५ : १५२)

यसअनुसार उपन्यासको विषयवस्तुलाई वास्तविक जीवनको प्रतिनिधित्व गर्ने प्रतीकात्मक वा काल्पनिक कथा वा पात्र हुन सक्ने देखिन्छ ।

**ग्रोस** : "उपन्यासको अभिप्रायः त्यस गद्य कल्पकथासँग छ, जसमा वास्तविक जीवनको यथार्थ चित्रण रहन्छ (उद्धृत : पौडेल, २०६५ : १५२) ।

उनले पनि न्यू इङ्ग्लिस डिक्सनरीकै धारणा राखेको देखिन्छ । यसमा प्रकृतवाद, अतियथार्थवाद र मनोविश्लेषणको भने उल्लेख नगरेको पाइन्छ ।

**रिचर्ड वर्टन** : "उपन्यास समसामयिक समाजको मङ्गलकारी तत्त्वको बृहत् अध्ययन हो, जो प्रेम तत्त्वको सञ्चालिका शक्तिबाट अनुप्रेरित हुन्छ किनकि प्रेम नै मानव मात्रलाई परस्पर सामाजिक बन्धनमा बाँध्न समर्थ हुन्छ" (उद्धृत : पौडेल, २०६५ : १५२ ) ।

उनको धारणामा उपन्यासमा मानव प्रेमको व्याख्या गरिएको पाइन्छ ।

**वेनस्टर** : "उपन्यास कल्पित, विशालकाय तथा गद्यमय आख्यान हो, जसमा एकै कथानकअन्तर्गत यथार्थ जीवनको प्रतिनिधित्व गर्ने पात्र र तिनका क्रियाकलापको चित्रण गरिन्छ" (उद्धृत : पौडेल, २०६५ : १५२) ।

वेनस्टरका अनुसार उपन्यास कथाहरूको सङ्ग्रह होइन, एउटै कथाको बृहत् रूप हो जसमा वास्तविक जीवन चित्रण गर्न काल्पनिक कथा तथा पात्रको प्रयोग गरिन्छ ।

**गुलाब राय** : "उपन्यास कार्यकारण शृङ्खलामा बाँधिएको त्यो गद्य कथानक हो जसमा अपेक्षाकृत अधिक विस्तार र गहनताका साथ वास्तविक जीवनको प्रतिनिधित्व गर्ने व्यक्तिसँग सम्बन्धित वास्तविक वा काल्पनिक घटनाहरूद्वारा मानवजीवनको सत्यको रसात्मक रूपमा उद्घाटन गरिएको हुन्छ" (उद्धृतः पौडेल, २०६५ : १५२) ।

**एडिथ ह्वार्टन** : "समय र स्थानको महत्त्वको ख्याल राखेर तिनीहरूलाई कुनै निश्चित शैलीद्वारा शृङ्खलाबद्ध गरी कुनै एउटा रूपमा ढालेर समग्रतामा चित्रित गर्नु नै उपन्यासको स्वरूप हो" (उद्धृत : प्रधान, २०५२ : ४) ।

उनका परिभाषामा शृङ्खलाले कथानकलाई र समग्रताले जीवनको सम्पूर्ण पक्षलाई समेटेकाले जीवनको समग्र पक्षलाई समेट्ने गरी रचित बृहत् आख्यान नै उपन्यास हो ।

**कृष्णचन्द्रसिंह प्रधान** : "उपन्यास मानवजीवनकै सम्पूर्णताको अभिव्यक्ति हो" (प्रधान, २०४३ : ४) ।

**राजेन्द्र सुवेदी** : "पूर्वापर तारतम्यमा सुसम्बद्ध गरेर लेखिएको आख्यानात्मक रचनालाई उपन्यास भनिन्छ" (सुवेदी २०५३ : ८) ।

सुवेदीले तारतम्यमा सुसम्बद्ध आख्यानलाई उपन्यास भनेर यसको क्रमबद्धतामा जोद दिएका छन् । उनका अनुसार उपन्यासको सुरुदेखि अन्तसम्म एउटा क्रममा अगाडि बढ्छ भनेर यसको कथानकमा जोड दिएका छन् ।

उपन्यास निश्चित आयाम भएको गद्यमय, वस्तुविन्यास व्यवस्थित, शृङ्खलित र सङ्गठित सजीव चित्र तथा मानव जीवनको साङ्गोपाङ्गो गर्ने समाख्यानात्मक विधि अँगालेर लेखिने साहित्यिक विधा हो । उपन्यास गद्यआख्यानका माध्यमबाट मानव जीवनको यथार्थ चित्र प्रस्तुत गर्ने शृङ्खलित वस्तुविन्यास र आवश्यक लम्बाइ रहेको स्वयं पूर्ण साहित्यिक विधा हो ।

माथिका विभिन्न विद्वान्हरूका परिभाषाद्वारा उपन्यासलाई एउटा वास्तविक विषयवस्तुको काल्पनिक कथानक र पात्रमार्फत उल्लेख गरिने गद्य बृहदाकार रचना हो भन्न

सकिन्छ । पाश्चात्य विद्वान्हरूका मतमा उपन्यासलाई सामाजिक विषयवस्तुको चित्रणको लागि बढी प्रयोग गरिएको पाइन्छ । यद्यपि यथेष्ठ कल्पना र भावपक्षले उपन्यासबाट पर्याप्त रस निष्पत्ति हुन सक्दछ । मनोरञ्जन प्रदान गर्ने, सूचना, सन्देश वा उपदेश प्रस्तुत गर्ने र विचार वा दर्शन प्रस्तुत गर्ने उद्देश्यले कलात्मक शैलीमा प्रस्तुत गरेको आख्यानको बृहत् रूप नै उपन्यास हो । उपन्यासमा सामाजिक यथार्थ चित्रण वा समग्र जीवनदर्शनको विषयवस्तु प्रस्तुत हुन्छ ।

## २.४ उपन्यासका तत्त्वहरू

उपन्यास विभिन्न तत्त्वहरूको एकीकृत तथा सिलसिलाबद्ध प्रस्तुति हो । संरचनागत वस्तुका सूक्ष्म अवयवहरूलाई तत्त्व भनिन्छ । धेरै तत्त्वहरू मिलेर एउटा सिङ्गो संरचना बनेको हुन्छ । साहित्य पनि एउटा संरचना भएकाले त्यसका लागि पनि विभिन्न तत्त्वहरूले महत्त्वपूर्ण भूमिका निर्वाह गरिरहेका हुन्छन् । त्यस्ता संरचना तत्त्वहरूले साहित्यको सिङ्गो रूप प्रदान गर्दछ । हड्सनले सानो वा ठुलो, असल वा खराब जुनसुकै उपन्यासका संरचनाका लागि कथावस्तु, चरित्रचित्रण, संवाद, देश काल र वातावरण, शैली, उद्देश्य वा जीवनदर्शन गरी ६ वटा तत्त्वहरू आवश्यक ठानेका छन् (न्यौपाने, २०४९ : २०३) । दयाराम श्रेष्ठले 'पच्चीस वर्षका नेपाली कथा' २०३९ मा तत्त्वहरूको उल्लेख गर्ने क्रममा कथानक, दृष्टिकोण, सारवस्तु, कार्यपीठिका, गति, प्रतीक र बिम्ब, भाव परिमण्डल, पात्र र रूपविन्यासलाई अगाडि सारेका छन् । त्यस्तै 'नेपाली कथा भाग ४' (२०५७) मा कथावस्तु, पात्र र चरित्रचित्रण, संवाद वा कथोपकथन, देशकाल र परिस्थिति, भाषाशैली र उद्देश्य राखेका छन् । कृष्णचन्द्रसिंह प्रधानले 'नेपाली उपन्यास र उपन्यासकार' (२०४३ : १०-१२) मा उपन्यासका सातवटा तत्त्वहरू कथानक, चरित्र, कथोपकथन, शैली, भाषा, वातावरण र उद्देश्यजस्ता तत्त्वहरूको उल्लेख गरेका छन् ।

उपन्यास पनि एउटा पूर्ण संरचना हो त्यसैले यसका पनि आफ्ना विभिन्न तत्त्वहरू रहेका हुन्छन् । खासगरी यो आख्यानको एउटा रूप भएकाले सर्वप्रथम यसमा कथानक हुन्छ, जसलाई कथावस्तु वा विषयवस्तु पनि भनिन्छ । कथासँगै पात्र हुन्छ, परिवेश र कथाअनुसार पात्रहरूको भिन्न चरित्र हुने गर्दछ । उपन्यासमा प्रत्यक्ष वा अप्रत्यक्ष संवाद पनि रहेकै हुन्छ ।

पुराना उपन्यासहरूमा प्रत्यक्ष संवादको मात्रा बढी हुन्थ्यो, तर हाल संवादलाई पनि कथानक बुनोट वा आख्यानात्मक ढाँचामा प्रस्तुत गर्ने गरिन्छ । घटना (कथावस्तु), पात्र (चरित्रचित्रण) र संवादसँगै उपन्यासमा पर्यावरण हुन्छ । पर्यावरणलाई देश, काल र वातावरण पनि भनिन्छ । उपन्यासमा प्रयुक्त कथा कुन ठाउँसँग सम्बन्धित छ ? त्यसको समय कुन हो र कुन परिवेश त्यहाँ विद्यमान छ ? भन्ने कुरा पर्यावरण (परिवेश) मा समेटिने गरिन्छ । यससँगै उपन्यास कस्तो भाषा र कुन शैलीमा लेखिएको छ भन्ने कुरा भाषाशैलीमा प्रस्तुत हुन्छ । हरेक सिर्जनाको पछाडि एउटा न एउटा उद्देश्य रहेको हुन्छ, यसबाट उपन्यासले दिन खोजेको खास के हो वा उपन्यास लेख्नाको मूल अभिप्राय के हो भन्ने थाहा पाउन सकिन्छ । उपन्यासको अर्को तत्त्व दृष्टिबिन्दु हो । उपन्यासमा 'म' पात्रको प्रयोग भएको भए त्यसलाई आन्तरिक दृष्टिबिन्दु भनिन्छ र तृतीय पुरुष अर्थात् 'ऊ' वा 'त्यो' पात्रको प्रयोग भएको भए त्यसलाई बाह्य दृष्टिबिन्दु भनिन्छ । यसरी हेर्दा उपन्यासका मूल तत्त्वहरूमा कथावस्तु, पात्र, परिवेश, भाषाशैली, उद्देश्य र दृष्टिबिन्दु पर्दछन् । यसबाहेक शीर्षकलाई पनि एउटा तत्त्व मानिन्छ । यस खण्डमा उपन्यास विधामा हुनुपर्ने मूल तत्त्वहरूका बारेमा सङ्क्षिप्त चर्चा गरिएको छ :

### २.४.१ कथावस्तु

कथावस्तु आख्यान विधाकै मेरुदण्ड हो । यसलाई कथानक पनि भनिन्छ । उपन्यास कथा विधाकै बृहत् रूप हो । यसैबाट पनि थाहा हुन्छ कि कथावस्तु नै उपन्यासको मूल तत्त्व हो । व्यक्ति वा समाजमा घटेका घटनाहरूको उपन्यासमा योजनाबद्ध तथा सङ्गठित रूपान्तरण हुन्छ । उपन्यासमा जीवनजगत्को सम्पूर्ण पक्षलाई समेटिएको हुन्छ भनेर उपन्यासको परिभाषा दिइएको छ । उपन्यास भन्नु नै एउटा कहानीको संरचित रूप हो । यसमा मूलकथा तथा सहायक कथाहरूको प्रयोग हुन्छ । उपन्यासमा प्रयुक्त मुख्य विचार वा आधारभूत कार्यलाई कथासूत्र वा कथासार भनिन्छ । यसैगरी कार्यकारण सम्बन्ध भएका घटनाहरूको वर्णन जुन कालानुक्रमिक हुन्छ, त्यसलाई कथानक भनिन्छ । उपन्यासलाई विश्वसनीय, प्रभावकारी, रोचक र रसात्मक बनाउने मूल कथानकसँग अन्य स-साना कथाहरूलाई पनि संयोजन गरिन्छ, जसलाई प्रासङ्गिक कथा वा अन्तर्कथा पनि भनिन्छ । मूल कथावस्तुलाई कालानुक्रमिक बनाउन र सहायक कथा तथा उपकथाहरूलाई मुख्य कथासँग जोड्न कथानकले कलात्मक भूमिका निर्वाह गर्दछ । कथामा उत्कृष्ट कथावस्तुबाट मात्रै उत्कृष्ट उपन्यास सिर्जना हुन

सक्दछ, त्यसैले लेखकले कथावस्तु, सङ्कलन, निर्माण या तय गर्दा त्यसमा प्रशस्त मौलिकता प्रदान गर्न सक्नुपर्दछ ।

कथावस्तुलाई उपन्यासमा महत्त्वपूर्ण र अनिवार्य तत्त्वका रूपमा लिइन्छ । उपन्यास संरचनामा कथावस्तुले सबैभन्दा स्थूल र सबल तत्त्वको बोध गराउँछ । यसमा चरित्र तथा तिनका कार्यव्यापार र द्वन्दले महत्त्वपूर्ण भूमिका खेलेको हुन्छ । उपन्यासमा कथावस्तुको व्याप्ति सर्वत्र हुने भएकाले अन्य तत्त्वहरूलाई समेत यसले गहिरो प्रभाव पारेको हुन्छ । वास्तवमा कुनै पनि उपन्यासमा प्राप्त पूर्वापरक्रम तथा कार्य-कारण सम्बन्धमा विकसित उपन्यासको आन्तरिक कार्यव्यापार वा घटनाव्यापारको योजनाबद्ध शृङ्खला नै औपन्यासिक कथावस्तु हो । कथानक उपन्यासमा घट्ने घटनाहरूको योजनाबद्ध ढाँचा हो । जतिसुकै क्षीण रूपमा भए पनि आख्यानभित्र कथा हुन्छ, कथानक हुन्छ । जहाँ यी कुराहरू हुँदैनन्, त्यहाँ आख्यान पनि हुँदैन । कथावस्तुलाई उपन्यासको शरीर भन्न सकिन्छ । विभिन्न तत्त्वहरूको संयोजनमा संरचित उपन्यासले मानव जीवनका आन्तरिक-बाह्य, सुख-दुःख, आशा- निराशा र सफलता-असफलता, इमान्दारीपूर्वक प्रस्तुत गर्न नसके त्यस उपन्यासले पाठकको समय र श्रमको दुरुपयोग मात्र गर्दछ (उपाध्याय, २०५० : १६२) । घटनावली कल्पना प्रधान हुन्छ र त्यसैमा तर्क एवं बुद्धिको मिश्रण गरेर आख्यानका लागि कथानकको निर्माण गरिन्छ (शर्मा, २०५९ : ११) ।

उपन्यास आख्यान विधाअन्तर्गत पर्दछ । आख्यान (फिक्सन) भन्नासाथ गद्यमा लेखिएको कल्पित कथा भन्ने बुझिन्छ (शर्मा, २०४९ : १६) । त्यसकारण उपन्यासमा कथावस्तु रहेको हुन्छ । पात्रका विभिन्न गतिविधि र क्रियाकलापबाट जन्मेका घटनालाई सुव्यवस्थित रूपमा राख्न सकेमा कथावस्तु संरचित हुन्छ । संरचित कथावस्तुमा घटनाहरू कार्य र कारणका रूपमा उभिएका हुन्छन् । यसरी कथावस्तुमा विभिन्न घटना र क्रियाकलापहरूको शृङ्खलात्मक कौशलात्मक र प्रभावात्मक गठन र सम्पूर्णताको अभिव्यक्ति गर्ने भएकाले यसमा मानव जीवनका भोगाइहरू अभिव्यक्त भएका हुन्छन्

मान्छेका जीवनमा घट्ने घटनाहरूको गति र सङ्गति हुँदैन । त्यसकारण कथावस्तुको गठन र गुम्फन उपन्यासमा हुँदैन भन्ने भनाइ पनि आएको छ (थापा, २०४७ : १२८) । त्यसो भनिए पनि घटनावली कथानकको लागि आवश्यक पर्ने कच्चा पदार्थ हो । त्यही कच्चा पदार्थबाट कथानकरूपी तयारी पदार्थ बनाइन्छ । कतिपय विद्वान् र उपन्यासकारहरू

कथावस्तुलाई उपन्यासको प्राण मानेका छन् । त्यसैले उपन्यासमा कुनै न कुनै रूपमा कथावस्तु आएकै हुन्छ । कथानक उपन्यासको शरीर भएकाले आकर्षक हुनु अनिवार्य छ । कथानकमा के-के कुरामा आवश्यकता छ भन्ने बारेमा पाश्चात्य विद्वान् अरिस्टोटलले 'ट्रेजेडी' को सन्दर्भमा आफ्ना धारणा दिएका छन् । कथावस्तुविना दुखान्तको रचना नहुने भएकाले अरिस्टोटलले 'ट्रेजेडी' का सन्दर्भमा दिएको धारणा उपन्यासमा मिल्न जान्छ । कथावस्तु आदि, मध्य, अन्त्यमा शृङ्खलित भई विन्यस्त हुनुपर्दछ । यसका लागि उपन्यासको कथानकमा कार्यान्विति, पूर्णता, सम्भाव्यता, सहज आङ्गिक विकास, कौतूहल, साधारणीकरण लिखित कुराहरू हुनु आवश्यक छ । आदि, मध्य र अन्त्य गरी तीन मुख्य शृङ्खला मिलेर कथानकको स्वरूप तयार भएको हुन्छ ।

आदि : चिनारी/प्रारम्भ र सङ्घर्ष विकास/प्रथम सङ्कटावस्था कथानकको आदि भाग अन्तर्गत पर्दछन् । अन्य सङ्कटावस्था र चरमोत्कर्षको मध्य भाग हो र अन्त्य भागमा सङ्घर्षह्रास र उपसंहार/समापन पर्दछन् (लुइँटेल, २०६९ : ४२) । आरम्भ अवस्थामा मूल व्यापारको विकासका निम्ति पूर्वाधार तयार भएको हुन्छ । यस अवस्थाले उपन्यासको प्रारम्भमा नै जटिल समस्या खडा गर्छ, जसबाट औपन्यासिक घटनाक्रम आगामी अवस्थामा पुगरे फैलँदै जान्छ । मुख्य पात्रको चिनारी दिँदै पात्रहरूले जुध्नुपरेका समस्या र परिस्थितिको पनि जानकारी दिने प्रयास गरिएको हुन्छ भने सङ्घर्ष विकासमा आकस्मिक रूपमा पात्रका सामु नयाँ समस्या उत्पन्न हुने भएकोले पात्रको सङ्घर्ष आरम्भ हुन्छ ।

मध्य : यसमा प्रथम सङ्कटावस्थासँग सम्बन्धित भएर अरु नयाँ-नयाँ सङ्कटावस्थाहरू आउँछन् जो उपन्यासको मध्यको सुरुवात हो र ती सङ्कटावस्थाहरूका शृङ्खलामा आउने सबैभन्दा अन्तिम सङ्कटावस्था चरम हो, जो अत्यन्त घातक र गहिरो हुन्छ । खासगरी प्रथम सङ्कटावस्था पछिका जति पनि सङ्कटावस्थाहरू हुन्छन्, तिनको अन्तिम सङ्कटावस्थासम्म मध्य पर्दछ ।

अन्त्य : चरमपछि जब सङ्घर्षह्रास हुन थाल्छ, तब अन्त्य भागको सुरु हुन्छ । चरममा पुगेपछि सङ्घर्षमा जुन शिथिलता आउँछ त्यसबेला उपन्यासकारले विस्तारै आफ्ना पात्रहरूलाई समेट्न थाल्छ । यसरी सङ्घर्ष पातलो हुँदै जान्छ र अन्त्यमा सङ्घर्षको अन्त्य हुन्छ, जुन त्यस उपन्यासको समस्या समाधानको विन्दु वा उपसंहार हुन जान्छ । उपसंहारमा पात्रले उसको

कार्य अनुसारको फल प्राप्त गर्दछ । यसरी फल प्राप्त गर्दा जुन प्रकारको उसले सङ्घर्ष गर्दछ, त्यसै अनुरूपको फल उसले प्राप्त गर्दछ ।

उपन्यासको कथावस्तुलाई विशृङ्खलित वा सुगठित, एकार्थ वा संकुचन गरी छुट्याउन सकिन्छ । उपन्यासमा कथावस्तु हुने तर तिनीहरूबीच अन्योन्याश्रित सम्बन्ध वा सुगठन नहुने अवस्था विशृङ्खलित अवस्था हो । यदि सबै कथावस्तुहरू एक अर्कामा सम्बन्धित छन् वा सङ्गठित छन् भने त्यसलाई सुगठित कथावस्तु भनिन्छ । उपन्यासमा एउटा मूल कथानक र त्यसैलाई रोचक र कलात्मक बनाउन आउने सहायक कथाहरू भएमा त्यसलाई एकार्थ र समानान्तर दुई मूल कथानक भएमा त्यसलाई सङ्कुचन भनिन्छ । कार्यावस्थाका आधारमा पूर्वीय तथा पश्चिमा विद्वान्हरूले उपन्यासको कथानकलाई विभिन्न प्रकारले विभाजन गरेको पाइन्छ । सुरुमा घटनाको प्रारम्भ हुन्छ, सङ्घर्ष विकसित हुँदै गएर चरमबिन्दुमा पुग्दछ जसमा सङ्घर्षशील दुई पक्षमध्ये एकले परिस्थितिलाई आफू अनुकूल बनाउँछ र सङ्घर्ष समाप्त हुँदै उपसंहारमा गएर कथानक टुङ्गिन्छ । यही कुरालाई पूर्वीय विद्वान्हरूले आरम्भ, यत्न, प्राप्त्याशा, नियताप्ति र फलागम भनेका छन् भने पश्चिमा विद्वान्हरूले प्रारम्भ, विकास, चरमबिन्दु, निगति र उपसंहार मानेका छन् । कथानक विभिन्न स्रोतहरूमध्ये उपन्यासले आफूले मस्तिष्कमा प्रभाव पारेको आधारबाट अथवा स्रोतबाट सामग्री ग्रहण गर्दछ र कथानकको सिर्जना गर्दछ । यसरी प्राप्त गरिने स्रोतहरूको उल्लेख गर्दा ऐतिहासिक, यथार्थ, मिथक, स्वैरकल्पना र रागात्मक सौन्दर्य रहेको पाइन्छ (बराल र एटम, २०६३ : २३) । समग्रमा कथानक उपन्यासको अनिवार्य तत्त्वका रूपमा रहेको हुन्छ । यसले अनेक गुणहरूलाई अपनाउँदै कथात्मक अनेक शृङ्खला र अवस्थालाई एउटा परिणतिसम्म पुऱ्याएर कौतूहलता र द्वन्द्वलाई समेटेको हुन्छ । वर्तमानमा सूक्ष्म कथानकको प्रयोग र पात्रगत मूल्यका कारण यसको महत्त्व घटे पनि अस्तित्वलाई भने स्वीकार गरिएकै पाइन्छ ।

## २.४.२ पात्र

विश्व साहित्यमा नवीन विधाका रूपमा चिनिएको उपन्यास संरचनाको लागि आवश्यक विभिन्न तत्त्वहरूमध्ये चरित्र अत्यावश्यक र महत्त्वपूर्ण तत्त्व हो । अङ्ग्रेजी ‘क्यारेक्टर’ शब्दले जुन अर्थ बुझाउँछ सोही अर्थ नेपालीमा प्रचलित चरित्रले बहन गरेको पाइन्छ । यसलाई कतै

पात्र, कतै क्रियाकलाप र कार्यव्यापार आदिले चिनाउने प्रयास पनि भएको छ । पूर्वीय साहित्यमा नाटकका लागि चाहिने तीन अङ्ग- वस्तु, नेता र रसमध्ये नेतालाई चरित्र मान्न सकिन्छ । पाश्चात्य साहित्य जगत्मा पनि प्राचीन कालदेखि नै चरित्रको महत्त्व रहेको पाइन्छ । एरिस्टोटलले पनि दुःखान्तका संरचना वा सङ्गठनमा कथावस्तुलाई प्रथम स्थान र चरित्रचित्रणलाई दोस्रो स्थानमा राखी चरित्रचित्रणको महत्त्वलाई प्रस्ट्याएका छन् । चरित्र व्यक्ति-जीवनको बाह्य र आन्तरिक प्रवृत्तिहरूको मूल व्यञ्जनासहित सम्बद्ध हुने हुनाले यसको चित्रणमा व्यक्तिले जीवन स्वयम् मनुष्य र उसको बृहत्तर सत्य हो, जसको अध्ययन गर्नु उपन्यासको अभीष्ट ठहरिन्छ (प्रधान, २०४० : ८) ।

पहिलेका उपन्यासमा कथावस्तुको प्रधानता हुन्थ्यो । अहिलेका नवीन उपन्यासमा घटनाको भन्दा चरित्रचित्रणको स्थान मूल्यवान् हुँदै गएको छ । आजको समयमा व्याप्त जटिलता र विषमता साथ मनोविज्ञान र मनोविश्लेषणको बढ्दो विकास र यसप्रतिको अभिरुचिले गर्दा पात्रका परिवेशमा आधारित भएको उपन्यासको प्रचलन वृद्धि भएको पाइन्छ । त्यसकारणले घटनाप्रधानभन्दा चरित्रप्रधान बढी संरचित हुन थालेको पाइन्छ (थापा, २०६६ : १३३) । चरित्र व्यक्ति जीवनको बाह्य र आन्तरिक प्रवृत्तिहरूको मूल व्यञ्जनासहित समृद्ध हुने हुनाले यसको अध्ययन गर्नु उपन्यासको अभीष्ट ठहरिन्छ (प्रधान, २०४३ : १०) । पात्र मानव प्राणी मात्र नभई पशुपक्षी र निर्जीव वस्तु पनि हुन सक्छन् । प्रायः गरेर उपन्यासमा पात्रहरू भन्नाले मानव पात्रहरूमा पुरुष वा स्त्रीको बिम्ब आउँछ तर विश्व साहित्यमा मानव पात्रहरू छाडेर मानवेतर, अतिमानवीय पात्रहरूलाई लिएर पनि उपन्यास लेख्ने गरेको पाइन्छ । उपन्यासभित्रका हर्ष विस्माद, जय-पराजयसँग सम्बन्धित विभिन्न घटनाहरूको कर्ता भोक्ता वा द्रष्टालाई पात्र वा चरित्र भनिन्छ । तिनै चरित्रहरूलाई उपन्यासकारले घटनाहरू सुम्पन्छ र पात्रहरूले पनि आफ्नो सामाजिक परिवेश, रहनसहन स्तरअनुसार दिएको काम राम्ररी सम्पादित गर्छ, जुन अत्यन्त स्वाभाविक लाग्छ । उपन्यासकारले देखाउन खोजेको कुराप्रति ज्ञानै नभएको पात्रलाई घटना सुम्पदा नमिल्दो देखिन्छ । यसकारण उपन्यासकारले घटना र घटनासँग सम्बन्धित पात्रहरूलाई उभ्याउन सकेमा चरित्रचित्रण जीवन्त बन्छ ।

चरित्रहरू जति स्पष्ट र गतिशील हुँदै जान्छन् त्यति नै उपन्यासमा रोचकता बढ्दै जान्छ । आख्यानमा चरित्रचित्रण दुई किसिमले गरिन्छ, प्रदर्शनात्मक विधि र कथनात्मक विधि ।

प्रदर्शनात्मक विधिमा आख्यान लेखकले पात्रहरूलाई कुराकानी र क्रिया गरेको देखाउँछ तर पात्रका कुराकानी र क्रियाको उद्देश्य तथा अभिवृत्ति के हो भन्ने कुरो चाहिँ पाठकका जिम्मा छाड्छ । यसलाई नाटकीय विधि पनि भनिन्छ । कथानात्मक विधिमा चाहिँ आख्यान लेखकले अधिकारपूर्वक हस्तक्षेप गरेर पात्रबारे बताउँछ र उसको उद्देश्य एवं अभिवृत्तिको मूल्याङ्कनसमेत गर्दछ (शर्मा, २०५९ : ११५)

कथानक पछिको महत्त्वपूर्ण तत्त्वका रूपमा आउने चरित्रचित्रणको प्रयोग मार्फत लेखकले कुनै एउटा पात्र छनोट गरी आफ्नो विचार प्रस्तुत गरिरहेको हुन्छ । चरित्रचित्रणलाई शैली विज्ञानका आधारमा कार्य, लिङ्ग, स्वभाव, जीवन चेतना, मञ्चियता, आबद्धता आदिका आधारमा वर्गिकरण गर्न सकिन्छ (शर्मा, २०४८) । त्यसैगरि कार्यका आधारमा प्रमुख, सहाय, र गौण पात्र, लिङ्गका आधारमा पुरुष र स्त्री पात्र; स्वभावका आधारमा गतिसिल र स्थिर पात्र; जीवन चेतनाका आधारमा वर्गगत तथा व्यक्तिगत पात्र; मञ्चीयताको आधामा मञ्चिय तथा नेपथ्य पात्र आवद्धताको आधारमा बद्ध र मुक्त पात्रहरु हुन्छन् ।

## २.४.३ परिवेश

उपन्यासको अर्को महत्त्वपूर्ण तत्त्व भनेको परिवेश हो, जसलाई देशकाल वातावरण पनि भनिन्छ । उपन्यासमा ऐतिहासिक घटनाहरू, वर्तमानको स्थिति र भविष्यको कल्पनाजस्ता सबै घटनाहरूको वर्णन गरिएको हुन्छ । उपन्यासमा जुन घटनाहरूको वर्णन गरिन्छ, त्यो काल हो भने उपन्यासले जस्तो समाज वा परिवेशको चित्रण गरेको हुन्छ, त्यो वातावरण हो । उपन्यासलाई विश्वसनीय र प्रभावकारी बनाउन देशकाल वा वातावरणको उत्तिकै ठूलो महत्त्व रहन्छ । रचनामा भौगोलिक, ऐतिहासिक, सामाजिक, सांस्कृतिक, जीवनको यथार्थ र वस्तुपरकता भए तापनि आफ्नै देश काल अर्थात् स्थानिक र कालिक परिवेश हुन्छ ।

उपन्यासलाई प्रभावशाली र विशिष्ट बनाउन कथावस्तु, चरित्र र संवादले जस्तै देशकाल र वातावरणको महत्त्वपूर्ण भूमिका रहन्छ । उपन्यासमा पात्र वा चरित्रले कार्यव्यापार गर्ने स्थान, समय र वातावरणलाई परिवेश भनिन्छ । आख्यान विधाका लागि परिवेशलाई आवश्यक तत्त्वका रूपमा स्वीकार गरिएको छ । अङ्ग्रेजीमा यसलाई सेटिङ्ग भनिन्छ । यसलाई देश, काल, वातावरण, पर्यावरण पनि भन्ने गरिएको छ (बराल, २०५३ : ५४) ।

यसरी उपन्यासकारले समय, स्थान र परिस्थितिको भूमिकालाई उपयुक्त ढङ्गले औपन्यासिक संरचनामा समायोजन गर्ने कार्य परिवेश हो । परिवेशको सफल प्रस्तुतिले उपन्यास सहजता, स्वभाविकता र यथार्थताको सन्निवेश हुन्छ साथै परिवेशको उचित निर्माणले नै उपन्यास विश्वसनीय, संवेद्य तथा जीवन्त बन्दछ । परिवेश वा देश, काल, वातावरणलाई आन्तरिक र बाह्य गरी २ भागमा विभाजन गर्न सकिन्छ । बाह्य परिवेश भन्नाले उपन्यासमा प्रयुक्त हुने भौतिक जगत् र बाह्य प्रकृति पर्दछ । उपन्यास आञ्चलिक पनि हुन सक्छ र सार्वजनीन पनि । आञ्चलिक उपन्यासले कुनै एउटा क्षेत्रमा घटेको घटना र परिवेश प्रस्तुत गर्दछ यद्यपि त्यसको प्रभाव भने सार्वजनीन नै हुन्छ । कुनै खास परिवेशलाई किटान नगरी सार्वजनिक परिवेशलाई नै समेटेर पनि उपन्यास लेख्न सकिन्छ र लेख्ने गरिएको छ । यस्ता प्रकारका उपन्यासहरू मूलतः प्रतीकात्मक हुन्छन् र विशेष क्षेत्रमात्रको उल्लेख नगरेर प्रतिनिधिमूलक परिवेशको उल्लेख गरिन्छ । उपन्यास आञ्चलिक हो वा सार्वजनीनभन्दा पनि सो परिवेशको प्रयोगमा कतिको रचनात्मकता र विश्वसनीयता छ भन्ने कुराले उपन्यासको प्रभावोत्पादकता निर्धारण गर्दछ ।

यसै गरी उपन्यासमा प्रयोग हुने समयलाई पनि आन्तरिक समय र रचनाकाल गरी २ भागबाट हेर्न सकिन्छ । त्यो उपन्यास कुन समयमा रचना गरिएको हो भन्नेलाई 'रचनाकाल' र उपन्यासमा घटित घटनाहरू कुन समयका हुन् वा कति समयको घटनावस्तुलाई त्यसमा समेटिएको छ भन्ने त्यसको 'आन्तरिक समय' हो । समग्रमा भन्नुपर्दा देशकाल वातावरण बिना उपन्यासको विश्वसनीयता रहँदैन र विश्वसनीयता बिनाको उपन्यास प्रभावकारी पनि हुँदैन । त्यसकारण समय, परिस्थिति र परिवेशको उत्कृष्ट समायोजनबाट मात्रै उपन्यासले सफलता प्राप्त गर्न सक्दछ ।

## २.४.४ भाषाशैली

भाषाशैली उपन्यासको अनिवार्य तत्त्व हो । भाषा मानवीय सञ्चारको साधन हो । अनुभूति र अभिव्यक्तिको माध्यम भएकाले भाषा सामाजिक चिन्तनको प्रतीक पनि हो । कतिपय विद्वान्हरूले भाषा र शैली दुवैलाई शैली मात्र भनेका छन् । अङ्ग्रेजी शब्द 'स्टाइल' को नेपाली रूपान्तरण 'शैली' हो (शर्मा, २०५९ : २) । यसलाई शिल्प पनि भनिन्छ । भाषाका माध्यमबाट

लेखकले अभिव्यक्त गर्ने ढङ्गमा अनेकता हुन्छ । आफूले व्यक्त गर्न खोजेका कुरालाई लेखकले आफ्नो कला र सीपले भाषालाई सिंगार पटार गर्दछ । भाषाको त्यही शृङ्गारलाई नै शैली भनिन्छ (प्रधान, २०४० : ८८) । रचनाकारको यस्तो विशिष्ट रचना प्रकार वा अभिव्यक्तिलाई शैली भनिन्छ, जसमा भाषिक एकाइको सौन्दर्यबोधक समुच्चय हुन्छ र भाषा एवं विषयका दृष्टिबाट विचलन नभएर भाषिक एकाइको समुच्चयमा प्रकट हुन्छ ।

हरेक उपन्यासकारको आ-आफ्नै भाषाशैली हुने भएकाले यसमा विविधता देखिन्छ । सामान्यतः उपन्यासमा भाषा दुई किसिमबाट भएको हुन्छ । पहिलो किसिमको भाषा अपेक्षाकृत नियमबद्ध र लेखकीय स्तरअनुरूप हुन्छ । दोस्रो किसिमको भाषा उपन्यासका पात्रहरूको संवादमा प्रयोग गरिन्छ ( बराल र एटम, २०६६ : ४०) । संस्कृत शब्दको प्रचुर प्रयोग एवं परिष्कृत र अलङ्कृत भाषाको प्रयोग भएमा संस्कृत तत्सम भाषा हुन्छ भने सबैले बुझ्ने सामान्य बोलीचालीको भाषालाई साधारण चल्तीको भाषा भनिन्छ । अतः कथावस्तुलाई रोचक र यर्थाथ बनाउन पात्रको स्तरअनुसारको भाषा प्रयोग गरेर उपन्यासकारले भाषालाई नयाँ शैलीमा प्रयोग गर्दछन् । शैली स्वयं रूपहीन जस्तो लागे पनि वास्तवमा उपन्यासको रूप, व्यक्तित्व, सीप, सौन्दर्य र भाव विशिष्ट यसकै रूपाकृति हुन् । तसर्थ आधुनिक उपन्यासमा वर्णनात्मक, विवरणात्मक, आत्मकथात्मक, पत्रात्मक, दैनिकी डायरी, नाटकीय, चेतनप्रवाह आदि शैलीको प्रयोग पाइन्छ ।

शैलीले उपन्यासलाई विशिष्ट र मौलिक बनाउनुका साथै एक अर्काबाट पृथक् तुल्याउँछ । भाषा भनेको भाव वा अभिव्यक्ति, सम्प्रेषणको माध्यम हो । शैली भनेको भाव सम्प्रेषण गर्ने तरिका हो । साहित्यमा अधिकांश व्यञ्जनाशैलीको प्रयोग गरिन्छ । एउटै घटनाको वर्णन गर्दा पनि कहिले त्यो सूचना वा सन्देशमात्र बन्छ भने त्यही घटनालाई कलात्मक र व्यञ्जना शैलीबाट प्रस्तुत गर्दा त्यो साहित्य बन्छ । यसबाट के स्पष्ट हुन्छ भने साहित्यको पनि सम्प्रेषणको माध्यम भाषा हो र शैली त्यसको वैशिष्ट्य हो । लेखकले आफ्नो रचनालाई कलात्मक, सहज, स्वाभाविक, विश्वसनीय र सम्प्रेषणीय बनाउन शिष्ट भाषा र विशिष्ट शैलीको प्रयोग गर्दछन् । भाषामा उखान टुक्काहरूको यथेष्ट प्रयोग र आलङ्कारिकताले रचनालाई रोचक, आकर्षक र प्रभावकारी बनाउँछ । भाषा व्यक्ति हो भने शैली व्यक्तित्व हो । भाषा प्रयोगकर्ताको शैक्षिक स्तर, उमेर, जीवनवृत्ति, रहनसहन, सामाजिक प्रतिष्ठा आदिका आधारमा

फरक-फरक हुन सक्दछ । औपन्यासिक भाषा पात्रको प्रकृति तथा परिस्थिति अनुकूल सहज, स्वाभाविक र सम्प्रेषणीय हुनुपर्दछ । शैली विवरणात्मक, विश्लेषात्मक, सूत्रात्मक आदि जुनसुकै प्रकारको पनि हुन सक्दछ ।

उपन्यासमा प्रयुक्त हुने भाषालाई तत्समप्रधान भाषा, अलङ्कृत भाषा र साधारण बोलीचालीको भाषा गरी मुख्य ३ भागमा विभाजन गर्न सकिन्छ । संस्कृत साहित्यबाट आएका शब्दहरूको बढी प्रयोग गरी लेखिने भाषालाई 'तत्समप्रधान भाषा' भनिन्छ । यो भाषा शिष्ट र सभ्य हुन्छ तर सर्वसाधारणको लागि असहज, असम्प्रेषणीय, दुरुह र क्लिष्ट हुन्छ । अर्को भाषा 'अलङ्कृत भाषा' हो, यो साहित्यिक भाषा पनि हो । अभिधाभन्दा लक्षणा र व्यञ्जनाशैलीको बढी प्रयोग हुने अलङ्कृत भाषाले रचनाको साहित्यिक स्तर निर्धारण गर्दछ । सामान्य बोलचालको भाषाको प्रयोग गरी रचिएका रचनाहरू सरल, सहज र सम्प्रेषणीय त हुन्छन् तर त्यसमा साहित्यिक वैशिष्ट्य कम हुन्छ ।

उपन्यासमा प्रयुक्त हुने शैलीलाई समास शैली र व्यास शैली जस्ता विविध शैलका आधारमा अध्ययन गर्न सकिन्छ । लामो प्रक्रियामा कथावस्तु, पात्र र घटनाको विस्तारपूर्वक वर्णन गरिने शैली 'व्यास शैली' हो । यसलाई महाभारतीय शैली पनि भनिन्छ । कथावस्तु, घटना र पात्रहरूको वर्णनमा सूत्रात्मकता अपनाइएको शैलीलाई 'समास शैली' भनिन्छ । एकोहारो वर्णनले ल्याउन सक्ने नीरसतालाई ध्यानमा राखी वर्तमान उपन्यासमा उपन्यासकारहरूले बीचबीचमा भिन्न रोचक प्रसङ्ग, हास्यव्यङ्ग्य आदिको प्रयोग गरी वर्णनमा प्रभावकारिता र चामत्कारिकता प्रदान गरी जीवन्त उपन्यास बनाउने प्रयास गरेको पाइन्छ । यसै गरी वाक्य गठनका दृष्टिले गुम्फित र सरलशैली गरी २ भागमा विभाजन गर्न सकिन्छ ।

## २.४.५ दृष्टिविन्दु

आधुनिक आख्यानमा दृष्टिविन्दु यस्तो औपन्यासिक तत्त्व हो, जसका माध्यमबाट उपन्यासकारले आफ्नो धारणा वा अनुभूति पाठकवर्गसमक्ष पुऱ्याउँछ । कथावस्तुलाई पाठक वर्गका निम्ति संवेद्य एवं सम्प्रेषणीय बनाउने भूमिका पनि औपन्यासिक दृष्टिविन्दुले नै खेलेको हुन्छ । उपन्यासमा कुन पात्रलाई मुख्य केन्द्र बनाएर कथा भनिएको छ र त्यस पात्रको उपन्यासकारसँग कस्तो सम्बन्ध कायम रहेको छ भन्ने प्रश्नमा दृष्टिविन्दु केन्द्रित रहेको हुन्छ ।

दृष्टिविन्दु पात्र कहिले 'म' का रूपमा रहेको हुन्छ भने कहिले त्यो अर्थात् तृतीय पुरुषका रूपमा रहेको हुन्छ । दृष्टिविन्दु केवल म र त्यो को शाब्दिक अर्थमा मात्र सीमित छैन, परन्तु पात्रको मनको अनुभूति, भाव, संवेग आदि चिन्तनलाई प्रकट गर्ने आन्तरिक प्रक्रियासँग नै मूलतः यो सम्बद्ध छ । उपन्यासमा जीवनप्रतिको दृष्टि विश्लेषणात्मक विधि र नाटकीय विधि गरी दुई रूपमा अभिव्यक्त भएको हुन्छ (थापा, २०६६ : १५३) । दृष्टिविन्दुले उपन्यासको उत्कृष्टताको मापन पनि गर्दछ । दृष्टिविन्दु दुई प्रकारका हुन्छन् - आन्तरिक र बाह्य । आन्तरिक दृष्टिविन्दु पनि केन्द्रीय र परिधीय गरी दुई प्रकारका हुन्छन् । बाह्य दृष्टिविन्दुचाँहि सीमित, सर्वदर्शी र वस्तुपरक गरी तीन प्रकारका हुन्छन् (श्रेष्ठ, २०६० : ११) । दृष्टिविन्दु पात्र प्रथम पुरुषको रूपमा रहँदा आन्तरिक दृष्टिविन्दु हुन्छ भने दृष्टिविन्दु पात्र तृतीय पुरुषका रूपमा रहँदा बाह्य दृष्टिविन्दु हुन्छ ।

## २.४.६ उद्देश्य

कुनै पनि कार्य गर्नुको पछाडि कुनै न कुनै उद्देश्य रहेकै हुन्छ । उद्देश्यविनाको कार्यले न वाञ्छित सफलता हासिल गर्दछ न त्यो प्रभावकारी नै हुन्छ । अन्य कार्यजस्तै साहित्य सिर्जनाको पछाडि पनि आफ्नै विशिष्ट उद्देश्य रहेको हुन्छ । समाजको यथास्थिति चित्रण गर्नु, लुकेर रहेका भावना तथा विचारलाई प्रस्तुत गर्नु, नकारात्मक प्रवृत्ति र घटनाहरूलाई उद्घाटन गर्नु, मनोरञ्जन प्रदान गर्नु र लेखकीय विचारलाई सिर्जनामार्फत् प्रकट गराउनुलगायतका विभिन्न उद्देश्यले साहित्य सिर्जना गरिन्छ । यसरी आफ्नो उद्देश्य प्रकट गराउँदा लेखकले धेरै कुरामा ध्यान पुऱ्याउनु जरुरी हुन्छ । पात्र अनुकूलका अभिव्यक्तिमार्फत् आफ्नो विचार प्रकट गराउँदा पाठकलाई साहित्यिक नीरसताको अनुभव गर्नुपर्दैन तर नियोजित रूपमा उद्देश्य वा विचारको प्रतिपादन गराउनाले साहित्य निस्तेज र निष्प्राण बन्न सक्छ । पूर्वाग्रही र दुराग्रही ढङ्गले कसैको बदनामी गराउनु तथा कुनै व्यक्ति वा संगठनको अस्वाभाविक यशोगान गाउनु कलाका दृष्टिले उपयुक्त मानिँदैन । लेखकले आफ्नो उद्देश्य तथा विचारलाई प्रकट गराउँदा सकेसम्म पारदर्शिता र निष्पक्षतालाई अवलम्बन गर्नुपर्दछ । साथै अप्रत्यक्ष शैलीबाट उद्देश्य प्रकट गराउनु पर्दछ । उद्देश्य छनोट गर्दा सामाजिक सुधारक, मनोरञ्जन प्रदायक र शान्तिकामी उद्देश्यलाई लिँदा औपन्यासिक प्रभावले व्यापकता लिन सक्दछ । उपन्यासमा समग्र जीवनदर्शन, सन्देश,

सुखद वा दुःखद अनुभव पाठकका सामु पुऱ्याइन्छ । यस्तो जीवनदर्शन बाह्य रूपमा नभई रचनाको आन्तरिक रूपमा प्रकट हुनु राम्रो हुन्छ ।

उद्देश्य उपन्यासको महत्त्वपूर्ण तत्त्व हो । यसलाई विचार, सारतत्त्व वा जीवनदर्शन पनि भनिन्छ । विना कुनै उद्देश्य कुनै पनि साहित्यको रचना हुँदैन । त्यसैले उपन्यासमा पनि प्रत्यक्ष वा परोक्ष कुनै न कुनै रूपमा उद्देश्य प्रस्तुत भएको हुन्छ । उपन्यासलाई विचारतत्त्वका रूपमा स्वीकार गरिएको पाइन्छ । उपन्यासकारले कृतिका माध्यमबाट आफूले दिन खोजेको सन्देश वा विचारलाई नै उद्देश्य भनिन्छ । उद्देश्य उपन्यासकारको समाज र इतिहासप्रतिको आफ्नो दृष्टिकोण र धारणाको कलात्मक प्रस्तुति हो (बराल, २०५६ : ३७) । उपन्यासमा खासगरी सामाजिक समस्या र वैयक्तिक जीवनका विभिन्न पक्षको विस्तृत अध्ययन गरिने भएकाले त्यसमा चित्रित जीवन र समस्याहरू यथातथ्य वर्णनमात्र नभएर तिनीहरूले जीवनप्रति उपन्यासकारको कुनै विशिष्ट दृष्टिकोणलाई नै प्रकट गरिरहेका हुन्छन् (प्रधान, २०४३ : १३) । त्यसैले उपन्यासमा जीवनकै अभिव्यक्ति हुन्छ । यसै पृष्ठभूमिमा जीवन र साहित्यलाई अलग गर्न सकिँदैन । उपन्यासकार समाजमा घटेका घटनाहरूको प्रत्यक्ष द्रष्टा र भोक्ता पनि हो । सामाजिक समस्या र व्यक्तिगत जीवनमा घटेका घटनाहरूको व्यापक रूपमा अध्ययन विश्लेषण कलात्मक ढङ्गले प्रस्तुत गर्नु नै उपन्यासको उद्देश्य हुन्छ ।

जतिसुकै राम्रोसँग वर्णन गरे पनि समाजलाई परिचालित गर्ने दर्शन त्यस कृतिभित्र भेटिदैन भने त्यो व्यक्ति सफल र उत्तम ठान्न सकिन्न । उपन्यासमा उपन्यासकारले पात्रलाई माध्यम बनाएर आफ्ना विचार र सिद्धान्त प्रस्तुत गरे पनि उपन्यासभित्र बेला बेलामा स्वयं प्रकट भएर जीवन सम्बन्धी सम्पूर्ण व्याख्या गर्दछ । उपन्यासमा जीवनप्रतिको दृष्टि विश्लेषणात्मक विधि र नाटकीय विधिगरी दुई रूपमा अभिव्यक्त भएको हुन्छ (थापा, २०६६ : १५३) । विश्लेषणात्मक विधामा कथा, घटना पात्रहरूका बारेमा विश्लेषण गरिएको हुन्छ । यसलाई प्रत्यक्ष विधि पनि भनिन्छ । नाटकीय विधिका उपन्यासकार जीवनप्रति प्रत्यक्ष रूपमा आफैले टीका टिप्पणी नगरी उपन्यासमा प्रयोग भएको संवाद, घटना, परिवेश र औपन्यासिक परिणामका आधारमा व्यक्त भएको हुन्छ ।

उपन्यास आ-आफ्नो जीवन दर्शनको अभिव्यक्ति दिने माध्यम पनि हो । हुन त पहिलेका कृतिले पनि उद्देश्य नलिएका होइनन् तर पनि ती कृति र अहिलेका औपन्यासिक कृतिले लिने

उद्देश्यमा फरक छ र हुनु पनि पर्दछ । पहिलेका कृतिमा सत्यको विजय र असत्यको पराजय, धार्मिक र नैतिक उपदेश प्रत्यक्ष विधिद्वारा पाइन्थ्यो । यसका साथसाथै काल्पनिक वा असत्य विषयवस्तु भए पनि आनन्द र मनोविनोद गराउने उद्देश्य राख्दथे तर आधुनिक उपन्यासकारहरूले समाज सुधारको सन्देश दिनु, विकृति र विसङ्गतिको चिरफार गर्नु राजनीतिक, सांस्कृतिक, आर्थिक चेतनाको प्रचारप्रसार आदि उपन्यास लेखनको उद्देश्य हुन्छ ।

उपन्यासलाई विभिन्न प्रकारमा बर्गीकरण गर्न सकिन्छ । उपन्यासलाई बर्गीकरण गर्ने मुख्य तया तीन आधारहरु रहेका छन् ।

(क) विषयवस्तुः केकस्ता विषयवस्तु उपन्यासमा प्रस्तुत गर्न सकिन्छ भन्ने आधार विषयवस्तुले समेट्दछ ।

(ख) शिल्पः शिल्प भनेको प्रस्तुतीकरणको ढाँचा हो । उपन्यासमा प्रस्तुतीकरण गर्ने ढाँचा फरक फरक हुनाले शिल्पका आधारमा पनि उपन्यासको वर्गीकरण गर्न सकिन्छ ।

(ग) दृष्टिबिन्दुः कुनै पनि कुरा भन्दा कसको तर्फबाट भनिएको छ भन्ने कुरालाई नै दृष्टबिन्दु भनिन्छ । यसका आधारमा पनि उपन्यासको विभाजन गर्न सकिन्छ ।

## २.५ निष्कर्ष

साहित्य जगत्मा उपन्यास एक नवीन र महत्त्वपूर्ण साहित्यिक विधा हो । उपन्यास साहित्यका अन्य स्वरूपहरूमध्ये केही नयाँ तर प्रख्यात विधा मानिन्छ । साहित्य लेखनको इतिहासमा महाकाव्य लेखनबाट विकास भएको उपन्यासलाई गद्य महाकाव्य पनि भनिन्छ । कथा र उपन्यासमा समान तत्त्वहरू भए पनि उपन्यास आकारमा कथा भन्दा निकै लामो हुन्छ । उपन्यास समाजको नजिक भएर लेखिएका हुन्छन् । यसले समाजको यर्थाथपना तथा यसका विभिन्न घटनाक्रमलाई एउटै कथामा उनेको हुन्छ ।

साहित्यका विभिन्न विधाहरूका आ-आफ्नै केही समान तथा फरक खालका तत्त्वहरू हुन्छन् । उपन्यास विधाका पनि कथा, पात्र, परिवेश, भाषाशैली, उद्देश्य, आदि तत्त्वहरू हुन्छन् । उपन्यास हुनलाई सर्वप्रथम कुनै कथानकको आवश्यकता पर्दछ । कथानकमा एक मुख्य कथा र अन्य उपकथाहरू हुन्छन् । तर ती कथा तथा उपकथाहरू एक आपसमा जोडिएका हुन्छन् । कुनै

कथालाई चलायमान बनाउन तथा त्यसलाई मूर्तता दिन पात्रहरूको जरुरी पर्दछ । पात्रहरू आफ्ना भूमिका अनुसार मुख्य र सहायक हुन्छन् । उपन्यासका घटनाहरू कुनै परिवेश र वातावरणमा घटेका हुन्छन् जसलाई परिवेश भनिन्छ । परिवेशलाई पनि स्थानीय परिवेश तथा कालिक परिवेश गरी विभाजन गर्न सकिन्छ । उपन्यासको अर्को महत्त्वपूर्ण तत्त्व भनेको भाषाशैली हो । भाषाद्वारा उपन्यासले आफ्नो मूर्त शैली प्राप्त गर्दछ । सबै साहित्य विधा भाषिक कलाबाट निर्माण भएका हुन्छन् । सरल र स्वभाविक भाषाको प्रयोगले उपन्यासलाई सफल तथा प्रभावकारी बनाउन सहयोग गर्दछ । यस प्रकार उपन्यास पनि साहित्यका अन्य विधाजस्तै निश्चित सैद्धान्तिक आधारमा सृजना गरिएको हुन्छ, त्यही सैद्धान्तिक आधारले मात्र उपन्यासलाई अन्य विधाबाट फरक देखाउँछ ।

परिच्छेद : तीन

# नेपाली उपन्यास परम्परा र उपन्यासकार रामेश कोइराला

## ३.१ परिचय

प्रस्तुत परिच्छेदमा नेपाली उपन्यास परम्परा र उपन्यासकार रामेश कोइरालाको बारेमा चर्चा गरिएको छ । नेपाली उपन्यास परम्पराअर्न्तगत नेपाली उपन्यासको प्राथमिक काल, माध्यमिक काल र आधुनिककाल गरी विभिन्न उपशीर्षक राखेर अध्ययन गरिएको छ। आधुनिक कालअर्न्तगत विभिन्न धाराहरूको चर्चा गरिएको छ। यसपछि उपन्यासकार रामेश कोइरालाको जीवनी र व्यक्तित्व प्रस्तुत गर्दै उनको कृतित्वको अध्ययन गरिएको छ र अन्त्यमा परिच्छेदको निष्कर्ष दिइएको छ।

## ३.२ नेपाली उपन्यास परम्परा

नेपाली साहित्यमा आख्यानको प्रारम्भ वि.सं. १८२७ देखि भएको मानिन्छ। शक्तिवल्लभ अर्यालद्वारा अनूदित 'महाभारत विराट्पर्व' नेपाली साहित्यमा पहिलो आख्यानात्मक स्वरूप लिएर देखा पर्छ यसै कृतिलाई नेपाली उपन्यासको प्रारम्भिक स्वरूप मान्ने गरेको पाइन्छ । यसै विन्दुदेखि हालसम्मको समयक्रमलाई केलाउँदा नेपाली उपन्यासको विकास क्रमका तीन काल खण्डमा विभाजन गरी अध्ययन गर्नु उपयुक्त हुन्छ।

प्राथमिक काल (वि.सं. १८२७-१९४५)

माध्यमिक काल (वि.सं. १९४६-१९९०)

आधुनिक काल (वि.सं. १९९१-देखि हालसम्म)

### ३.२.१ प्राथमिक काल (वि.सं. १८२७-१९४५)

नेपाली उपन्यासको प्राथमिक कालको थालनी शक्तिवल्लभ अर्ज्यालको 'महाभारत विराट्पर्व' (वि.सं. १८२७) देखि भएको हो र यसको विस्तार हरिकृष्णद्वारा रचित तथा शिवदत्त

शर्माद्वारा अनूदित 'वीरसिक्का' को अनुमानित प्रकाशन समयपूर्व (१९४५) सम्म भएको मानिन्छ (लुइटेल, २०६९ : ७३) । नेपाली साहित्यको प्राथमिक कालीन समयवधिमा देखा परेका पृथ्वीनारायण शाहको 'दिव्योपदेश' (१८३१), शक्तिवल्लभ अर्ज्यालकै 'हास्यकदम्ब' (१८५५), भानुदतको 'हितोपदेश मित्रलाभ' (१८३३), उदयानन्द अर्ज्यालको 'दशकुमारचरित' (१८९३), 'स्वस्थानी व्रतकथा' (१८६८), सुन्दरानन्द बाँडाको 'अध्यात्म रामायण' (१८९०), 'त्रिरत्न सौन्दर्यगाथा' (१८९०), भवानीदत्त पाँडेको 'मुद्राराक्षस' (१८९२), भवानीदत्तकै 'हितोपदेश मित्रलाभ' (१८९२), 'महाभारत उद्योगपर्व', 'विराट्पर्व र शान्तिपर्व' (१८९२ पूर्व) जस्ता कृतिहरू अनुवाद गरिएका छन् । बृहत् आयाममा तयार पारिएको यस्ता कृति प्राथमिक कालीन गद्याख्यानका महत्त्वपूर्ण तथा उल्लेख्य कृति मानिएका छन् । सत्य, न्याय, धर्म, नीति, उपदेश आदिको पक्षधरता प्रस्तुत गर्ने उद्देश्यबाट अभिप्रेरित कृति नेपाली उपन्यासको पृष्ठभूमि निर्माण गर्ने गद्याख्यानको रूपमा रहेको देखिन्छ (लुइटेल, २०६९ : ८१-८२ ) । 'पिनासको विनाश' (१८७२), 'मधुमालतीको कथा' (१९१० पूर्व), ललितानन्द गुभाजुको 'बत्तीसपुतली कथा' (१९२८ तिर), 'लालहीराको कथा' (१९१७) गङ्गाप्रसाद प्रधानको 'नेपाली बाइबल' (१९४०), देवराज शर्माको 'स्वस्थानी व्रतकथा' (१९४२), हरिहर शर्माको 'भगवत्भक्ति विलासिनी' (१९४५) आदि रचनाहरू रहेका छन् । यस समयलाई हेर्दा नेपाली उपन्यासको प्राथमिक काल लेखनभन्दा बढी अनुवाद रूपान्तरणमै केन्द्रित रहेको देखिन्छ (लुइटेल, २०६९ : ८४) । प्राथमिक कालीन अधिकांश रचनाहरू साहित्यको कलात्मक सिर्जनाका निमित्त नभएर उपदेश प्रदान गर्ने, नैतिकताको विस्तार गर्ने, शिक्षा विस्तार गर्ने, चेतनाको सञ्चार गर्नेजस्ता अनेकौं पक्षहरूको प्रस्तुतिका निमित्त मात्र सिर्जना गर्ने गरेको पाइन्छ (सुवेदी, २०६४ : ३७) ।

यिनै रचनाद्वारा उपन्यासको उत्थान र विकासमा अविस्मरणीय योगदान रहेको पाइन्छ । आधुनिक उपन्यासको प्रारम्भिक स्वरूप पहिल्याउँदा यी गद्याख्यानहरूलाई औपन्यासिक बीजका रूपमा लिन सकिन्छ । यसरी वि.सं.१८२७ देखि १९४५ सम्मको समयवधि गद्य साहित्यको जग बसाल्ने प्रारम्भिक प्रयासको रूपमा देखापर्छ । यसभन्दा पूर्वको समयवधिलाई नेपाली उपन्यास लेख्ने पूर्वाधारको आधार काल भन्नुपर्छ । मुख्य गरी धार्मिक नैतिक, उपदेश प्रदान गर्ने उद्देश्यले प्रभावित भएर प्राथमिककालीन रचनाहरू नेपाली उपन्यास विधाको विकासमा सहायक बनेको पाइन्छ ।

## ३.२.२ माध्यमिक काल (वि.सं.१९४६-१९९० सम्म)

नेपाली उपन्यासमा माध्यमिक कालको प्रारम्भ सदाशिव शर्माको 'वीरसिक्का' वि.सं. (१९४६) बाट भएको मानिन्छ । 'वीरसिक्का'पछि यस कालमा हरिहर शर्माको 'शुकबहत्तरी' (१९५०), अज्ञात लेखकको 'लालहीराको कथा' (१९५०), 'मधुमालतीको कथा', नरदेव पाण्डेको 'बीरबल चातुरी' (१९५६), शम्भुप्रसाद ढुङ्ग्यालको 'हातिमताई ' (१९८१), 'अबोला मैयाको कथा' (१९८२), 'तोतामैनाको कथा' (१९८४), पद्‌मप्रसादको 'अचम्मको बच्चाको कथा' (१९८५) आदि (बराल र एटम, २०६६ : ७४) गिरीशवल्लभ जोशीद्वारा लिखित 'वीरचरित' वि.सं. (१९५६) नै नेपाली उपन्यासको माध्यमिक कालका मौलिक र प्रथम रचना मानिन्छ । यसको लेखन ( १९५६) मा भएपनि प्रकाशन (१९६०) मा भएको देखिन्छ । वीरचरित्रका चारै भागको प्रकाशनचाहिँ (२०२२) सालमा भएको हो । गिरीशवल्लभ जोशीका अन्य उपन्यासहरूमा 'बहादुर चरित' (१९५७), 'प्रारब्धदर्पण' (१९६३) गोरखापत्रको प्रकाशनले पनि उपन्यासको विकासमा सहयोग पुऱ्याएको छ । 'सुन्दरी पत्रिका', 'मधुवाला' (१९६३), पहलमानसिंह स्वाँरको 'एकलाख रूपैयाको चोरी' (१९७४) तथा दार्जिलिङबाट प्रकाशित प्रतिमानसिंह लामाको 'महाकाल जासुस' (१९७५) पनि माध्यमिक कालीन उपन्यासका उपलब्धि हुन् (बराल र एटम, २०६६ : ७६) ।

त्यस्तै रतनसिंह गुरुङको 'औट्रपोस्टको कथा' (१९७१), 'अमरसिंह थापा' कथा (१९७३), रुद्रराज पाण्डेको 'नीतिकथा समुच्चय' (१९९०) साधुराम देवकोटाको सम्पादनमा प्रकाशन आरम्भ भएको 'गोरखापत्र' (१९५८) रसिक समूहको सम्पादनमा प्रकाशित 'सुन्दरी' (१९७३), सूर्यविक्रम ज्ञावलीको सम्पादनमा प्रकाशित 'गोर्खाली' (१९७२), रूपनारायणसिंहका सम्पादनमा प्रकाशित 'चन्द्रिका' (१९७४), सूर्यविक्रम ज्ञावलीको सम्पादनमा प्रकाशित 'जन्मभूमि' (१९७९), 'गोर्खासंसार' (१९८३) लगायतका पत्रपत्रिकाहरूले उपन्यासको विकास प्रक्रियामा महत्त्वपूर्ण योगदान दिएका छन् (सुवेदी, २०६४ : ४७) । माध्यमिक कालका उपन्यासहरू हेर्दा समाजमा नैतिक शिक्षा दिने, सामाजिक सुधार तथा मनोरञ्जन दिने उद्देश्यले लेखिएको पाइन्छ । संस्कृत, प्राकृत, अरबी, फारसी, उर्दू, बङ्गाली, हिन्दी अङग्रेजीबाट नेपालीमा अनुवाद गरिएका छन् । अद्‌भूत कथानक र जादुगरीको चरित्र विन्यासहरू, तिलस्मी घटनाका तारतम्यहरू, धार्मिक पौराणिक आख्यानहरू, नीति र औपदेशिक परम्पराका मूल्य माध्यमिक कालका आख्यानका प्राप्ति हुन् (सुवेदी, २०६४ : ४६) । नेपाली उपन्यासको माध्यमिक कालीन समयवधिमा देखा

परेका अन्य औपन्यासिक संरचनायुक्त आख्यानहरूमा चिरञ्जीवी पौड्यालको 'प्रेमसागार' (१९४७), नरदेव पाण्डेको 'नलोपाख्यान' (१९५६), तीर्थप्रसाद आचार्यको 'वेदान्तसार' नयाँ उपन्यास (१९६०), द्वारिकानाथ उपाध्यायको 'यमपञ्चक प्रपञ्चक' (१९६३), रामप्रसाद सत्यालको 'मधुवाला' (१९६४), गम्भीरध्वज शाहको 'चन्द्रशेखर' (१९७२), वेदनाथ आचार्यको 'दयाकी भावी' (१९७९), नित्यानन्द शर्माको 'पतिव्रताधर्म अद्भूत चमत्कार' (१९९०) आदि विभिन्न स्रोतमा आधारित माध्यमिक कालीन नेपाली गद्याख्यानात्मक कृतिहरू विविध विषयवस्तु वा प्रवृत्तिहरूलाई अँगाल्दै रचना गरिएका छन् । यस समयमा शृङ्गारिक मनोरञ्जनात्मक, रहस्य-रोमान्समूलक, धार्मिक पौराणिक, नैतिक, औपदेशिक, सामाजिक, ऐतिहासिक कृतिहरूले माध्यमिक कालीन समयलाई अघि बढाउन निकै महत्त्वपूर्ण भूमिका खेलेका छन् (लुइटेल, २०६९ : १०८) ।

यसरी नेपाली उपन्यासको माध्यमिक कालमा विभिन्न विषयवस्तु तथा प्रवृत्तिको प्रयोग गरी नैतिकता, औपदेशिकता रोमान्समूलक, जासुसी तिलस्मीजस्ता प्रवृत्तिको विकास गरी औपन्यासिक रचना गरिएता पनि औपन्यासिक संरचनामा शिथिलता, पात्रचयनमा आद्भूतिकता र घटना गुम्फनमा अस्वभाविकता देखिन्छ । यति हुँदा-हुँदै पनि प्राथमिक तथा माध्यमिक कालीन नेपाली गद्यख्यान परम्परालाई आधुनिक नेपाली उपन्यासको पृष्ठभूमिका रूपमा लिन सकिन्छ र यसले आधुनिक कालको उपन्यास लेखनमा महत्त्वपूर्ण भूमिका खेल्न सफल भएको छ । यी प्राथमिक र माध्यमिक कालीन रचनाको प्राप्ति स्वरूप नै रुद्रराज पाण्डेको 'रूपमती' (१९९१) आधुनिक नेपाली उपन्यास हो भन्न सकिन्छ ।

### ३.२.३ आधुनिक काल (वि.सं.१९९१ देखि हालसम्म)

नेपाली उपन्यासको प्राथमिक र माध्यामिक कालीन गद्यख्यानमूलक रचनाबाट निर्मित पृष्ठभूमिमा नेपाली उपन्यासले वास्तविक स्वरूप प्राप्त गरी उपन्यासलाई एउटा छुट्टै गद्यविधाका रूपमा प्रतिष्ठापित गराउने काम आधुनिक कालमा मात्र भएको देखिन्छ । प्राथमिक कालीन रचनाहरू उपन्यास नभएर आख्यानात्मक स्वरूप मात्र भएको र ती पनि मौलिक नभएर अनूदित भएकाले तिनलाई नेपाली उपन्यासको पृष्ठभूमिका रूपमा मात्र लिन सकिन्छ । माध्यमिक कालीन केही रचनाहरू औपन्यासिक ढाँचाका रहे पनि ती संरचना र आयामका

दृष्टिले उपन्यासका निकट रहेको पाइँदैन । यसरी हेर्दा नेपाली उपन्यासको प्राथमिक र माध्यमिक कालले नेपाली उपन्यासको जग निर्माण गर्ने पृष्ठभूमिको काम मात्र गरेको देखिन्छ । उपन्यासका आवश्यक संरचनात्मक तत्त्वहरूको सन्तुलित प्रयोग गरिएको औपन्यासिक कृतिहरू आधुनिक कालदेखि लेखिन थालेकाले नेपाली उपन्यासको इतिहासमा स्तरीय उपन्यास लेखन आधुनिक कालदेखि भएको पाइन्छ । नेपाली साहित्यको इतिहासमा उपन्यास विधाको आधुनिक कालको प्रारम्भ गराउने कार्य रुद्रराज पाण्डेको 'रूपमती' वि.सं. (१९९१) लाई मानिएको छ । रुद्रराज पाण्डे आधुनिक नेपाली उपन्यासका प्रथम उपन्यासकार हुन् । उनले नेपाली उपन्यासको इतिहासमा आधुनिक कालको जग बसाउन उल्लेखनीय योगदान गरेको देखिन्छ । उनले सामाजिक, मौलिक र नवीन विषयको प्रस्तुति गरेका छन् ।

आधुनिक कालको सुरुवातदेखि आजसम्म आइपुग्दा नेपाली उपन्यासमा विभिन्न समयमा नयाँ प्रवृत्ति र धाराहरू पार गर्दै अगाडि बढेको छ । आधुनिक कालको थालनीमा देखा पर्ने नेपाली उपन्यासमा बाह्य यथार्थको चित्रण गर्ने प्रवृत्ति र कथानकप्रधान लेखनको प्रबलता देखिन्छ (बराल र एटम, २०६६ : ८३) । रुद्रराज पाण्डेको 'रूपमती' (१९९१) उपन्यासबाट नेपाली उपन्यास परम्परामा आधुनिकताको सूत्रपात हुन्छ । यो नेपाली सामाजिक आदर्शवादी उपन्यास हो । रूपमतीमा सर्वप्रथम सामाजिक यथार्थवाद पाइनु नै आधुनिकताको लक्षण हो । ग्रामीण सामाजिक जीवनको यथार्थ चित्रण, मनुष्यको चारित्रिक अध्ययन शैली, बोलचालको भाषा, मानवीय रागात्मकता, प्रतिष्ठापित गरेर आधुनिक ढाँचाको सामाजिक उपन्यासका रूपमा रूपमतीको मूल्य चिन्हाङ्कित हुन्छ (प्रधान, २०४३ : ५२) रुद्रराज पाण्डेले आधुनिक नेपाली उपन्यासमा नवीन प्रवृत्ति र धाराको सूत्रपात गरेका छन् भने नेपाली उपन्यासलाई ठोस धरातल प्रदान गरेर मौलिक र सामाजिक दृष्टिकोणले नयाँ ढाँचा र मोड प्रदान गरेका छन् यिनले घटनाप्रधान तथा चरित्रप्रधान उपन्यास लेखेर पाठकलाई आकर्षित गर्ने र उपन्यासलाई लोकप्रिय तुल्याउने महत्त्वपूर्ण कार्य गरेका छन् । यसरी रूपमती उपन्यासबाट थालिएको नेपाली उपन्यासको आधुनिक कालले अहिलेसम्म आइपुग्दा विभिन्न मोड र घुम्तीहरू पार गरिसकेको छ ।

आधुनिक नेपाली उपन्यासको विकास क्रममा विदेशी भूमिमा बसेर पनि नेपाली संस्कृति, भाषा, जीवनपद्धति आदिको प्रस्तुति गरेर साहित्य सिर्जना भएको पाइन्छ । यस्ता

उपन्यासले दुई स्थान र संस्कृतिका भिन्नता पहिल्याउँदै नयाँ स्थानमा व्यक्तिको अनुकूल समस्याको चित्रण गरेर आफ्नो जातीय, वर्गीय, क्षेत्रीय, जरोको अन्वेषण गर्नमा रुचि राख्छ (बराल र एटम, २०६६ : ८६) । यस प्रकारका नेपाली उपन्यासमा देखापरेका होमनाथ सुवेदीको 'घौराली' (२०५१), 'अङकुर' (२०५३), 'यमपुरीको महल' (२०६४) आदि रहेका छन् । यस समयमा बेलायती गोर्खा सैनिकहरू गणेश राई, दलबहादुर पुन, मूलीवीर राई, रामकृष्ण बान्तवा, काङमाङ नरेश राई आदिले अनुभूतिजन्य युद्ध लगायत डायस्पोरिक चेतनायुक्त औपन्यासिक कृतिहरू लेखेका छन् । त्यसै गरी वर्तमान समयका अन्य उल्लेखनीय उपन्यासकार र उपन्यासहरूमा जे.बी.अधिकारीको 'प्रेमको अनुभूति' (२०६७), बुद्धिसागरको 'कर्णाली ब्लुज' (२०६७), अनुपम रोशीको 'कुमारी आमा' (२०६८), ऋषिराज ढकालको 'दोस्रो जन्म' (२०६८), (लुइटेल, २०६९ : ३२४) । काङमाङ नरेश राईको 'युद्ध बोकेको सिताङ' (२०६८), अमर न्यौपानेको 'सेतो धरती' (२०६८), राजन मुकारुङको 'दमिनी भीर' (२०६९) आदि अहिलेसम्मका उल्लेखनीय उपन्यासहरू रहेका छन् ।

आधुनिक नेपाली उपन्यासको विकास क्रममा विभिन्न समय पार गर्दै आउँदा नेपाली उपन्यासको आधुनिक काल निकै उर्वर र उपलब्धिपूर्ण रहेको देखिन्छ । यस युगीन सामाजिक, राजनैतिक, प्रशासनिक, शैक्षिक आदि विभिन्न क्षेत्रमा व्याप्त अन्याय, अत्याचार, भष्टचार, अनैतिकता, विकृति, विसङ्गति, अमानवीय व्यवहार, अवसरवादी प्रवृत्ति आदिको आलोचना गरी आलोचनात्मक यथार्थवादी, समाजवादी यथार्थवादी तथा नारीवादी प्रवृत्तिका थुप्रै उपन्यासहरू लेखिएका छन् । यसरी आधुनिक नेपाली उपन्यासको विकास भएर आजसम्म आइपुग्दा समाजका विकृत्ति विसङ्गतिलाई नियाल्दै त्यसको यथार्थ चित्रण गर्न सफल भएका छन् भने अर्कातिर तिनबाट मुक्तिका लागि प्रेरणा तथा मार्गदर्शन प्रदान गर्ने मुख्य उद्देश्य रहेको देखिन्छ ।

आधुनिक नेपाली उपन्यासको प्रारम्भ रुद्रराज पाण्डेको 'रूपमती' (१९९१) देखि भएको मानिन्छ । यसरी 'रूपमती' दखि सुरु भएको नेपाली उपन्यासको आधुनिक काल विभिन्न समयमा विविध प्रवृत्तिलाई आत्मसात गर्दै आजको अवस्थासम्म आइपुगेको छ । आधुनिक कालमा विभिन्न धाराहरू देखा परेका छन् । तिनै धाराहरूका आधारमा आधुनिक नेपाली उपन्यासको अध्ययन गर्न सकिन्छ :

### (क) आदर्शोन्मुख यथार्थवादी धारा

नेपाली साहित्यको इतिहासमा आधुनिक नेपाली उपन्यासको प्रारम्भ नै आदर्शोन्मुख यथार्थवादी उपन्यास 'रूपमती' बाट भएको मानिन्छ । मानव समाज र यथार्थको परिवेशलाई आधार बनाएर लेखिएको उपन्यास आदर्शको केन्द्रीय निष्कर्षमा टुङ्गिन्छ त्यो आदर्शोन्मुख यथार्थवादी हुन्छ । आदर्शको प्रयोग कुप्रवृत्तिको हार र सत्यको जित एवं परोपकारीको उन्नति र दुष्टको दुर्गति देखाउने क्रममा हुन्छ । रुद्रराज पाण्डेलगायत यस धाराका अन्य उपन्यासकारहरूले मानिसमा हुने रिस, अहंकार, क्रोधजस्ता खराब प्रवृत्तिका अलवा दया, माया, प्रेम, मानवताजस्ता विषयहरूलाई समेत आत्मसात गरेर उपन्यास लेखेका छन् । उनीहरूले समाजमा हुने गरेका विकृति र विसङ्गति तथा नारी र निम्नवर्गीय व्यक्तिहरूमाथि हुने शोषण, दमन, अन्याय र अत्याचारजस्ता कुरालाई जस्ताको तस्तै उतार्ने प्रयास गरेका छन् । नेपालीमा आदर्श र मर्यादाका पाठहरू पढाउने उद्देश्य राखी यथार्थवादी चित्रणको पद्धति अँगालेर निकै उपन्यासहरू लेखिएका छन् । रुद्रराज पाण्डेको 'रूपमती' (१९९१), 'चप्पाकाजी' (१९९३), 'प्रायश्चित' (१९९५), 'प्रेम' (२००५), काशीबहादुर श्रेष्ठको 'उषा' (१९९५), र 'वचन' (२००१), टुकराज पद्मराज मिश्रको 'रजबन्धकी' (१९९६), शोभाचन्द्र उपाध्यायको 'पाटलीपुत्र' (२००३), सुरेन्द्रबहादुर शाहको 'पारिजात' (२००३), मोहनबहादुर मल्लको 'समयको हुरी' (२०१५) आदि आदर्शोन्मुख यथार्थवादी नेपाली उपन्यास हुन् ।

यसैगरी २०११ सालपछि प्रगतिशील उपन्यास लेखन, २०१६ देखि मनोविश्लेषणवादी उपन्यासका साथै त्यसपछि पनि अन्य विविध खालका उपन्यासहरू प्रकाशन हुन थालेको समयमा पनि यस धाराका उपन्यासहरूले गतिशीलता पाउँदै आएका छन् । जस्तै हरिहर शास्त्रीका 'दुर्दशा' (२०२२) र 'अवनति' (२०२२), तोयनिधि पौडेलका 'समर्पण र प्राप्ति' (२०२४) र 'एक र अनेक' (२०२४), समीरण प्रियदर्शीको 'बलिवेदी' (२०२७), र 'पोखिएको जिन्दगी' (२०२८), भीमनिधि तिवारीको 'इन्साफ' (२०२७), भवानी भिक्षुको 'आगत' (२०३२), 'पाइप न.२' (२०२४), र 'सुन्तली' (२०४०), विनोदप्रसाद धितालको 'योजनगन्धा' (२०५२), बखतबहादुर थापाको 'परदेश' (२०५८) 'कुहिरो र काग' (२०६१), रुकु कार्कीको 'जीवनज्योति' (२०६४) आदि रहेका छन् ।

निष्कर्षमा सत्यको विजय र असत्यको पराजय देखाई महान् आदर्श स्थापना गर्न खोज्नु सामाजिक परिवेश र घटनाको वास्तविकतामा आधारित रहेर सरल र बोलीचालीको भाषाबाट सुधारवादी धारणा व्यक्त गर्नु यस धाराको प्रमुख उद्देश्य रहेको देखिन्छ ।

**(ख) स्वच्छन्दतावादी धारा**

परम्परागत शास्त्रीय नियम तथा समाजका रुढी ग्रस्त पर्खालहरू भत्काउनका लागि स्थापना भएको वाद नै स्वच्छन्दतावाद मानिएको छ । बेलायतमा सन् १७९८ मा कलरिज र वर्डस्वर्थको कृति लिरिकल ब्यालेड्सको प्रकाशित भएपछि स्वच्छन्दतावादको प्रारम्भ भएको मानिएको छ भने नेपाली साहित्यको उपन्यास क्षेत्रमा उपन्यासकार रूपनारायण सिंहको 'भ्रमर' वि.सं. (१९९३) बाट स्वच्छन्दतावादी धाराको प्रारम्भ भएको हो । स्वच्छन्दतावादले शास्त्रीयताका विरुद्ध युद्ध लडेको छ । यसले रुढिवादी नैतिकता र एकाधिकारवादी सरकारको विरुद्धमा आवाज उठाएको छ (बराल र एटम, २०६६ : ९३) । यसको चाहना भनेको व्यक्तिगत स्वतन्त्रता नै हो । स्वच्छन्दतावाद भनेकै सुन्दरता र विचित्रताको सङ्गम भएकाले यसमा बाह्य यथार्थलाई भन्दा आन्तरिक र सूक्ष्म यथार्थलाई महत्त्व दिएको हुन्छ । बन्धनलाई तोडेर स्वतन्त्र जीवनको वकालत गर्नु तथा त्यसबाट मूक्ति प्राप्त गर्नु स्वच्छन्दतावाद हो । त्यसैले बन्धनको त्याग र स्वतन्त्रतको वरणमा नै स्वच्छन्दतावादीहरू रमाउँछन् । यस धाराका उपन्यासकारहरूमा प्रेम, सौन्दर्य, प्रकृति, वीरता, राष्ट्रियता र मानवता जस्ता कुराहरू अभिव्यक्त भएको पाइन्छ । स्वच्छन्दतावादमा रुढि होइन आफ्नै काल्पनिक आदर्श तथा मानवतावादको स्वरूप पाइन्छ जसले गर्दा त्यसमा रहने कार्य र चरित्रमाथि पाठकको सहानुभूति जागिरहेको हुन्छ ।

नेपाली साहित्यको स्वच्छन्दतावादी धाराका अन्य उपन्यासकार र उपन्यासहरूमा रूपनारायण सिंहकै 'बिजुली' (अर्पूण, २००६), मोहनबहादुर मल्लको 'उजेली छाया' (२००८), अच्छा राई 'रसिक' को 'लगन' (२०११), शिवकुमार राईको 'डाकबङ्ला' (२०१३), समीर प्रियदर्शीको 'पोखिएको जिन्दगी' (२०२८), हिरण्य भोजपुरेको 'छिटेन गोरी' (२०५४) होमराज आचार्यको 'निर्दोष कैदी' (२०५४), राजेन्द्र पौडेलको समाजले 'देखिन सहेको प्रेम' (२०५८), 'विछोडको चोट' (२०५९) र सपनाको 'राजकुमार' (२०६०), किसनसिंह धामीको 'कलेज

गर्ललाई इमेल’ (२०६३), आदि स्वच्छन्दातावादी धाराका उपन्यासहरू हन् । स्वच्छन्दतावादी धाराको उत्कृष्ट उपन्यास ‘भ्रमर’ मानिएको छ भने यसका प्रारम्भकर्ता रूपनारायण सिंह हुन् ।

निष्कर्षमा स्वच्छन्दतावादी उपन्यासले कल्पनामा बढी जोड दिएका हुन्छन् । पात्रहरू प्रकृतिमा रमाउँछन् भने समाजको परम्परागत रुढि र शास्त्रीय नियमलाई भत्काउन चाहन्छन् । यस्ता खाल्का उपन्यासमा भाषामा सहजता सरलता आलङ्कारिता, प्रभावकारिताजस्ता भावहरू पाइन्छ ।

**(ग) सामाजिक यथार्थवादी धारा**

सामाजिक यथार्थवादी उपन्यासले समकालीन घटना र परिस्थितिको चित्रणमा जोड दिएका हुन्छन् । जीवनका कारूणिक सत्य र तथ्य प्रस्तुत भएका हुन्छन् । समाजकै प्रति बिम्बहरू उतारिएका हुन्छन् । साहित्यकारले समाजको चित्रण गर्दा सामान्यः निम्न वर्गीय चरित्र, समाजको यथार्थतालाई नलुकाइकन जस्ताको तस्तै उतार्ने काम हुन्छ, भने स्थानीय बोलीचाली र रहनसहनको यथार्थ झाँकी प्रस्तुत गरेर पाठक वर्गमा कारूणिक भाव जगाउन सफल हुन्छ । नेपाली उपन्यासमा रुद्रराज पाण्डेको ‘रूपमती’ (१९९१) बाटै आंशिक रूपमा यथार्थवादको प्रारम्भ भएको पाइए तापनि सामाजिक यथार्थवादको मर्म बुझी रचना गरिएको उपन्यास लैनसिंह बाङ्देलको ‘मलुकबाहिर’ (२००४) नै हो (बराल र एटम, २०६६ : ९८) । यो नै बाङ्देलको सामाजिक यथार्थवादी धारामा अडिएर रचना भएका अन्य महत्त्वपूर्ण उपन्यासहरूमा लैनसिंह बाङ्देलकै ‘माइतघर’ (२००७), ‘लङ्गडाको साथी’ (२००८) र ‘रेम्ब्रान्ट’ (२०२३), लीलबहादुर क्षेत्रीको ‘बसाइँ’ (२०१४), ‘अतृप्त’ (२०२६) र ‘ब्रह्मपुत्रका छेउछाउ’ (२०४३), लीलाध्वज थापाको ‘मन’ (२०१५), दौलतविक्रम विष्टको ‘मञ्जरी’ (२०१६), शङ्कर कोइरालाको ‘खैरेनीघाट’ (२०१८), तुलसीराम कुवँरको ‘रने’ ( २०१८) र ‘उज्यालोतिर’ (२०३३), केशवराज पीडाालीको ‘बाँच्ने एउटा जिन्दगी’ (२०४३), भवानी भिक्षुको ‘आगत’ (२०३२), ध्रुवचन्द्र गौतमका ‘घामका पाइलाहरू’ (२०३५) र ‘यहाँदेखि त्यहाँसम्म’ २०४२), राजेश्वर देवकोटाको ‘आवर्तन’ (२०४१) आदि ।

नेपालीमा सामाजिक यथार्थवादी धारामा सबैभन्दा बढी उपन्यासहरू लेखिएका छन् । यस धारामा लेखिएका अन्य उपन्यासहरूमा गोविन्दराज भट्टराईको ‘मुगलान’ (२०३१) र

'मणिपुरको चिठी' (२०३४), चेतन कार्कीका 'हनीमुन' (२०२५), 'आत्म बेचेको छैन' (२०३३) र 'ढलेको गिलास' (२०४०), नगेन्द्रराज शर्माको 'महापुरुष' (२०३८), निर्मोही व्यासको 'एलबमका पानाहरू' (२०४३), परशु प्रधानको 'सबै बिर्सिएका अनुहारहरू' (२०२४), माधव भँडारीको 'पूर्णिमा', भीमनिधि तिवारीको 'इन्साफ' (२०२७), लक्ष्मीप्रसाद देवकोटाको 'चम्पा', विनोदप्रसाद धितालको 'उज्यालो हुनुअघि' (२०२८), मुरारीप्रसाद रेग्मीको 'जीवन क्यान्भासको वृत्तचित्र' (२०३४), ऋषिराज बरालको 'भावना' (२०३४), धुस्वा सायमीको 'अग्निगर्ल' (२०४२), 'खरानीको बस्ती' (२०४६) र 'दीपा' (२०४६), बलदेल बजगैयाँको 'नरमणि' (२०४८), 'कुहिरो' (२०५१) र 'चारु' (२०५४), सुस्मिता नेपालको 'एकान्त पनि रुन्छ' (२०५३), 'मेरा छातीका कोलाजहरू' (२०५५), सङ्गीता स्वेच्छाको 'पखालिएको सिउँदो', 'गोवर्द्धन पूजाको शून्यताको आँचलभित्र' (२०५४), अप्सरा लावतीको 'लोजिमा' (२०६२), श्रीधर पौडेलको 'दुई ढुङ्गाबीचको तरुल' (२०६४), हरिप्रसाद पाण्डेको 'मुटुभित्रका ढुकढुकीहरू' (२०६५) आदि रहेका छन् (बराल र एटम, २०६६ : ९८) ।

निष्कर्षमा भन्नुपर्दा समाज जेजस्तो छ त्यसको यथार्थ चित्रण गर्नु सामाजिक यथार्थवाद हो । यस धाराका उपन्यासमा प्रतीकात्मक, आलङ्कारिक र विशिष्ट भाषाको प्रयोगभन्दा स्थानीय भाषाको प्रयोग गरिएको हुन्छ ।

**(घ) ऐतिहासिक यथार्थवादी धारा**

नेपाली उपन्यास परम्परामा सामाजिक यथार्थवादी धारापश्चात् देखापरेको धारा ऐतिहासिक यथार्थवादी धारा हो । लेखकको जन्मभन्दा अगाडिको समयावधिका घटना र ऐतिहासिक चरित्रलाई लिएर लेखिएको उपन्यास ऐतिहासिक हुन्छ । उपन्यासमा ऐतिहासिकताको अर्थ इतिहासको त्यो यथार्थ घटना मात्र हो जसले उस बेलाको सम्पूर्ण परिप्रेक्ष्यलाई जीवन्तता प्रदान गरेर त्यस कालको मूलभूत सामाजिक, राष्टिय परिस्थिति, जीवनका वास्तविकता प्रवाह र बाह्यन्तरिक द्वन्द्वकालिक सत्यलाई यथार्थः उद्घाटन गर्न सहयोग पुर्‍याउँछ (प्रधान, २०४३ : १२७) । नेपाली उपन्यास परम्परामा ऐतिहासिक यथार्थवादी धाराको सुरुवात डायमन शमशेर राणाको 'वसन्ती' (२००६) बाट भएको हो । यस धाराका उपन्यासहरूले इतिहासमा वा विगतमा घटेका घटनालाई जस्ताको तस्तै उतार्ने प्रयास गरेका छन् । उनीहरूले विशेषतः दरवारिया

षड्यन्त्र र राणाकालीन समयका घटनाहरू तथा तत्कालीन समयको रीतिस्थिति र न्याय प्रणालीलाई पछिल्लो पुस्तासम्म जीवित इतिहासकै रूपमा प्रस्तुत गरेका छन् । यस ऐतिहासिक कालखण्डमा देखिएको मानवमा अमानवीय स्वभाव, हत्या, हिंसा, आतङ्क र कैयौँ जीवनका बर्बादीपूर्ण घटनाहरूको प्रस्तुति गरेका छन् । ऐतिहासिक उपन्यास लेख्दा घटना र चरित्रको नाटकीय प्रस्तुति तथा देशकालको समुचित संयोजन हुनुपर्छ । ऐतिहासिक यथार्थले वर्तमानलाई प्रेरणा दिन्छ र इतिहासले अन्याय गरेका पात्र, घटना र पृष्ठभूमिलाई पनि सच्याउन मद्दत गर्दछ (बराल र एटम, २०६६ : १०४) । यसले पाठकमा उल्लिखित व्यक्तिप्रति सच्चा भाव निर्माण गरी अवलोकन गर्ने तथा औपन्यासिक आनन्द प्राप्त गर्ने क्षमता राख्दछ ।

यस धाराका अन्य उपन्यासहरूमा डायमन शमशेर राणाकै 'सेतो बाघ' (२०३०), 'प्रतिबद्ध' (२०३४), 'सत्प्रयास' (२०३८), 'अनिता' (२०४३), र 'गृहप्रवेश' (२०५९), केशवराज पिँडालीको 'एकादेशकी महारानी' (२०२६), 'रक्त सनमान' (२०४५), 'द्रव्य शाह' (२०४५), 'चीत्कार' (२०४६), 'पृथ्वीनारायण शाह' (२०५६) र 'हामीले कसरी प्रजातन्त्र ल्यायौँ' (२०५७), सुन्दरप्रसाद शाहका 'प्रतिवाद' (२०४०) र 'त्रिफट' (२०४२), श्रीकृष्ण श्रेष्ठको 'जङ्गबहादुर' (२०५१), दौलतविक्रम विष्टको 'फाँसीको फन्दामा' (२०५३) (लुइटेल, २०६९ : ३३७) भरत जङ्गमको 'कालो सूर्य' (२०३६), काङमाङ नरेश राईको 'युद्ध बोकेको सिताङ' (२०६८) आदि प्रमुख रहेका छन् ।

निष्कर्षतः ऐतिहासिक उपन्यासमा इतिहासका तिथिमिति र घटनाहरूको मात्र वर्णन नभएर इतिहासको सामाजिक अवस्थालाई यथार्थ रूपमा वर्णन गरी जीवन्तता प्रदान गरिएको पाइन्छ । त्यस्तै घटना र चरित्रको नाटकीय प्रस्तुति तथा देशकालको समुचित संयोजन पनि गरिएको हुन्छ ।

**(ङ) अतियथार्थवादी धारा**

आधुनिक नेपाली उपन्यास परम्परामा अतिथार्थवादी धारामा नेपाली उपन्यासको सुरुवात लैनसिंह वाङ्देलको 'लङ्गडाको साथी' (२००८) उपन्यासबाट भएको पाइन्छ । परम्परागत मूल्य र मान्यताबाट मानवमनलाई मुक्त गराउने उद्देश्य अतियथार्थवादी धारामा रहेको छ । परम्परागत मूल्य र मान्यताबाट मानव मनलाई मुक्त गराउने, सचेत लेखनले

मानिसलाई चिनाउँदैन, लुकाउँछ । त्यसैले तन्द्रा अवस्थाको मानसिक अवस्थाले नै मान्छेको वास्तविक परिचय दिन्छ भन्ने मान्यातालाई यसले अपनाएको छ । यस धाराका अन्य उपन्यासकार र उपन्यासहरूमा गोविन्दबहादुर मल्ल 'गोठाले' को 'पल्लो घरको झ्याल' (२०१६), 'अपर्णा' (२०५३) र 'पियानानी' (२०५६), अर्जुन निरौलाको 'घाम डुबेपछि' (२०३३) र हिरण्य भोजपुरेको 'गौरी' (२०५४) प्रमुख रहेका छन् । यस किसिमका उपन्यासहरूमा मानिसको यथार्थ रूप बाहिर होइन उसको मनभित्र हुन्छ भन्ने विचार अभिव्यक्त गरिएको पाइन्छ ।

### (च) आलोचनात्मक यथार्थवादी धारा

समाजमा देखिएका करीति, शोषण र अन्य विसङ्गत तत्त्वहरूलाई औल्याएर तिनको विरोध गर्ने तथा तिनलाई सुधानुपर्ने आकाङ्क्षा राख्ने लेखनपद्धतिलाई आलोचनात्मक यथार्थवाद भनिन्छ (बराल र एटम, २०६६ : १०९) । नेपाली साहित्यको उपन्यासका क्षेत्रमा आलोचनात्मक यथार्थवादको केही झल्को लैनसिंह वाङ्देलको 'लङ्गडाको साथी' (२००८) मा देखिएता पनि विधिवत् रूपमा यस धाराको प्रारम्भ हृदयचन्द्रसिंह प्रधानको 'स्वास्नीमान्छे' (२०११) बाट भएको हो । यस धाराका अन्य उपन्यासहरूमा हृदयचन्द्रसिंह प्रधानकै 'एक चिहान' (२०१७), दौलतविक्रम विष्टको 'मञ्जरी' (२०१६), 'एक पालुवा अनेकौ याम' (२०२६), 'विग्रिएको बाटो' (२०३३), 'भोक र भित्ताहरू' (२०३८) र 'ज्योति-ज्योति महाज्योति' (२०४५), तारानाथ शर्माको 'मेरो कथा' (२०२६), 'ओझेल' पर्दा (२०२६), 'नेपालदेखि अमेरिकासम्म' (२०४९), ध्रुवचन्द गौतमका 'घामका पाइलाहरू' ( २०३५), 'कटेल सरको चोटपटक' (२०३७), 'अलिखित' (२०४०), 'निमित्त नायक' (२०४३), 'उपसंहार तथा चौथो अन्त्य' (२०४८), आदि प्रमुख रहेका छन् ।

यसर्थ आलोचनात्मक यथार्थवादी धाराले पूँजीवादी शक्तिप्रतिको विरोध, निन्दा र कटु आलोचना गरेको देखिन्छ । यसै गरी यथास्थितिप्रतिको विरोध त्यसले जन्माउन सक्ने विकृतिको विरोध गर्ने काम आलोचनात्मक यथार्थवादी स्रष्टाहरूले गरेको पाइन्छ ।

### (छ) मनोविश्लेषणवादी धारा

आधुनिक नेपाली उपन्यास परम्परामा आलोचनात्मक यथार्थवादी धारापश्चात् देखापरेको धारा मनोविश्लेषणवादी धारा हो । विविध जटिलता र विपरित परिस्थितिमा बाँचेर विकृति, द्वन्द्व,

सङ्घर्ष तथा मानसिक तनाबका अनिश्चिततामा अल्झिन विवश मानिसहरूको मनको यथार्थ स्थितिको प्रस्तुत गर्ने मनोविश्लेषणवादी धाराको सुरुवात उपन्यासकार गोविन्दबहादुर मल्ल 'गोठाले' को 'पल्लो घरको झ्याल' (२०१६) उपन्यासबाट भएको हो । यस धाराका अन्य उपन्यासहरूमा गोठालेकै 'अपर्णा' (२०५३), विजय मल्लको 'अनुराधा' (२०१८), 'कुमारी शोभा' (२०३९) र 'श्रीमती शारादा' (२०५६), दौलतविक्रम विष्टको 'एक पालुवा अनेकौं याम' (२०२६), 'चपाइएका अनुहार' (२०३०), विश्वेश्वरप्रसाद कोइरालाको 'तीन घुम्ती' (२०२५), 'नरेन्द्र दाइ' (२०२६), तारिणीप्रसाद कोइरालाको 'सर्पदंश' (२०२६) र फालिएका 'सामान' (२०४२), पारिजातको 'शिरीषको फूल' (२०२२), मञ्जुलको 'छेकुडोल्मा' (२०२६), भवानी भिक्षुको 'सुभद्रा बज्जै' (२०२४), 'आगत' (२०३२), नयनराज पाण्डेको 'अतिरिक्त' (२०५०) आदि उपन्यासहरू महत्त्वपूर्ण रहेका छन् (बराल र एटम, २०६६ : १३४) । मनोविश्लेषणवादी धाराले पात्रको अन्तर्मुखी तथा बहिर्मुखी प्रवृत्तिको उद्घाटन गर्नुका साथै बिम्ब र प्रतीकका माध्यमबाट कथ्यलाई कलात्मक सुन्दरता प्रदान गर्ने काम गरेका हुन्छन् ।

**(ज) प्रयोगवादी धारा**

नेपाली उपन्यास साहित्यमा लैनसिंह वाङ्देलको 'लङ्गडाको साथी' (२००८) ले क्षीण कथ्यको उपयोग गरेर, गोविन्द गोठालेको 'पल्लो घरको झ्याल' (२०१६) ले मनोविश्लेषणको प्रयोग गरेर तथा इन्द्रबहादुर राईको 'आज रमिता छ' (२०२१), ले यथार्थको सूक्ष्म अङ्कन प्रयोग गरेर प्रयोगधर्मिता देखाए पनि ध्रुवचन्द्र गौतमको 'अन्त्यपछि' (२०२४) बाट प्रयोगको विशिष्ट रूप देखापरेको हो (बराल र एटम, २०६६ : १४४) । यसैगरी गौतमकै 'बालुवामाथि' (२०२८),'डापी' (२०३३),'अलिखित' (२०४०), 'अग्निदत + अग्निदत' (२०५३), 'उपसंहार अर्थात् चौथौ अन्त्य' (२०४८), 'फूलको आतङ्क' ! (२०५५), मञ्जुलको 'छेकुडोल्मा' (२०२६), जगदीश घिमिरेको 'साविती' (२०३२), 'ओकिउयामा ग्वाइनको सुनाखरी' (२०३५), पिटर जे. कार्थकको 'प्रत्येक ठाउँ प्रत्येक मान्छे' (२०३४), नयनराज पाण्डेको 'विक्रमादित्य एउटा कथा सुन' ! (२०४४), कवितारामको 'बकपत्र' (२०४६), मनुजबाबु मिश्रको 'स्वप्न सम्मेलन' (२०५६), कृष्ण धरावासीको 'शरणार्थी' (२०५६), 'आधा बाटो' (२०५९), र 'तपाई' (२०६३), जगदीश शमशेरको 'सेतो ख्याकको आख्यान' (२०६०), परशु प्रधानको 'सीताहरू' (२०६४) आदि महत्त्वपूर्ण प्रयोगवादी धाराका उपन्यासहरू हुन् ।

साहित्यमा नवीन कथ्य र शिल्पलाई अँगाल्दै यगु र युगीन दर्शनलाई उपन्यास लेखनमा उतार्न प्रयोगवादी उपन्यास सफल देखिन्छ । प्रयोग आफैमा पूर्ण नहुने भएकाले नवीन र लुप्त सत्यको साक्षात्कार गर्न प्रयोगवादी उपन्यास अग्रर रहेको पाइन्छ ।

**(झ) प्रगतिवादी धारा**

साहित्यमा द्वन्द्वात्मक भौतिकवादी विचारधारालाई अँगालेर तिनका रीति सिद्धान्तअनुसार व्याख्या, विश्लेषण र चित्रण गर्ने मार्क्सवादी दृष्टिकोणबाट लेखिएका उपन्यासहरू प्रगतिवादी धाराअन्तर्गत पर्दछन् । नेपाली उपन्यास परम्परामा डी.पी. अधिकारीको आशमाया (२०२५) बाट प्रयोगवादी धारा सुरुवात भएको मानिन्छ । यस बाहेक डी. पी. अधिकारीकै 'धरती अझै बोल्दैछ' (२०२७), पारिजातको 'बैंसको मान्छे' (२०२९), 'तोरीबारी बाटा र सपनाहरू' (२०३२), 'पर्खाभित्र र बाहिर' (२०३५), 'अनिदो पहाडसँगै' (२०३९), खग्रेन्द्र सङ्ग्रौलाको 'आमाको छटपटी'(२०३४), मोदनाथ प्रश्रित 'देशभक्त लक्ष्मीबाई (२०३२), रमेश विकलको 'सुनौली' (२०३०), 'अविरल बग्दछ इन्द्रवती' (२०३९) र 'सागर उर्लन्छ सगरमाथा छुन' (२०५२), भक्तबहादुर नेपालीको 'नेपाली आमा' (२०४९), 'बेचिएका दिदीबहिनीको कथा' (२०५१), सञ्जय थापाको 'देउमाईको किनारमा' (२०४७), ऋषिराज बरालको 'कामरेड हुतराजको राजधानी प्रस्थान' (२०४८), 'आहुतीको नयाँ घर' (२०५०) आदि उपन्यासहरू प्रगतिवादी विचार धाराका उपन्यासहरू हुन् (बराल र एटम, २०६६ : १५१-१५२) । प्रगतिवादी उपन्यासमा परम्परागत कुसंस्कारको विरोध गरी विद्रोही तथा परिवर्तनशील सचेत विषयवस्तुको प्रयोग गर्नुका साथै निम्न वर्गीय पात्रहरूको यथोचिन पयोग गरिएको हुन्छ ।

**(ञ) मिथकीय  धारा**

विश्वेश्वरप्रसाद कोइरालाको 'सुम्निमा' (वि.सं.२०२७) बाट मिथकीय धाराको प्रारम्भ भएको मानिन्छ । मिथकीय धारातलमा सफल उपन्यास लेख्ने उपन्यासकार विश्वेश्वरप्रसाद कोइराला हुन् । कोइरालाकै अन्य मिथकीय उपन्यासहरूमा 'मोदिआइन' (२०३६), 'हिटलर र यहुदी' (२०४०), मदनमणि दीक्षितको 'माधवी' (२०३९), 'त्रिदेवी' (२०५१) र 'भूमिसूक्त' (२०५८), ध्रुवचन्द्र गौतमको 'डापी' (२०३३), 'अग्निदत+अग्निदत' (२०५२), राजेश्वर देवकोटाको 'द्वन्द्वको अवसान' (२०४२), दौलतविक्रम विष्टको 'ज्योति-ज्योति महाज्योति'

(२०४५), विनोदप्रसाद धितालको 'योजनगन्धा' (२०५२), जगदीशशमशेर राणाको 'सेतो ख्याकको आख्यान' (२०६०), कृष्ण धरावासीको 'राधा' (२०६२) आदि उपन्यासहरू महत्त्वपूर्ण रहेका छन् (बराल र एटम, २०६६ : १५७) । प्रयोगवादी रचनामा बिम्ब, प्रतीक र अलङ्कारको प्रयोग गरिएको हुन्छ त्यसरी नै मिथ, पुराकथाको प्रयोग गरिएको पाइन्छ (लुइटेल, २०६९ : ३७६) । मिथको प्रयोगका आधारमा मिथकीय धारा भनी चर्चा गरेको पाइएता पनि यसलाई छुट्टै नभएर प्रयोगवादी धाराकै एउटा प्रवृत्ति मात्र हो भनी उल्लेख गरेका छन् ।

**(ट) नारीवादी धारा**

लैङ्गिक विभेदका दृष्टिले हेर्दा जातीय मानिने विश्वका आधाभन्दा बढी सङ्ख्याका नारीहरूको साहित्यिक स्वतन्त्रताको शङ्खघोष गर्ने परम्परालाई नारीका पक्षमा नवीकरण गर्ने अध्ययनको थालनी हो (बराल र एटम, २०६६ : ११७) । नारीवादले सामाजिक, साँस्कृतिक, साहित्यिक आदि विविध क्षेत्रमा नारीहरूका समस्याहरूको व्यापक खोजी गर्दै नारीका पक्षमा वकालत गर्दछ । पुरुषप्रधान समाजले नारीमाथि गर्ने लैङ्गिक विभेद पितृसत्तात्मक धारणा र साहित्यको पुरुषपरक व्याख्याप्रति प्रश्न खडा गर्दै यसले पुरुषद्वारा निर्धारित नारीको स्थान तथा परम्परित मूल्य र मान्याताको विरोध गर्छ । नारीवादले परम्परागत पुरुषकेन्द्री समाजको नारीलाई सन्तान जन्माउने यन्त्र, अज्ञानी, पुरुषकी दासी, मनोरञ्जनको साधन तथा विज्ञापनको माध्यमको रूपमा हर्ने प्रवृत्तिको घोर विरोध गर्दै नारीहरूलाई हीन तुल्याउने कार्य प्रकृतिले होइन सामाजिक व्यवस्थाले गरेको हो ( लुइटेल, २०७० : ७३) । पुरुषद्वारा स्थापित नारीसम्बन्धी समस्त धारणा, दृष्टिकोण, पूर्वाग्रह, मान्यता, कल्पना र साहित्यमा नारीको स्तिर चरित्रचित्रण आदिलाई अस्वीकार गर्दै यसले नारीको वास्तविक अस्तित्व तथा पहिचान कायम गर्नेतर्फ दरो पाइला चालेको छ । (लुइटेल,२०६९:३७२) । नारीको सर्वाङ्गीन पक्षको अध्ययन, अनुसन्धान तथा विश्लेषण गर्नुका साथै नारीका यावत् समस्याको भन्डाफोर गर्दै ती समस्याको समाधानको निराकरण गर्ने उपायको खोजी गर्नुलाई नारीवाद भनिन्छ । नारीका नाममा शीर्षकीकरण गरिएकै भरमा कृतिलाई नारीवादी भन्न मिल्दैन । जुन कृतिमा समग्रतः नारी पक्षधरता पाइन्छ ती कृति मात्र नारीवादी हुन्छन् (लुइटेल, २०६९ : ३७६) ।

नेपाली उपन्यास परम्परामा नारीलाई प्रमुख स्थान प्रदान गरी रूपमतीदेखि अहिलेसम्म थुप्रै उपन्यास लेखिएपनि ती सबैलाई नारीवादी उपन्यास भन्न मिल्दैन । नेपाली उपन्यासमा

नारीवादी लेखनको थालनी हृदयचन्द्रसिंह प्रधानको 'स्वास्नीमान्छे' (२०११) उपन्यासबाट भएको हो । यस पछिका अन्य उपन्यासहरूमा हृदयचन्द्रसिंह प्रधानकै 'एक चिहान' (२०१७), शबनम श्रेष्ठको 'मनीषा' (२०५०), सीता पाण्डेको 'अन्तर्द्वन्द्व' (२०५६), प्रदीप नेपालको 'एकाइसौं शताब्दीकी सुम्निमा' (२०५८), शोभा भट्टराईको 'अन्त्यहीन अन्त्य' (२०५८), भाषा भण्डारीको 'सझौता' (२०६०), पद्ममवती सिंहको 'समानन्तर आकाश' (२०६२), कृष्ण धरावासीको 'राधा' (२०६२), बलदेव मजगैयाको 'मानसी' (२०६२), प्रभा कैनीको 'अनावृत्त' (२०६७) आदि उपन्यास नारीवादका महत्त्वपूर्ण उपलब्धि हुन् (लुइटेल, २०६९ : ३७६) । उपन्यासमा नारीवादी चेतनाको विस्तार हुनु नारीवादको महत्त्वपूर्ण प्राप्ति हो । पुरुषसत्ताविरुद्ध नारीहरूलाई सबल, स्वालम्बी तथा सङ्घर्षशील बनाई पूरानो सामाजिक संरचना भङ्ग गर्नका लागि नारीहरूले नै सिर्जना गरेका कृतिहरू निकै प्रतिभाशाली भएर देखापरेका छन् (बराल र एटम, २०६६ : ८६) । आधुनिक नेपाली उपन्यासको विकासमा आजसम्म आइपुग्दा पारिजातदेखि सुरु भएर थुप्रै नारीवादी प्रतिभाहरू देखा परेका छन् ।

## ३.३ उपन्यासकार रामेश कोइरालाको चिनारी

नेपाली साहित्यको क्षेत्रमा उज्वल नक्षत्रको रूपमा उदाएका साहित्यिक व्यक्तित्व रामेश कोइराला थौरै कृति प्रकाशन गरेर पनि साहित्यिक क्षेत्रमा एक परिचित नाम हो । वि.सं २०६८ मा आफ्नो पहिलो संस्मरणत्मक कृति प्रकाशन गरेका साहित्यकार कोइरालाको दोस्रो कृति भने **कोपिला आश्रम** (२०७०) हो । उनको दोस्रो कृति **कोपिला आश्रम**को विधातात्त्विक विश्लेषण गरिएको यस शोधपत्रको यस शीर्षकअन्तर्गत रामेश कोइरालाको जीवनी, व्यक्तित्व र कृतित्वको परिचय दिइएको छ ।

### ३.३.१ जीवनी

**क) जन्म**

साहित्यकार तथा एक सफल चिकित्सक रामेश कोइरालाको जन्म वि.सं. २०२४ साल आश्विन २८ गतेका दिन पिता तर्कराज कोइराला र माता दुर्गादेवी कोइरालाका कान्छो सन्तानको रूपमा खोटाङ जिल्लाको दिक्तेल बजारमा भएको हो । दुई दाजु र एक दिदीका भाइ कोइरालाको पूरा नाम रामेशराज कोइराला हो । उनको जन्म संयुक्त परिवारमा भएकाले

बाल्यकाल सामान्य रूपमा बित्यो । बाबुको जागिरे जीवनका कारण उनको परिवारले देशका विभिन्न जिल्लाका विभिन्न स्थानमा अस्थायी रूपमा रही जीवन बिताएका भए तापनि हाल भने उनको परिवारको स्थायी घर झापाको भद्रपुरमा रहेको छ ।

**ख) शिक्षा तथा रोजगार**

रामेश कोइरालाका बाबु जागिरे थिए । बाबुको जागिरको सरुवासँगै उनको विद्यालय पनि परिवर्तन हुन्थ्यो । कोइरालाले औपचारिक शिक्षा सुरुवात खोटाङ जिल्लाको दिक्तेल बजारमा रहेको बालमन्दिरबाट गरेका हुन । उनले कक्षा दुई पाँचथरको फिदिम, कक्षा तीन इलाम, कक्षा चारदेखि कक्षा सातसम्म भद्रपुरको सारदा मा. वि, कक्षा आठ झापाको चन्द्रगढी, कक्षा नौ र कक्षा दश झापाकै वीरेन्द्र मा.वि. बाट उत्तीर्ण गरेर विद्यालयीय पढाइ पूरा गरेका हुन् । उनी उच्च शिक्षा हासिल गर्न काठमाडौं जान चाहन्थे तर पारिवारिक तथा आर्थिक कारण झापाकै मेची क्याम्पसमा प्रवीणता प्रमाण पत्र तहमा भर्ना भएका थिए । आइ.कम पहिलो वर्षको आन्तरिक परीक्षामा राम्रो नतिजा ल्याउन सफल भएका उनी त्यही सफलतापछि गुरुहरूको सल्लाह तथा उनको भित्री चाहनाका कारण पाटन क्याम्पसमा भर्ना भई आइ.एस्सी सम्मको अध्ययन पूरा गरे । त्यसपछि उनी रसियन छात्रवृत्तिमा ६ वर्षको चिकित्सक विषय पढ्न रसिया पुगेका हुन् ।

विद्यार्थी कालमा कोइरालाको परिवारको आर्थिक अवस्था त्यति राम्रो थिएन । उनको बुबाको एउटा जागिरले छोराछोरीको पढाइ लेखाइ तथा परिवारका आवश्यकता पुरा गर्न गाह्रो थियो । घरबाट पठाएको रकमले काठमाडौंका महँगो बसाइ सम्भव नहुने भएकोले उनले आइ.एस्सी अध्ययनको क्रमदेखि नै विभिन्न पेसामा संलग्नता देखाएका छन् । उनले रेस्टुरेन्ट सञ्चालनदेखि शिक्षण पेसा, कृषि विकास बैङ्को सहायक भएर समेत कार्य गरेका छन् । आफ्नो रुचि इन्जिनियर पढ्ने हुँदा हुँदै चिकित्सा विषय पढ्न पुगेका उनले रसियाबाट चिकित्सा विषयको पढाइ पूरा गरेर नेपाल फर्केको केही समयदेखि नै पाटन अस्पतालबाट चिकित्सक जीवन सुरु गरेका हुन् । पाटन अस्पतालमा उनले डेढ वर्षको अनुभव बटुलेका छन् । त्रि.वि शिक्षण अस्पतालबाट चिकित्सा विषयमा स्नातकोत्तर उपाधि हासिल गरेसँगै कोइरालाले वि.सं. २०५७ सालदेखि गङ्गालाल हृदय रोग केन्द्रमा अनवरत रूपमा मुटु रोग विशेषज्ञ भई कार्य गर्दै आएका छन् ।

### ग) रुचि र स्वभाव

पेसाले व्यस्त चिकित्सक भए पनि साहित्यकार रामेश कोइराला साहित्य क्षेत्रमा पनि गहिरो रुचि राख्दछन् । पुस्तक पढ्नु तथा साहित्यको सृजना गर्नु उनको जीवनको अर्को पाटो हो । जिज्ञासु, चञ्चल स्वभाव भएका कोइराला तीक्ष्ण बुद्धि भएका सरल स्वभावका व्यक्ति हुन् । आफ्नो समाज र देशप्रति सदैव चासो राख्ने कोइराला सानैदेखि सहयोगी स्वभावका व्यक्ति हुन् । उनी एक सच्चा राष्ट्रभक्त नेपालीका रूपमा चिनिन्छन् । पुस्तक पढ्न विशेष चासो राख्ने कोइरालालाई बिरामीको सेवा गर्न पाउँदा मनमा बढी शान्ति मिल्छ । फुर्सदमा सिनेमा हेर्न, आफन्तसँग घुमघाम गर्न रुचि राख्ने कोइराला देशविदेशका वर्तमान स्थितिप्रति जानकारी राख्ने स्वभावका छन् । नेपाली भएकोमा गर्व राख्ने कोइराला आफ्नो भाषा र संस्कृतिलाई प्रेम गर्छन् । स्वच्छ छवि भएका कोइराला आफ्नो समाजमा भए गरेका विकृतिमा व्यङ्ग्य गर्न पछि पर्दैनन् । निर्भीक स्वभावका कोइराला अन्यायलाई सहन गर्न सक्दैनन र सदैव आवाज उठाउन अग्रसर रहन्छन् । आफ्नो पेसालाई सम्मान गर्छन् ।

### च) आर्थिक अवस्था

कोइरालाको जन्म सामान्य आर्थिक अवस्था भएको परिवारमा भएको थियो । यसका कारण उनको बाल्यकाल सामान्य रूपमा बितेको छ । खेती गर्नका लागि पर्याप्त जमिन भए तापनि बुबा जागिरे, आमा सधैँको मुटुरोगी, समयमा नै खेतीपाती लगाउन नपाउँदा परिवारको आर्थिक स्थिति समाल्न गाह्रो भएको देखिन्छ । कोइरालाले बाल्यकालीन जीवनस्तर सामान्य रहेको भए तापनि उनी चिकित्सा पेसामा संलग्न भइसकेको अवस्थामा परिवारको आर्थिक स्थिति सबल बनेको छ । हाल उनि काठमाडौँको महाराजगन्जमा रहेको आफ्नै घरमा बसोबास गर्दछन् ।

### च) संलग्नता

समाजसेवामा बिशेष रुचि राख्ने रामेश कोइराला विभिन्न संघ सस्थामा आबद्ध छन् । काठमाडौँको बाँसबारीमा रहेको गङ्गालाल हृदयरोग केन्द्रमा चिकित्सक पेसामा संलग्न उनी स्वास्थ्यसँग सम्बन्धित क्रियाकलापमा व्यस्त छन् । उनकी आमा स्वयम् पनि मुटु रोगबाट लामो समयसम्म ग्रस्त थिइन् । समयमै रोगको पहिचान हुन नसकेर आफै दुःख पाएका उनले यस्तो

समस्याबाट कोही पनि प्रताडित हुन नपरोस् भनेर विभिन्न गतिविधि सञ्चालन गर्दै आएका छन् । यसै इच्छा स्वरूप उनले आफ्नो तर्फबाट "निशुल्क शिक्षा र स्वास्थ्य सबैको अधिकार" नामक संस्थाको स्थापना गरेका छन् । उक्त संस्थाले धेरै बालबालिकालाई शिक्षाको सुअवसर प्रदान गर्नुका साथै आर्थिक अभावका कारण स्वास्थ्य उपचारका पहुँच सहज बनाउन सहयोग गर्छ । कोइरालाले वि.सं. २०७२ साल बैशाख १२ गतेको महाविनाशकारी भूकम्पले क्षतिग्रस्त कैयौँ स्थानमा गएर व्यक्तिगत तवरमा रहेर भौतिक, आर्थिक र स्वास्थ्य स्तरको सहयोग पुऱ्याएर एक असल र सहयोगी हृदय भएको परिचय दिएका छन् । उनी सहयोग गर्ने सहयोगी हातहरूसँग सदैव हातेमालो गर्दै अगाडि बढिरहेका छन् ।

**छ) भ्रमण**

कोइरालाले आफ्नो विद्यार्थीकाल तथा जागिर जीवनको सिलसिलामा देश तथा विदेशका विभिन्न स्थानको भ्रमण गरेका छन् । देशका विभिन्न स्थानमा घुमेका उनको पहिलो विदेश भ्रमणको रूपमा चिकित्सासास्त्र अध्ययनको सिलसिलामा भएको रसियाको लामो बसाइ हो । त्यसपछि उनले भारत, पाकिस्तान, सिंगापुर, मलेसिया, अमेरिका, चिन, जापान, युरोपका अधिकांश देशहरूको भ्रमण गरिसकेका छन् ।

## ३.३.२ व्यक्तित्व

रामेश कोइराला पेसागत रूपमा मुटुरोग विशेषज्ञ हुन् । नेपाली साहित्यमा भर्खर भर्खरै प्रवेश गरेका कोइरालाई विभिन्न पक्षबाट चिनाउने क्रममा उनको व्यक्तित्वलाई विविध पक्षबाट निम्नलिखित किसिमले चिनाइएको छ :

**क) साहित्यकार व्यक्तित्व**

रामेश कोइराला पेसागत रूपले मुटुरोग विशेषज्ञ हुन् । आफ्नो जीवन भोगाइ, आत्मीय मित्रहरूको प्रेरणा र आमा प्रतिको स्नेहले साहित्यमा डोऱ्याएको छ । रामेश कोइरालाले हालसम्म नेपाली साहित्यको संस्मरण तथा उपन्यास विधामा कलम चलाएका छन् । औपचारिक रूपमा **आमाको मुटु** (२०६८) नामक संस्मरणात्मक कृति मार्फत आफूलाई नेपाली साहित्यमा प्रवेश गराएका उनले आफ्नो दोस्रो कृतिका रूपमा **कोपिला आश्रम** (२०७०) प्रकाशन गराएका

छन् । कोइरालाको साहित्यिक व्यक्तित्वको निर्माण यिनै दुई कृतिबाट भएको छ । जसको उल्लेख यसप्रकार गर्न सकिन्छ :

**अ) संस्मरणकार व्यक्तित्व**

नेपाली साहित्यको गद्य साहित्य अन्तर्गतको अन्य विधामा पर्ने संस्मरण एक विकासशील साहित्यिक विधा हो । यसलाई साहित्यको नवीन गद्य विधाकै एक उपविधाका रूपमा समेत चिनिन्छ । रामेश कोइरालाको पहिलो र उत्कृष्ट कृतिका रूपमा **आमाको मुटु** (२०६८) नामक संस्मरणात्मक कृति पर्दछ । यसै कृतिबाट नै सर्वप्रथम उनले आफ्नो साहित्यिक परिचय दिएका हुन् । आफ्नो आमाको कारुणिक कथा र आफ्नो जीवनको केही सुखद र केही दुःखद अनुभूति समेटिएको उनको यो उत्कृष्ट संस्मरणात्मक कृति हो । उनले सरल र सहज भाषामा आफ्नो जीवनाभूति यसमा प्रस्तुत गरेका छन् । आफ्नी आमालाई मुटु रोग लागेको र समयमानै त्यसको पहिचान हुन नसकी लामो समयसम्म भौतिक एवं मानसिक क्षति व्यहोरेको उनको परिवारको यथार्थ कथा **आमाको मुटु** कृतिमा समावेश भएको छ ।

आफ्नो सानो उमेर हुँदादेखि नै आमाको मुटु दुख्ने व्यथाको साक्षी भएका कोइरालाले लगभग बीस वर्षसम्म रोग पत्ता नलाग्दा कस्तो स्थिति हुन्छ भन्ने कुरालाई यस संस्मरणमा वर्णन गरेका छन् । रोगको उपचारका लागि थुप्रै डाक्टर र क्लिनिक धाएको, त्यसरी धाउँदा कोही आमालाई टी.बी. रोग लागेको भन्छन्, कोही फोक्सो फुल्ने रोग लागेको, कोही पाठेघरको समस्याले यस्तो भएको भनी थरीथरी रोगका किसिम र औषधीको सिफारिस गरेको र डाक्टरले भने बमोजिम औषधीको सेवनले पनि रोगको नियन्त्रण नहुँदा परिवारले अनेक सास्ती खप्नुपरेको र विभिन्न व्यक्तिबाट ठगिनुपरेको तितो भोगाइलाई संस्मरणकारले स्मरण गरी आमाको मुटुमा प्रस्तुत गरेका छन् । समग्रमा कोइरालालाई एक सामाजिक चेत राख्ने, मानवतावादी सोच भएका एक परिवर्तनशील संस्मरणकारको रूपमा चिन्न सकिन्छ । उनी यथार्थ पक्षलाई आफ्नो लेखनको मुख्य प्रवृत्ति बनाउने गर्दछन् ।

**(आ) उपन्यासकार व्यक्तित्व**

**आमाको मुटु** (२०६८) नामक संस्मरण कृति लेखेर नेपाली साहित्यको क्षेत्रमा विकासमा योगदान दिएका रामेश कोइरालाले आफ्नो दोस्रो सृजनाको रूपमा **कोपिला आश्रम** (२०७०)

प्रकाशत गरी आफूलाई एक अब्बल उपन्यासकारको रूपमा प्रमाणित गराएका छन् । संस्मरणकारको रूपमा सफल कोइरालाले **कोपिला आश्रम** उपन्यासमा समाजमा व्याप्त मुकुन्डोधारी समाजसेवीहरूको पर्दाफास गर्ने काम गरेका छन् । तत्कालीन गृहयुद्धको समयबाट प्रभावित नेपाली समाजको चित्र खुलस्त पारेका उनले उपन्यासलाई तत्कालीन समाजको ऐना बनाएका छन् । हरेराम पात्रमार्फत उनले नेपाली समाजमा भएका गलत तत्त्वहरूको प्रवृत्ति उजागर गरेका छन् । समाजमा रहेका पात्रहरूले कसरी गलत कार्यलाई समेत समाजसेवा भनी ढोँगी रूप देखाउँदछन् भन्ने कुरा प्रस्ट पारेका छन् (खड्का, २०७३ : २४) । यस कृतिबाट उनी उपन्यास विधामा पनि सफल छन् भन्ने कुरा प्रष्ट हुन्छ । कोइरालाको औपन्यासिक व्यक्तित्वलाई उनको **कोपिला आश्रम** कृतिले प्रस्ट्याएको छ । समसामयिक नेपाली देखावटी समाजसेवाको सजीव चित्रण यस कृतिमा भएको छ । **कोपिला आश्रम** सरल, सहज भाषामा समाजको गहन विषयलाई लिएर लेखिएको उत्कृष्ट उपन्यास हो ।

समाजसेवाको नाममा गरीब, अनाथ, पीडित बालबालिकालाई सुदूर देशमा धर्मपुत्र तथा धर्मपुत्री बनाई बेच्ने र आफू धनी बन्ने यथार्थ खेललाई रामेश कोइरालाले सजीव रूपमा आफ्नो उपन्यासमा प्रस्तुत गरेका छन् । देशको संकटकालीन परिस्थितिले उब्जाएको यो समस्या समाजको एक विकृतिको रूपमा मौलाएको देखिन्छ । यसै कृतिबाट उनी एक आलोचनात्मक यथार्थवादी उपन्यासकारका रूपमा परिचित भएका छन् । एउटै उपन्यास लेखेर पनि राम्रो चर्चा बटुल्न सकेका कोइराला एक मानवतावादी सोच भएका उपन्यासकार हुन् जो आफ्नो उपन्यास मार्फत समाजमा भइरहेको तितो यथार्थलाई पाठकसामु पुऱ्याउनु आफ्नो कर्तव्य ठान्छन् ।

**(ख) साहित्येतर व्यक्तित्व**

रामेश कोइरालाको साहित्येतर व्यक्तित्व पनि स्मरणीय रहेको छ । उनी सफल चिकित्सक र समाजसेवी पनि हुन् ।

**अ) चिकित्सक व्यक्तित्व**

गंगालाल राष्ट्रिय हृदय रोग केन्द्र बाँसबारीमा कार्यरत उनी सामाजिक क्षेत्रमा पनि उत्तिकै सक्रिय छन् । जीवनमा इन्जिनियरिङ अध्ययन गरेर सफल इन्जिनियर बन्ने इच्छा भएका कोइरालाले पारिवारिक र शैक्षिक कारणले चिकित्सा पेसा अँगालेका छन् । चिकित्सक

व्यक्तित्वमा उनी अझ प्रखर भएका छन् । रामेश कोइराला एक मुटुरोग विशेषज्ञ भएकाले उनको चिकित्सक व्यक्तित्व साहित्यिक व्यक्तित्व भन्दा उच्च रहेको छ । उनी चिकित्सा क्षेत्रमा संलग्न रहेको डेढ दशकभन्दा बढी भइसकेको छ । उनको साहित्यिक व्यक्तित्वको निर्माण गर्न चिकित्सक व्यक्तित्वले सहयोग गरेको देखिन्छ । उनको चिकित्सक व्यक्तित्वको सुरुवात पाटन अस्पतालबाट भएको हो । त्यहाँ डेढ वर्ष काम गरेपछि उनी गंगालाल हृदयरोग केन्द्रमा संलग्न भएका हुन् । उनी एक वरिष्ठ मुटुरोग विशेषज्ञ हुन् ।

**आ) समाजसेवी व्यक्तित्व**

सानै उमेरदेखि कमलो मन र सहयोगको भावना राख्ने कोइरालालाई एक सच्चा समाजसेवीको रूपमा पनि चिनिन्छ । व्यक्तिगत तवरबाट पनि उनी ज्यादै सरल व्यक्तित्व रहेका छन् । समाजको प्रगति र उन्नति चाहने आफ्ना देशवासीको हित सोच्ने कोइरालाले आफ्नो तर्फबाट सक्दो प्रयास गरेर समाज र राष्ट्रलाई सघाएको देखिन्छ । उनले 'हाम्रो प्रयास' नामक संस्थाबाट विभिन्न व्यक्तिहरूसँग मिली गरिब अशक्तहरूको उपचार गरिदिने तथा शिक्षा प्राप्त गर्न अवसर प्रदान गर्ने कार्य गरेका छन् । आफू स्वास्थ्य क्षेत्रमा लागेको भए पनि उनले आफूले सहयोग गर्ने काममा भने सबै क्षेत्रमा हात सारेका छन् । शिक्षाको पहुँचमा जोड दिने, बाल अधिकार र बालबालिकाको हितमा राज्यले विशेष चासो पुऱ्याउनुपर्छ भन्ने उनको व्यक्तिगत विचार रहेको छ । समाजको चालचलन र परिवेशलाई ज्यादै नजिकबाट अनुभव गरेका रामेश कोइराला समाजको कुरीति र विसङ्गति विरुद्ध आवाज उठाउन सधैँ अघि बढेर हरेक तवरले समाजको उन्नतीमा आफ्नो योगदान दिन चाहन्छन् । उनको यस्तै प्रेरणादायी सोच र व्यवहारबाट पनि उनलाई एक समाजसेवी व्यक्तित्वका रूपमा चिनाउन सकिन्छ ।

## ३.३.३ कृतित्व

विद्यालयीय जीवनदेखि नै लेखनको रुचि राख्ने कोइरालाले विविध कविता र गीत रचना गरेर सुनाउने गरेको पाइए तापनि ती लेखहरू प्रकाशित भने भएका छैनन् । आफ्नो कार्यक्षेत्र स्वास्थ्य रहे पनि साहित्यमा उनको लगन प्रशंसायोग्य छ । उनको **आमाको मुटु** (२०६८) र **कोपिला आश्रम** (२०७०) नामक दुई कृति प्रकाशित छन् । सानै उमेर हुँदादेखि नै आमाको मुटु दुख्ने व्यथाको साक्षी भएका कोइरालाले लगभग बीस वर्षसम्म रोग पत्ता नलाग्दा कस्तो स्थिति

हुन्छ भन्ने कुरालाई यस संस्मरणमा वर्णन गरेका छन् । रोगको उपचारका लागि थुप्रै डाक्टर र क्लिनिक धाएको, त्यसरी धाउँदा कोही आमालाई टी.बी रोग लागेको भन्छन्, कोही फोक्सो फुल्ने रोग लागेको, कोही पाठेघरको समस्याले यस्तो भएको भनी थरीथरी रोगका किसिम र औषधीको सिफारिस गरेको र डाक्टरले भने बमोजिम औषधीको सेवनले पनि रोग निको नहुँदा परिवारले अनेक सास्ती खप्नुपरेको र विभिन्न व्यक्तिबाट ठगिनु परेको तितो भोगाइलाई संस्मरणकारले स्मरण गरी **आमाको मुटु** (२०६८) मा प्रस्तुत गरेका छन् । **आमाको मुटु**मा मुख्य रूपमा आमाको जीवन भोगाइलाई चित्रण गरिएको भए तापनि सहायक रूपमा संस्मरणकार कोइरालाले आफूले बाल्यकालदेखि चिकित्सक हुँदासम्म भोगेका देखेका एवं गरेका कायहरूको स्मरण गरेका छन् । सरल रोचक एवं कुतूहलपूर्ण भाषाशैलीको प्रयोगले यस कृतिलाई सुन्दर बनाएको छ ।

कोइरालाको समग्र जीवनलाई केलाउँदा बाल्यकाल केही संघर्षपूर्ण रहेको कुरा यस संस्मरणमा व्यक्त गरेका छन् । **कोपिला आश्रम** (२०७०) कोइरालाको औपन्यासिक कृति हो । यसमा माओवादी सशस्त्र द्वन्द्वको समयमा घटेका विभिन्न घटनाहरू तथा तिनले निम्त्याएका अनेकौँ परिस्थितिलाई कथानकका रूपमा प्रस्तुत गरयी लेखिएको एक उत्कृष्ट रचना हो । भ्रष्ट र समाजसेवाको बोक्रो लाएका मानिसले कसरी सानासाना कलिला बालबालिकाको व्यापार गरी नाम र दाम कमाइरहेका छन् भन्ने कुराको यस उपन्यासमा चर्चा गर्दै पाठकलाई सचेत पारिएको कुरा प्रस्ट हुन्छ । समसामयिक नेपाली सजीव चित्रण यस कृतिमा भएको छ । **कोपिला आश्रम** सरल, सहज भाषामा समाजको गहन विषयलाई लिएर लेखिएको उत्कृष्ट उपन्यास हो ।

समाजसेवाको नाममा गरिब, अनाथ, पीडित बालबालिकालाई सुदूर देशमा धर्मपुत्र तथा धर्मपुत्री बनाई बेच्ने र आफू धनी बन्ने यथार्थ खेललाई रामेश कोइरालाले सजीव रूपमा यस उपन्यासमा प्रस्तुत गरेका छन् । देशको सङ्कटकालीन परिस्थितिले उब्जाएको यो समस्या समाजको एक विकृतिको रूपमा मौलाएको देखिन्छ । कोपिला आश्रम सशक्त विषय लिएर तयार पारिएको एउटा उत्कृष्ट कृति हो ।

## ३.४. निष्कर्ष

प्राथमिक कालमा औपन्यासिक कृतिले पूर्णत्व प्राप्त गर्न नसकेको भए पनि माध्यमिक कालमा विभिन्न भाषाबाट अनुवाद रूपान्तरण गर्ने प्रचलन बढेकाले तथा प्रकाशनका दृष्टिले यो

काल सशक्त देखिएको छ । प्राथमिक काल र माध्यमिक काल पार गर्दै जाँदा नेपाली उपन्यासमा विभिन्न किसिमका धाराहरू विकसित भएका छन् । उपन्यासको विकास हुने क्रममा नयाँ-नयाँ धाराको जन्म र विकास हुने अवस्था देखिएको छ । नेपाली उपन्यासको आधुनिक काल 'रूपमती' (१९९१) बाट प्रारम्भ भएको हो । यस विन्दुबाट प्रारम्भ भएको उपन्यासको आधुनिककाल हालसम्म निरन्तर रूपले अगाडि बढिरहेको छ । जासुसी ऐयारी, तिलस्मी प्रवृत्तिलाई छोडेर यथार्थ धरातलमा उभिएर विभिन्न वादसँग सम्बद्ध भएर उपन्यासहरू लेखिँदै आएका छन् । आदर्शोन्मुख यथार्थवादी धाराबाट प्रारम्भ भएको नेपाली उपन्यासको आधुनिककाल स्वच्छन्दतावादी धारा, सामाजिक यथार्थवादी धारा, ऐतिहासिक यथार्थवादी धारा, अतियथार्थवादी धारा, आलोचनात्मक यथार्थवादी धारा, मनोविश्लेषणवादी धारा, प्रयोगवादी धारा, प्रगतिवादी धारा, मिथकीय धारा तथा नारीवादी धारा धारा हुँदै अगाडि बढिरहेको छ । जसले गर्दा उपन्यासको क्षेत्र व्यापक एवं विस्तृत हुँदै गएको पाइन्छ ।

नेपाली साहित्यको क्षेत्रमा उदाएका नव प्रतिभाका रूपमा रामेश कोइरालालाई लिइन्छ । कार्यक्षेत्र स्वास्थ्य रहे पनि नेपाली साहित्यमा उनको झुकाव प्रशंसा योग्य देखिन्छ । संख्यात्मक रूपमा दुईवटा कृतिहरू बजारमा ल्याएका छन् उनका **आमाको मुटु** (२०६८) र **कोपिला आश्रम** (२०७०) कृति प्रकाशित छन् । कोइराला थोरै लेखेर राम्रो चर्चा कमाउने लेखक हुन् । दुई कृतिमात्र प्रकाशन गराएता पनि उनका कृति गुणात्मक हिसाबले उत्कृष्ट छन् । समाजका वास्तविक घटना तथा विषयवस्तुको उठान गरी गद्य साहित्यको दुई फरक विधामा कलम चलाएका उनी एक प्रतिभावान् साहित्यकार हुन् ।

कोइरालाको समग्र जीवनलाई केलाउँदा बाल्यकाल केही संघर्षपूर्ण रहेको देखिन्छ । समाजलाई वास्तविक रूपमा नियाल्ने र जीवनमा आफ्नो लक्ष्य प्राप्तिका लागि सही कदम चाली अगाडि बढेकाले नै उनको सामान्य जीवन अहिले सम्पन्न र सुखमय बन्न पुगेको छ । उनको जीवनका भोगाइ र अनुभवले दिएको प्रेरणा र प्राप्तिबाटै आज हामी समक्ष उनका दुई कृति **आमाको मुटु** र **कोपिला आश्रम** आइपुगेका हुन् । उनलाई साहित्य लेखनको प्रेरणा उनको व्यक्तिगत जीवन र चिकित्सा पेसाबाट प्राप्त भएको देखिन्छ । व्यक्तिगत रूपमा सरल मन भएका कोइरालाले आफ्नो जीवनमा थुप्रै उतार चढाव देखेका छन् । यही उतार चढावले उनलाई मिहिनेती र कर्तव्यनिष्ठ व्यक्ति बनाएको थाहा हुन्छ । जीवनमा इच्छाएका सबै कुरा

पूरा हुँदैनन् भन्ने बुझेका कोइरालाले जीवनमा आएका हरेक समस्यालाई अवसरको रूपमा लिएर आजको यो स्थानसम्म पुगेका हुन् भन्ने कुरा उनको जीवनीबाट थाहा हुन्छ ।

कोइराला एक सफल व्यक्ति, सफल चिकित्सक एवं सफल साहित्यकारका रूपमा देखिएका छन् । उनले नेपाली उपन्यास प्ररम्परामा सामाजिक यथार्थवादीधारा अर्न्तगत रहेर उपन्यास लेखेका छन् । कोपिला आश्रम उनको सामाजिक यथार्थवादी उपन्यास हो ।

परिच्छेद : चार

# कोपिला आश्रम उपन्यासको विधापरक विश्लेषण

## ४.१ परिचय

उपन्यास विधा साहित्य क्षेत्रकै एक प्रमुख विधा हो । अन्य साहितियक विधाजस्तै उपन्यासको पनि आफ्नै संरचना हुन्छ, जसमा कथानक, पात्र, परिवेश, भाषशैली, दृष्टिबिन्दु, उद्देश्य आदि तत्त्वहरू हुन्छन् । प्रस्तुत अध्यायमा **कोपिला आश्रम** उपन्यासलाई विधातात्त्विक रूपमा विश्लेषण गरिएको छ । यस चौथो परिच्छेदमा पहिले परिचय दिएर उपन्यासको शीर्षक सार्थकता पुष्टि गरिएको छ । यसपछि उपन्यासका तत्त्वहरू कथानक, पात्र, परिवेश, भाषशैली, दृष्टिविन्दु, उद्देश्यका आधारमा उपन्यासको विश्लेषण गरिएको छ भने अन्त्यमा निष्कर्ष दिइएको छ । साथै समस्या कथनमा प्रस्तुत भएको रामेश कोइरालाको औपन्यासिक योगदानलाई पनि निष्कर्ष शीर्षकमै प्रस्तुत गरिएको छ ।

## ४.२ शीर्षक सार्थकता

शीर्षक कुनै पनि कृतिलाई चिनाउने नाम हो, जसले कृतिको परिचय खुलाउँदछ । शीर्षक नामकरण मात्र नभई कृतिको मुख्य पक्ष विशेषको सूचक वा सङ्केतक पनि हो । वास्तवमा शीर्षक मानिसको अनुहारजस्तै हो, जसले साध्य स्वरूपका साथै आन्तरिक कुराको अनुमान गर्न सकिने खालको हुनुपर्दछ । शीर्षक कुनै पनि कृतिको ऐना हो । उपन्यासको विषयवस्तु, पात्र, परिवेश, उद्देश्य, संवाद कुनै एक आधारमा शीर्षक चयन गरिन्छ । शीर्षक एक शब्द, पदावली वा वाक्यस्तरका पनि हुन सक्दछन् ।

प्रस्तुत उपन्यास **कोपिला आश्रम** एउटा बालगृहसँग सम्बन्धित छ । उक्त आश्रमको सञ्चालक हरिराम नेपालीले बाहिरी समाजसँग आफूलाई खाँटी बालबालिकाको संरक्षक तथा उद्धारक सम्झन्छ । त्यही भएर उसले आफ्नो संस्थाको नाम 'कोपिला आश्रम' राखेको छ तर

वास्तवमा उक्त आश्रममा बालबालिकाहरूको किनबेच हुन्छ । उपन्यासको प्रस्तुत शीर्षक रुपकात्मक तथा व्यङ्ग्यात्मक दृष्टिकोणले राखिएको छ ।

## ४.३ कथानक

उपन्यासका विभिन्न तत्त्वहरूमध्ये कथानकलाई अनिवार्य तत्त्व मानिन्छ । परम्परागत आख्यानहरू घटनाप्रधान हुने हुँदा कथानक नै त्यसको मूल तत्त्व मानिन्थ्यो । वर्तमान समयमा चरित्र प्रधान एवं परिवेश प्रधान उपन्यासको रचना हुने गरेकाले कथानक नै एकमात्र मूल तत्त्व नरहे तापनि कथानकको उपस्थिति भने अनिवार्य नै रहेको हुन्छ । प्रस्तुत **कोपिला आश्रम** उपन्यासले एउटा मूल कथा अनि त्यसभित्र विभिन्न उपकथाहरूको सँगालो प्रस्तुत गरेको छ । झट्ट हेर्दा कथा सङ्ग्रहजस्तो देखिने उपन्यासमा उपकथाहरू पनि मुख्य कथाको सहायक भएर प्रस्तुत भएका कारण एउटा सिंगो संरचना बन्न सकेको छ ।

**कोपिला आश्रम** उपन्यासको कथाको उठान उपन्यासकारको मपात्रले आफ्नै अनुभवबाट गरेको छ । यसमा उसले आफ्नो एक फ्रान्सेली समाजसेवी मित्र मिसेलको परिचय दिएको छ । मिसेल विगत लामो समयदेखि नेपालमै बसोबास गर्दै आएको समाजसेवी हो । नेपाली केटीसँग विवाह गरी यतै बसेको उसले एक अनाथ आश्रम खोली अनाथ बालबालिकालाई आश्रय प्रदान गर्ने, उनीहरूको पढ्ने लेख्ने अवसर जुटाइदिने, स्कुल भवन निर्माणमा आर्थिक सहयोग उपलब्ध गराइदिने, मुटुरोगसम्बन्धी बिरामीको उपचार खर्च बेहोर्नेजस्ता विभिन्न समाजसेवी गतिविधि गर्दै आएको हुन्छ, तर उसले राम्रो गरेको देख्न नसक्नेहरूले उसका बारेमा नकारात्मक बनाबटी कुराहरू बनाई उसको घर फ्रान्ससम्म पुऱ्याइदिन्छन् । यसबाट विक्षिप्त बनेको ऊ त्यही पीडाले छट्पटिएर बेलाबेलामा छाती दुख्यो भन्दै गंगालाल अस्पतालमा उपचारका लागि आउने गरेको जानकारी उपन्यासकारको मपात्रले दिएको छ । उपन्यासकारको मपात्रले अनाथालयबारे बुझ्ने इच्छा व्यक्त गर्दा मिसेलले सोमनाथलाई मपात्रको फोन नम्बर उपलब्ध गराउँछ । सोमनाथले मपात्रलाई फोन गरी शनिबारको दिन उसकै घरमा भेट्ने योजना बनाउँछ र त्यहीँबाट यस उपन्यासको घटनाक्रम सुरु गरिएको छ ।

यसपछि कथानक कोपिला आश्रमतर्फ फर्किएको छ । कोपिला आश्रम एक अनाथालय हो । यसमा विभिन्न ठाउँबाट द्वन्द्वपीडित, अनाथ, बेसहारा, दुर्घटनामा परेका तथा अनैतिक

सम्बन्धबाट जन्मेर छोडिएका बालबालिका भित्रिने गर्छन् । उक्त संस्थाको सञ्चालक हरिराम नेपालीले देशमा भएको विषम परिस्थितिको फाइदा उठाई अबोध बालबालिकाहरूलाई धर्मपुत्र तथा धर्मपुत्रीको नाममा अमेरिका, इटली, जर्मनी आदि देशका नागरिकलाई बेच्ने काम गर्छ । बच्चाको व्यापार गरी जसरी भए पनि बढी नाफा गर्नुपर्ने उद्देश्यका साथ ऊ यसका लागि नयाँ नयाँ जुक्ति लगाउँछ ।

कोपिला आश्रमको सञ्चालक हरिराम नेपालीलाई लेखा तथा अन्य व्यवस्थापकीय रूपमा सहयोग पुऱ्याउने उपन्यासको अर्को म पात्र सोमनाथ छ । उसैले उपन्यासको कथा भनेको छ । कथानक अगाडि बढ्दै जाँदा सोमनाथले कोपिला आश्रमको बारेमा वर्णन गरेको छ । कोपिला आश्रम एउटा भाडाको घरमा सञ्चालित छ । यो संस्था हरिराम नेपालीको एकल स्वामित्वमा सञ्चालित छ । बहिरबाट हेर्दा चर्चित समाजसेवीजस्तो देखिए पनि हरिरामको मुख्य उद्देश्य द्वन्द्व तथा विभिन्न कारणले टुहुरा बनेका वा गरिबले पीडित भएका बालबालिका विदेश पठाई त्यसबापत पैसा आर्जन गर्नु हो । उपन्यासको यो अंशले त्यसलाई पुष्टि गर्छ :

*'एघार वटा त भइसके बैशाखदेखि त', मैले तथ्याङ्क ओकलिदिएँ ।*

*उनले दाहिने हातका औंलामा बाह्र, तेह्र गन्दै बीस पुऱ्याए अनि दङ्ग पर्दै भने, 'बुझ्यौ, यसपालि पनि टप्नुपर्छ सबलाई' । उनले यसरी भन्दै थिए कि मानौं विदेशमा धर्मपुत्रपुत्री पठाउनु एउटा खेल हो जसमा जित्नेले स्वर्णपदक पाउँछ (पृष्ठ १८) ।*

देशमा बढ्दै गएको दशवर्षे माओवादी द्वन्द्वले उसको व्यवसायलाई दिनप्रतिदिन नाफा दिँदै आएकाले उसले मारुती स्विप्ट नामक गाडी आश्रममा भित्राउँछ । उसको आश्रममा शम्भु दाइ, रामप्यारी दिदी, सापकोटा सर, बलराम पन्थीजस्ता व्यक्तिको सहयोगमा अनेक ठाउँबाट बालबालिकाहरू भित्रिन्छन् । यसरी भित्राइएका बच्चाहरू कोही सक्कली अनाथ हुन्छन् भने कुनै नक्कली प्रमाणपत्र बनाई ल्याइएका हुन्छन् ।

*"एउटा फाइलमा बच्चाहरूका फोटा टाँसेका निवेदन । सक्कली गाविसका नक्कली सिफारिसहरू त्यही गाविस हेर्ने पुलिस चौकीका यति गते फलानो गाविसको तिलानो वार्डको फलानो बाटामा भेटिएको फलानो बच्चा" (पृष्ठ ४५) ।*

यसरी ऊ विभिन्न सरकारी निकायका नक्कली प्रमाणपत्र बनाएर सबल तथा बाबुआमा भएका बच्चाहरूलाई पनि कागजी रूपमा अनाथ बनाई विदेश पठाउन तल्लीन छ । नक्कली प्रमाणपत्र बनाउन हरिरामलाई सिन्धुलीका सिडिओ बलराम पन्थीले सहयोग गर्ने गर्छ ।

कथानक अगाडि बढ्दै जाँदा कथावाचक तथा उपन्यासको प्रमुखमध्येको एक पात्र सोमनाथको भेट चर्चित साहित्यकार चापागाईं सरसँग हुन्छ । चापागाईंसँग सोमनाथको परिचय गराउँदै हरिरामले सोमनाथले पनि उपन्यास लेख्ने रहर गरेको र सो सम्बन्धमा चापागाईं सरले सहयोग गर्नुपर्ने भन्दछ । चापागाईंले पनि सोमनाथले चाहेमा आफूले सक्दो सहयोग गर्ने बताउँदा सोमनाथभित्र सुषुप्त रूपमा रहेको साहित्यकार हुने रहर जागेर आउँछ ।

कोपिला आश्रममा लेखासम्बन्धी काम गर्ने सोमनाथलाई आश्रमको व्यवस्था केकस्तो भइरहेको छ भन्ने सबै जानकारी हुन्छ । हरिरामले आफ्नो ल्यापटप बिग्रेर सोमनाथलाई बनाउन पठाएको हुन्छ । यसै क्रममा ल्यापटपमा 'बाइप्रोडक्ट' शीर्षकमा २ देखि ९७ नम्बरसम्मका कथाहरू हुन्छन् । सोमनाथले ती कथाहरूलाई आफ्नो पेनड्राइभमा सारेको र फुर्सदको समयमा ती सबै कथा पढेको हुन्छ । उपन्यासमा त्यसपछि क्रमिक रूपमा ती कथाहरू प्रस्तुत हुन्छन्, जसमा माओवादी द्वन्द्वबाट समाजको संरचना कसरी प्रभावित हुन्छ र अनाथालयसम्म आइपुग्ने गरी बालबालिका कसरी टुहुरा हुन्छन् भनी हृदयविदारक कथाहरू प्रस्तुत गरिएका छन् ।

पहिलो कथा 'बाइप्रोडक्ट १७-१८ २०५५, असार' मा रुकुमको कोटजहारी गाविसमा घटेको विश्वप्रकाश सर र उसकी श्रीमती कस्तुरीको कथालाई प्रस्तुत गरिएको छ । विश्वप्रकाश नजिकैको स्कुलमा पढाउँछ । माओवादी जनयुद्धमा समेत होमिएको उसको घरबाट प्रहरिले विभिन्न कम्युनिस्ट विचारधाराका किताब तथा माओवादी युद्धसम्बन्धी विभिन्न दस्ताबेजहरू भेटाउँछ र यही निहुँमा ऊ र उसकी पत्नीको बीभत्स हत्या हुन्छ । सइ पदमबहादुर र उसका सिपाही साथीहरूले कस्तुरीको अस्मिता लुटेर हत्या गर्छन् । सिपाहीकै गोलीले विश्वप्रकाश मारिन्छ । बाबुआमा दुवैको मृत्युपश्चात् श्याम र गोपाल कोपिला आश्रम भित्रिन्छन् । त्यहीँबाट गोपाल धर्मपुत्रका नाममा अमेरिकी दम्पतीलाई बेचिन्छ । श्याम भने बढी उमेर भएका कारण कसैले स्वीकार नगरेपछि आश्रमकै स्थायी सदस्य बनी बसेको हुन्छ ।

यसरी बाइप्रोडक्ट शीर्षक दिएर १० वर्ष जनयुद्धमा भयानक अवस्था र यसले नेपाली समाजको संरचनामा कसरी खलबली ल्यादियो भनी चित्रण गरिएको छ । समाजबाट बहिष्कृत हुँदै समाजमा नै पुनर्स्थापना भएको विश्वप्रकाशको परिवारको कसरी क्षतविक्षत भएको छ भनी बाइप्रोडक्ट १७-१८ मा प्रस्तुत गरिएको छ । यसले एकातिर १० वर्षे गृहयुद्धले मानवसमाजमा पारेको नकारात्मक असरको हृदयविदारक तसबिर बताएको छ भने अर्कोतर्फ समाजसेवाको नाममा हरिरामजस्ता कुपात्रहरूले कसरी समाजको शोषण गरिरहेका छन् भन्ने यर्थाथको उजागर भएको छ ।

'बाइप्रोडक्ट नं ७४' मा वि.सं. २०५८ फागुनमा भएको अर्को घटनामा पुतलीको कथालाई प्रस्तुत गरिएको छ । पुतलीले हर्कलालसँग भागेर विवाह गरे पनि माओवादी जनयुद्धको सन्त्रासले उसको श्रीमान् उसलाई छाडेर भाग्छ । आफ्नो जवानीको यौन इच्छा मेटाउन नपाउँदा छट्पटिएकी पुतलीले एकदिन घुम्दै आएको कामरेड बिद्रोहसँग बोल्ने, जिस्कने गर्दागर्दै शरीर नै सुम्पिन्न पुग्छे । झुटा आशा देखाई जवानीको प्यास मात्र मेट्न खोजेको कामरेड विद्रोहले आफ्नो नासो पुतलीको कोखमा छोडेर बेपत्ता हुन्छ । पुतली बिनालोग्नेकी आमा बन्न लाग्दा समाजबाट बहिष्कृत हुन्छे र अनेक ठाउँमा भौंतारिन्छे । यसै क्रममा कोसी नदी किनारमा क्रसर उद्योगका लागि ज्यामी काम गरेर आफ्नो जीवन निर्वाह गर्दै गर्दा पुनः कामरेड विद्रोह वा अरू नै कसैको खोजीमा दुई वर्षे छोरोलाई छाडेर पुतली मुक्तिदाताको पछि लाग्छे । आमाले छोडेर गएपछि पुतलीको छोरा सन्तोष बोहोरा कोपिला आश्रममा भित्रिन्छ र त्यहीँबाट अमेरिकी दम्पतीलाई धर्मपुत्रको नाममा मोटो रकमका साथ बेचिन्छ ।

कथानक क्रमशः अगाडि बढ्दै जान्छ । बीचबीचमा कोपिला आश्रमको लेखाजोखा तथा अनाथ बालबालिकाको खोजीजस्ता घटनाहरूको बेलिविस्तार लगाइएको छ । यसै क्रममा आश्रमको सञ्चालक हरिराम आफ्नो बजारीकरणको लागि अमेरिका जान्छ । त्यहाँ उसले आफ्नो बजार विस्तार गर्ने योजना बनाउँछ । 'हरिराम जी व्यापार प्रवर्द्धनका लागि अमेरिका गएको पर्सिपल्ट आश्रमबाट एउटी फुच्ची हराई' (पृष्ठ ६५) यसरी नाममात्रको समाजसेवाको नाममा कसरी अनाथ बालबालिकालाई वस्तुसरह विदेश पुऱ्याइन्छ भन्ने कुरा उपन्यासमा उल्लेख छ ।

कथानक अगाडि बढ्दै जाँदा आश्रम सञ्चालक अमेरिका भम्रण गएको र आश्रमको जिम्मेवारी सोमनाथले सम्हालेका बेला गीता नामक एउटी बालिका आश्रमबाट गायब हुन्छे ।

बालिका हराएकोमा अतालिएको सोमनाथले बालिकाको खोजीको निकै प्रयास गर्छ । बालिका नभेटिएपछि हरिरामलाई कसरी चित्त बुझाउने भन्दै उपायको खोजीमा रहेको सोमनाथलाई हरिरामले गर्नु गाली गर्छ । यसै गरी आश्रम सञ्चालकले आफ्नो धन्दा चलाउन कसरी सरकारी मानिसलाई प्रयोग गर्छ भन्ने कुरा पनि उल्लेख छ ।

'बाइप्रोडक्ट नं. १०२, २०६० बैशाख' शीर्षकमा सान्दिदीको कथा प्रस्तुत गरिएको छ । बाबुलाई औलोले र आमालाई गोमन सर्पले टोकेर मृत्यु भएपछि बाबुआमाको सहारा छुटेकी कान्छी भएका दाजुभाइ पनि मुग्लान भासिएपछि एक्ली बन्न पुग्छे । ऊ जीवन धान्नका लागि नेपालगञ्ज गुलरियामा चिया पसल गर्दागर्दै रक्सी व्यापार गर्न पुग्छे । यही क्रममा एक ट्रक ड्राइभरलाई आफ्नो शरीर पनि सुम्पन्छे । सान्दिदीको बिचल्ली पारेर ड्राइभर बेपत्ता हुन्छ । उसले दिएको नासो पेटमा हुर्कँदै गर्दा उसका आफन्त, साथी सबैले साथ छाड्छन् । त्यसैमा बेसहारा सान्दिदीलाई मोटे ठेकदारले सहारा दिन्छ । उसले सकुशल छोरो पाउँछे र त्यसलाई बिस्तारै हुर्काउँछे । जीविकोपार्जनका लागि होटल सञ्चालन गरेर आफ्नो जीवनस्तरमा सुधार गर्दै गएकी सान्दिदी एक दिन त उसको छोराको बाबु फर्कन्छ भन्ने आशामा बाँचेकी हुन्छे ।

सान्दिदीको छोरा पर्शुराम र उसको खेल्ने साथी सन्तवीर सडकको छेउमा बसी कति नम्बरको गाडी आयो भन्ने खेल खेलिरहेका हुन्छन् । त्यस खेलमा सन्तवीरले उसलाई पटक पटक हराउँछ । त्यसैले पर्शुराम रिसाउँछ । उनीहरूको यस्तै खेल भैरहेका बेलामा चिसापानीको उक्त सडकमा विद्रोही जनमुक्ति सेना र नेपाली शाही सेनाहरूले गोली पड्काउँछन् र त्यहाँ भएका एकराज, लाटादाइ, सान्दिदी लगाएतका आठजनाको एकै चिहान हुन्छ । त्यस घटनामा बच्न सफल पर्शुराम केही दिनपछि कोपिला आश्रममा भित्रिन्छ र अमेरिकी दम्पतीको धर्मपुत्र बन्न पुग्छ ।

माथि उल्लेखित 'बाइप्रोडक्ट नं १०२' को कथामा उल्लेख गरेजस्तै माओवादी युद्धका कारण बुबाआमाको निधन भएपश्चात् अनाथ बनेका बालबालिका कोपिला आश्रमका आर्थिक उपार्जनको राम्रो स्रोत भएका छन् । कोपिला आश्रमको सञ्चालक हरिरामले आफ्नो कर्मचारी सोमनाथसँग आश्रमको आम्दानीबारे छलफल गर्छ । सरकार र माओवादीबीच हुने पटक पटकका युद्धविरामले चाहिँ हरिरामलाई झस्काउने गर्दछ । यसैबीच कोपिला आश्रममा एक जना इसाई धर्मावलम्बी फादर आउँछ । इसाई धर्मको प्रचार गर्नु उसको प्रमुख काम हो । उसले

कोपिला आश्रमका सञ्चालकलाई पनि आफ्नो धर्मको राम्रो पक्षको बारेमा बुझाउने कोसिस गर्दछ । आफ्नो फाइदाको निम्ति जस्तोसुकै त्याग गर्न पनि तयार हुने हरिराम आफ्नो अफिसमा जिसस क्राइस्टको तसबिर राख्न तयार हुन्छ ।

'बाइप्रोडक्ट न. १७८' मा छविलाल पण्डितको कथालाई प्रस्तुत गरिएको छ । धार्मिक व्यक्तित्व भए पनि ऊ जातीय छुवाछुत प्रथाको कट्टर विरोधी हुन्छ । रामपुर बहुमुखी क्याम्पसलाई राम्रो र पक्की बनाउने उद्देश्यले लगाइएको श्रीमद्‌भागवत् पुराणमा उसलाई हिन्दु धर्मको प्रचारक बनेको भन्दै माओवादी लडाकुहरूले उससँगै मानबहादुर विश्वकर्मालाई पनि गोली हानी मार्दछन् । त्यसपछि मानबहादुरकी कान्छी छोरी जानुकादेवी कोपिला आश्रममा भित्रिन पुग्छे । कोपिला आश्रमबाट जानुकालाई जर्मन दम्पतीले धर्मपुत्री बनाई लैजान्छन् ।

**कोपिला आश्रम** उपन्यासका कथाहरूको समयक्रमले ठ्याक्कै २०५२ पछिको नेपाली राजनीतिको मूलधारलाई पक्रेको छ । सरकार र माओवादीबीच सम्पन्न सफल शान्ति सम्झौतापछि हरिराम नेपाल आफ्नो अनाथालयवाला धन्दा बन्द हुने हो कि भन्ने चिन्ताबाट ग्रस्त देखिन्छ । तर, उसको अनुमान विपरीत उसको इच्छा पूरा गर्ने खालको राजनीतिक वातावरण विकसित हुन थाल्छ । १० वर्षे जनयुद्धको समाप्तिपछि पनि पुनः विभिन्न जातीय तथा क्षेत्रीय आन्दोलनले हरिरामजस्ता धन्दावालाको व्यवसाय फस्टाउने मौका मिल्छ । रौतहटको गौर काण्ड, कपिलवस्तुको आम नरसंहार काण्ड तथा पूर्वी नेपालको जातीय तथा क्षेत्रीय आन्दोलनले हरिरामलाई राहात दिएको हुन्छ । यस सन्दर्भमा उपन्यासको एउटा प्रसङ्ग यसप्रकार रहेको छ :

> *'सुरुमा त हरिरामजीहरूको दिन फिरेकै थियो । माओवादी शान्तिसम्झौता गरेर सरकारमा आइसकेपछि बच्चाहरूको धन्दा मन्दीमा होला कि जस्तो भएको थियो, अरू द्वन्द्वहरू थपिइहाले । गौर घटनाले गर्दा केही माझीलाई हौसला दियो । मधेशको पानी धमिलो देख्ने वित्तिकै पिपलपाते नेताहरूको चालखेल बढ्दै गयो । भदौतिर शेख जमाललाई कुदरबेटवाको घरबाट बालापुर खेततिर जाँदै गर्दा शान्तिप्रेमी माओवादीले गोली हाने । सलमा बेगम फेरि बेवा भइन् । अनि त बस् शेख जमालको हत्याको विरोधमा पूरै कपिलवस्तु जल्यो । ... मुसलमान, अरू मधेशवासी र पहाडेबीचको शोधप्रतिशोधले कपिलवस्तु, दाङ र रुपन्देही आसपासमा पुनः एकपटक हिंसात्मक आतङ्क मच्चियो । हरेका समुदायका निर्धाहरू फेरि घुनझैँ पिसिए । बलियाहरुले त्यही मौकामा राम्ररी जाँतो घुमाए । सो घटनाको सहउत्पादनका रूपमा तयार भएका नौ जना भुराभुरीलाई चाहिँ मै गएर २०६४ साल असोज अन्त्यतिर कोपिला आश्रम भित्र्याएँ (१५४) ।*

बाइप्रोडक्ट कथाको सिलसिलाको छैठौँ कथा 'बाइप्रोडक्ट नं २०४, २०६३' हो । बृहत् शान्ति सम्झौता भइसकेपछिको यो घटना जनकराज उप्रेती भन्ने एकजना माओवादी कार्यकर्ताको हो । उक्त कथामा जनराज उप्रेतीले गोरखाकी गुरुङ थरकी केटी शारदासँग प्रेम विवाह गरेको, श्रीमतीलाई पनि ट्रान्सफर्मर बनाउने काममा लगाइदिएको र आफू पनि हैटौँडा औद्यौगिक क्षेत्रमा म्यानेजर भई काम गरेको, पछि सुपरभाइजर भएको, जनकराज माओवादी पार्टीको सदस्य बनेको, पार्टीप्रतिको आफ्नो योगदान देखाउने उद्देश्यले गौरमा हुन लागेको माओवादी आमसभामा अन्य जनसहभागिता जुटाउन रातदिन मेहनत गरेको, फोरम पार्टीले गौरको सोही स्थानमा जहाँ माओवादी पार्टीको आमसभा गर्ने भनी पर्चा बाँडेको थियो सोही ठाउँमा आमसभाको आयोजना गरेको, त्यही कारणले दुई पार्टीका नेता तथा कार्यकर्ताबीच द्वन्द्व चर्केको, ठुलाठुला नेता भागेको तर साना नेता तथा कार्यकर्ताहरू एक आपसमा लड्दा गोली चलेको, धेरै जना घाइते र कैँयौ जनाको ज्यान गएको, जनकराज उप्रेतीले पनि त्यही आन्दोलनमा परी ज्यान गुमाएको, क्षतिपूर्तिको मागका लागि धर्ना बसेकी शारदासँग अनेक जुक्ति लगाएर रामप्यारी दिदीले सौभाग्यलाई कोपिला आश्रम भित्राएको र हरिरामले धर्मपुत्र बनाउन अमेरिकी दम्पतीलाई सुम्पिएको जस्ता घटनाका शृङ्खलाहरू पर्दछन् ।

'बाइप्रोडक्ट नं २७८' मा जगन्नाथ सरको कथालाई प्रस्तुत गरिएको छ । जगन्नाथ क्रान्तिकारी विचार भएको समाज परिवर्तन गर्न खोज्दै हिड्ने लालीखर्क मा.वि को शिक्षक हो । समाजमा पुँजीपति वर्ग र समाजवादी वर्गबीचको विभेद हट्नुपर्छ भन्दै जनमुक्ति सेनामा हिँडेको ऊ पार्टीभित्रको खराब मानसिकता र द्वन्द्वले वाक्क भई त्यहाँबाट उम्कन खोज्छ तर सक्दैन । अनमिन प्रमाणीकरणपछि घर फर्केर गएपछि ऊ कहिल्यै माओवादी क्याम्पभित्र नछिर्ने अठोट गर्छ र आफ्नो गाउँ गई खेतीकिसानी गर्छ । खेतीकिसानी गरेर उत्पादित वस्तुलाई बजारमा लैजाँदा लिम्बूवान स्वायत्त प्रदेश तथा त्यसले लगाउने कर तिर्नुपर्ने बाध्यता देखेर तथा त्यसको विरोध गर्दा ज्यानै जान सक्ने सम्भावना देखी ऊ बसाइँ सरी पहाडतिर जान्छ । एकदिन पहिरोमा परी उसले ज्यानै गुमाउँछ । उसको पुत्र विवेक त्यही घटनापछि कोपिला आश्रम भित्रिन पुग्छ र धर्मपुत्रका नाममा अमेरिका पठाइन्छ ।

दशवर्षे सशस्त्र द्वन्द्वजस्तै दिन प्रतिदिन चर्केको हरिरामको व्यापार २०६३ को शान्ति सम्झौतापछि क्रमशः ओरालो लाग्दै जान्छ । एकदिन त्यही तनावमा रक्सी पिउँदा पिउँदै

हरिरामले सोमनाथलाई वर्षौंदेखि लुकाएर राखेको 'बाइप्रोडक्ट नं १' मा भएको रोचक कहानी सुनाउँछ ।

सिन्धुपाल्चोकको एक तामाङले आफ्नो घरमा जस्ताको छानो हाल्न आफ्नी १५ वर्षकी माइली छोरीलाई केही कुरा बुझ्दै नबुझी भान्जासँग पठाउँछ । तामाङकी छोरीलाई बम्बईमा बेचेर भान्जो भाग्छ । जसोतसो त्यो नारकीय जीवनबाट सानुकान्छी भाग्न सफल हुन्छे । बाँच्नका लागि अरूको घरमा काम गर्दा गर्दै बझाङे कुल्लीसँग प्रेम गर्न पुगेकी सानुकान्छी उसबाट पनि ठगिन्छे । पेटमा उसको नासो हुर्किरहेको अवस्थामा एक्ली बनेकी सानुकान्छीले जसोतसो त्यो बच्चालाई जन्म दिएकी र हुर्काएकी हुन्छे । त्यो बच्चा अरू कोही नभएर स्वयम् हरिराम हुन्छ । बाबुको नाम पनि थाहा नभएको उसलाई एक समाजसेवी दिदीले लालबहादुर थापा भन्ने नाम दिन्छे । स्कुल पढ्न जाँदा बाबुको नाम सोध्दै लालबहादुरलाई सबैले जिस्काउने र कट्टु तान्दिने, ढुङ्गाले हान्ने, नाडीमा "मेरा बाप कौन है" भनी लेख्दिने जस्ता कार्य गर्छन् । यिनै कारण उसको मनमा हीनताबोध र विद्रोहको भावना उब्जेकाले आमाको मृत्युपश्चात् ऊ बम्बई सहर छोडी काठमाडौं भित्रिन्छ । काठमाडौंमा गर्नलाई केही काम नदेखेर केही समय विराटनगरको एक स्कुलमा शिक्षण पेसा गर्छ । त्यसको केही समय पछि इटहरिको एक स्कुल भाडामा लिई चलाउँछ । त्यस कार्यमा पनि टिक्न नसकेपछि पुनः काठमाडौं आउँछ । बलराम पन्थीको सहयोगमा आश्रम संस्था खोलेर बसेकोजस्ता घटना हरिरामले सोमनाथलाई सुनाउँछ ।

उपन्यासमा कथावाचक सोमनाथलाई उपन्यास लेख्ने इच्छा रहेकाले चापागाईं सरसँग उपन्यास कसरी लेख्ने भन्नेबारेमा सिक्ने, बुझ्ने प्रयास गर्दा पनि नसकेका कारण आफूले कोपिला आश्रम नामक संस्थासँग काम गरेबापत प्राप्त गरेका बाइप्रोडक्टसम्बन्धी कथाहरू सुनाउँछ । उपन्यासकारले त्यहीँबाट यस उपन्यासको कथावस्तु एवं कथानक प्राप्त गरेका छन् ।

यसप्रकार विभिन्न कथाहरूलाई एक आपसमा जोडेर कथानक बनेको उपन्यासको कथानकको आरामभ कोपिला आश्रम नामक संस्थाको परिचय र त्यसको सञ्चालक हरिराम नेपालीको चरित्रचित्रणबाट भएको छ । कथानकको मध्य भागमा कोपिला आश्रमले गर्ने विभिन्न गतिविधि र द्वन्द्वसँगै फस्टाएको हरिरामको व्यापारको बयान गरिएको छ र दशवर्षे माओवादी सशस्त्र द्वन्द्व र त्यसपछि तत्कालीन सरकार र माओवादीका बीचमा भएका शान्ति प्रक्रियाका

कारण हरिरामको धर्मसन्तानका नाममा बच्चाहरूलाई बेच्ने धन्दाको अन्त्य भएको देखाउँदै उपन्यासको कथानकको समाप्ति भएको छ ।

## ४.४ पात्र

उपन्यासमा उभाइएका व्यक्तिहरू नै पात्र हुन्, ती चाहे मानिस हुन् या अरू कुनै मानवेतर प्राणी । कथावस्तुको विकास नै पात्रको क्रियाकलापबाट हुन्छ । उपन्यासमा चित्रित पात्रहरू घटना, समय एवं वातावरण अनुकुल हुनुपर्दछ । यसले उपन्यासलाई सफल बनाउन सहयोग गर्दछ । उपन्यासमा चित्रित पात्रहरूको वर्गीकरण एवं विश्लेषण गर्ने प्रमुख आधारहरू लिङ्ग, प्रवृत्ति, स्वभाव, जीवनचेतना, आसन्नता, आबद्धता आदि रहेका छन् ।

**कोपिला आश्रम** उपन्यासमा बहुपात्रको प्रयोग गरिएको छ । यहाँ विभिन्न समाज तथा सस्कृति एवं परिवेशका पात्रहरूको प्रयोग भएको छ । बाइप्रोडक्टका विभिन्न घटना तथा कथाहरूमा आएका विभिन्न किसिमका पात्र तथा **कोपिला आश्रम** सञ्चालक र त्यहाँ संलग्न पात्रहरूको चित्रण यस उपन्यासमा भएको छ । यस उपन्यासमा मञ्चित पात्र र अन्य केही नेपथ्य पात्रहरू छन् । प्रमुख पात्रमा कोपिला आश्रम नामक अनाथालय सञ्चालक हरिराम नेपाली र उसको सहयोगी सोमनाथ ओली छन् । उपन्यासमा उपस्थित भएका अन्य सहायक पात्रहरूमा उपन्यासकारको मपात्र, रामप्यारी दिदी, श्याम, सि.डि.ओ बलराम पन्थी, चापागाइँ सर, साइमन, पुतली, कामरे विक्रम, शेख जमाल, छविलाल पण्डित, सान्दिदी आदि रहेका छन् ।

### ४.४.१ मुख्य पात्र

प्रस्तुत उपन्यास **कोपिला आश्रम**मा प्रत्यक्ष रूपमा आएका प्रमुख तथा सहायक पात्र तथा तिनको चरित्रचित्रण यसप्रकार रहेको छ :

**हरिराम नेपाली**

हरिराम नेपाली **कोपिला आश्रम** उपन्यासका प्रमुख पात्र हो । उपन्यासको सुरुदेखि अन्त्यसम्म हरिरामकै स्वभाव एवं व्यवहारको चित्रण गरिएको छ । अनाथ, बेसहारा एवं द्वन्द्वपीडित बालबालिकाहरूलाई धर्मसन्तानका नाममा विदेशीलाई बेच्ने धन्दा सञ्चालन गर्ने काम गरेको हरिराम यो उपन्यासको केन्द्रीय पात्र पनि हो । ऊ यस उपन्यासको प्रतिकूल पात्र

हो । समाजसेवाको नाममा अनाथ तथा विचल्लीमा परेका बच्चाहरूलाई व्यापारको रूपमा प्रयोग गर्ने र आफ्नो खल्ती भर्ने ढोँगी समाजसेवीहरूको प्रतिनिधि पात्रका रूपमा उसलाई चित्रण गरिएको छ ।

उपन्यासको नकारात्मक पात्र हरिराम बम्बईमा आफ्नै बाबु तथा मामाबाट बेचिएकी सानुकान्छीको कोखबाट जन्मिएको हो । यो कुरा उसले रक्सीले मातेको बेला सहयोगी सोमनाथलाई सुनाउँछ । आमाको प्रेमीले ऊ पेटमा हुँदा नै छोडेर गएकाले बिनाबाबु जन्मिन पुगेको उसलाई स्कुल पढ्दा सबै साथीहरूले बाबुको नाम सोध्दै अनेक पीडा दिन्छन् । बच्चै बेलादेखि पाएको त्यही पीडाले ऊ सानैदेखि विद्रोही स्वभावको हुन्छ ।

बिरानो ठाउँमा हरिरामले निकै कष्ट बेहोर्दछ । उसको टोलका केटाहरूले जिस्काउने, हेप्ने गर्दा उसलाई आफ्नो ठाउँको अभाव खड्किरहन्छ ।

> *'हातखुट्टा चार जनाले अँठ्याएकाले बचेको टाउकाको मायै नगरी जमाएर हिर्काउँदा गोदना खोप्ने राक्षसको नाथ्री फुटाइदिएकाले अझ उग्र भएका केटाहरूले निकै भकुरे पनि । अनि मेघना दिदी आएर उसलाई बचाउनभन्दा अगाडि नै सानो टाटो त खोप्न भ्याइहाले । पूरै धाराबीको धारा बदल्ने अभियानमा लागेकी मेघना दिदीले लाल बहादुरलाई नाम मात्र दिइनन्, जिन्दगीभरीको प्रताडानाबाट पनि पुनः एकपटक बचाइदिइन्' (पृष्ठ १९०) ।*

आमाको टी.बी. बिग्रेर मृत्यु भएपछि हरिराम काठमाडौँ जान्छ । काठमाडौँमा बाँच्न सक्ने गरी कुनै काम नपाएपछि ऊ विराटनगर जान्छ । विराटनगरको एक स्कुलमा लालबहादुर थापाका नाममा शिक्षक भई काम गर्छ । यसै नामबाट उसले तेह्रथुमबाट नागरिकता प्राप्त गरेको हुन्छ । विराटनगरको स्कुलमा पढाउँदा पढाउँदै त्यहीँ पढाउन आएकी एक नयाँ शिक्षिकासँग विवाह गरेर दुवै जनाको सल्लाह बमोजिम इटहरिमा भाडाको स्कुल सञ्चालन गर्छ । स्कुलको प्रगतिसँगै उसकी श्रीमतीको मन परिवर्तन हुन्छ र घरजग्गा आफ्नो बनाई उसलाई त्यागिदिन्छे । त्यसपछि उसलाई पीडामाथि पीडा थपिन्छ । त्यही पीडा भुल्न ऊ काठमाडौँ जान्छ । बलराम पन्थीको सहयोगमा काठमाडौँ जिल्लाबाट नागरिकता बनाई कोपिला आश्रम नामक संस्था सञ्चालन गर्छ । त्यहीँबाट उसको धन्दा सुरु हुन्छ । उसको सानैदेखिको धनी बन्ने सपना कोपिला आश्रमको सञ्चालनबाट पूरा हुन्छ । यसरी जीवनमा आइपरेका विभिन्न समस्यासँगको जुधाइसगैँ परिवर्तन भएको हरिराम यस उपन्यासको गतिशील पात्र हो ।

उसले आफ्नो आश्रमको धन्दामा सक्कली तथा नक्कली दुवै खालका अनाथ बालबालिकालाई समावेश गर्ने गर्छ । सिन्धुलीको सिडिओ बलराम पन्थीले नक्कली अनाथको सक्कली प्रमाणपत्र बनाउन सहयोग गर्दछ । हरेक दिनको समाचार पत्रमा हरिराम द्वन्द्व एवं आन्दोलनका घटना सुन्ने र पढ्ने चाहना राख्छ । ऊ भन्छ : "मलाई काम लाग्ने खबर छ कि छैन, म त सुँधैरै थाहा पाउँछु (पृष्ठ ४३) । आफ्नो धन्दालाई असर नपरोस् भनेर ऊ बढी नचल्ने पत्रिकामा अनाथ भनिएका बालबालिकालाई हकदाबी गर्ने सूचना छाप्छ । यसबाट ऊ पैसा कमाउन कतिसम्म खराब काम गर्न समेत पछि पर्दैन भन्ने कुराको पुष्टि हुन्छ ।

समग्रमा हरिराम लिङ्गका आधारमा पुरुष पात्र, उपन्यासको सुरुदेखि अन्त्यसम्म केन्द्रीय भूमिकामा देखिएकाले प्रमुख पात्र, स्वभावका आधारमा गतिशील पात्र, प्रवृत्तिका आधारमा प्रतिकूल, जीवनचेतनाका आधारमा वर्गीय, आसन्नता तथा आबद्धताका आधारमा मञ्चीय र बद्ध पात्र हो ।

**सोमनाथ ओली**

**कोपिला आश्रम** उपन्यासको अर्को महत्त्वपूर्ण पात्र सोमनाथ ओली हो, ऊ यस उपन्यासको कथावाचक पनि हो । उपन्यासमा प्रमुख पात्रको हैसियत राख्ने भए पनि उसले आफुलाई सहायक पात्रका रूपमा प्रस्तुत गरेको छ । उपन्यासको सर्वदर्शीपात्रका रूपमा उपस्थित सोमनाथ हरिरामद्वारा सञ्चालित आश्रममा लेखासम्बन्धी कार्य गर्दछ । कोपिला आश्रमद्वारा सञ्चालित बाइप्रोडक्टवाला धन्दामा उसका सहयोगी भूमिकामा रहेकाले ऊ पनि यस उपन्यासको प्रतिकूल पात्र हो । लेखक बन्ने चाहना राखेर कोसिस गर्दा पनि असफल भएका उसले हरिरामको सहयोगी भएर काम गर्दा प्राप्त बाइप्रोडक्टसम्बन्धी सबै घटना उपन्यासमा उपन्यासकार 'म' लाई उपलब्ध गराएको छ ।

देशमा व्याप्त सशस्त्र द्वन्द्वको समाप्तिसँगै ओरालो लागेको कोपिला आश्रमको धन्दालाई उसले पछि साथ छोडेको छ र राम्रो काम गर्न अग्रसर भएको छ । साँच्चैका अनाथ बालबालिकाहरूको सेवामा लागेको छ । उसको उपस्थिति उपन्यासको सुरुदेखि अन्त्यसम्म रहेकाले ऊ यस उपन्यासको गतिशील, बद्ध एवं मञ्चीय पात्र हो ।

### ४.४.२ सहायक पात्र

**श्याम**

बाइप्रोडक्ट नं १७-१८ मा आएको विश्वप्रकाश सर र कस्तुरी दिदीका दुई सन्तान मध्येको जेठो छोरो श्याम बाबुआमा दुवैलाई गुमाएपछि भाइसँगै कोपिला आश्रम भित्रिएको हो । भाइलाई विदेशीले धर्मसन्तानको रूपमा स्वीकार गरे पनि उसको बढी उमेरका कारण ऊ कोपिला आश्रमकै स्थायी सदस्य बन्न पुगेको हुन्छ । ऊ ओछ्यानमा पिसाब फेर्ने कारणले सधैं हरिरामको गाली खाने गर्दछ । हरिरामले श्यामलाई आश्रमबाट पढ्ने वातावरण मिलाइदिएकाले ऊ पछि एक सक्षम व्यक्तिका रूपमा प्रस्तुत हुन पुगेको छ । भाइ गोपाल, सोमनाथ तथा अन्य व्यक्तिको सहकार्यमा उसले साँच्चिकैका अनाथहरूलाई सहयोग गर्ने एक नेपाली बालग्राम नामक संस्था सञ्चालन गरेको हुन्छ । समग्रमा श्याम यस उपन्यासको भूमिकाको आधारमा सहायक, स्वभावका आधारमा अनुकूल, आसन्नता र आबद्धताका आधारमा मञ्चीय तथा बद्ध पात्र हो ।

**रामप्यारी दिदी**

कोपिला आश्रमका अनाथ बालबालिकाहरूलाई देशका विभिन्न स्थानबाट ल्याउने काम गर्ने रामप्यारी दिदी यस उपन्यासकी सहायक नारी पात्र हो । ऊ सानोठिमीमा तरकारी बेच्दा बेच्दै तामाङ ड्राइभरसँग बिहे गर्न पुग्छे । गाडी ड्राइभरको दोस्री श्रीमतीका रूपमा भित्रिएकी उसले तीन छोरी छारी जन्माएका कारण अनेक यातना पाउँछे । उसमाथि सौता थपिन्छे । यी सबै कारण ऊ घर छाड्न बाध्य हुन्छे । एक्लो जीवन धान्नका लागि बम्बई लैजाने केटी मिलाउने काम गर्दागर्दै जेल परेपछि उक्त कामलाई त्यागी अनाथ बालबालिकालाई आश्रम लैजाने काम उसले रोजेकी हुन्छे । कोपिला आश्रम सञ्चालककी एक भरपर्दो सप्लार्यस रहेकी रामप्यारी दिदी यस उपन्यासकी गतिशील, मञ्चीय एवं बद्ध चरित्रका रूपमा प्रस्तुत भएकी छ ।

**म पात्र** (**उपन्यासकार कोइराला**)

यस उपन्यासको म पात्र उपन्यासकार कोइरालाको रूप हो भन्ने बुझिन्छ । ऊ उपन्यासको पृष्ठभूमि र उपन्यासको उपसंहार खण्डमा उपस्थित भएको छ । उपन्यासको सुरुमा आफ्नो फ्रान्सेली साथी मिसेलको परिचय दिदैं उपस्थित भएको छ भने उपन्यासको यसै खण्डमा

सोमनाथले उसलाई फोन गरी अनाथालयको जानकारी गराउन शनिबार भेट्ने कार्यक्रम तय भएको र उपन्यासको अन्त्य तथा उपसंहार खण्डमा उसले कोपिला आश्रमसबन्धी सम्पूर्ण घटना एवं जानकारी उपलब्ध गराएको प्रसङ्ग प्रस्तुत गरिएको छ । उपन्यासकारको म पात्र यस उपन्यासको स्थिर (गतिहीन), अनुकूल, बद्ध एवं मञ्चीय पात्रका रूपमा प्रस्तुत भएको छ ।

**पवन**

पवन यस उपन्यासमा एक सम्पन्न व्यक्तिका रूपमा परिचित छ । मकालु ट्रेर्डसको मालिक पवनले नै उपन्यासको कथावाचक सोमनाथ ओलीलाई कोपिला आश्रममा काम गर्नुपूर्व र कोपिला आश्रम छोडेपछि काम दिएको छ । समग्रमा ऊ उपन्यासको कार्यव्यापारका आधारमा सहायक, स्वभावका आधारमा गतिशील, जीवन चेतनाका आधारमा व्यक्तिगत, आसन्नताका आधारमा मञ्चीय एवं बद्ध पात्र हो ।

**चापागाईं सर**

उपन्यासमा चर्चित साहित्यकार एवं समालोचकका रूपमा चापागाईं सरलाई उभ्याइएको छ । उसले सोमनाथलाई लेखक बन्न विभिन्न तरिकाहरू सिकाउने काम गरेको छ । उसले आफूलाई संस्कृत तथा बङ्गाली भाषाको ज्ञाता ठान्दछ । सोमनाथ पटकपटक उसलाई भेट्न जान्छ तर कुनै ठोस काम बिनै फर्कन्छ । ऊ यस उपन्यासको प्रवृत्तिका आधारमा अनुकूल, आसन्नता तथा आबद्धताका आधारमा मञ्चीय एवं मुक्त र स्वभावका आधारमा गतिहीन पात्रका रूपमा उपस्थित भएको छ ।

**फादर साइमन**

फादर साइमन यस उपन्यासको अर्का महत्त्वपूर्ण पात्र हो । उपन्यासको सुरुवातबाटै आफ्नो स्थान पाएका अनि इसाई धर्मको प्रचारक हो । कोपिला आश्रमको सञ्चालक हरिराम नेपालीसँग राम्रो सम्बन्ध भएको उसले हरिरामलाई पनि क्रिस्चियन बनाउन ठुलो प्रत्यन गर्दछ । सबैतिरबाट फाइदा लिन जानेको हरिराम पनि उसको धर्म मानेजस्तो गर्दछ । हाम्रो समाजमा विभिन्न लोभ तथा प्रलोभन देखाई धर्म प्रचार गर्दै हिँड्ने र आफ्नो धर्मलाई मात्र फरक र ठुलो बनाउने समाजको प्रतिनिधि पात्रका रूपमा ऊ उपस्थित भएको छ । ऊ यस उपन्यासको

अनुकूल, आसन्नता तथा आबद्धताका आधारमा मञ्चीय एवं मुक्त र स्वभावका आधारमा गतिहीन पात्रका रूपमा उपस्थित भएको छ ।

**बलराम पन्थी**

बलराम पन्थी नेपाल सरकारको उच्च तहको कर्मचारी हो । तर ऊ हरिरामजस्ता तस्कर तथा अमानवीय कार्य गर्ने व्यक्तिलाई सरकारी पदको दुरुपयोग गर्दै विभिन्न नक्कली कागजात बनाउन सहयोग गर्ने काम गर्दछ । हाम्रो समाजका विभिन्न खराब चरित्रमध्ये पर्ने बलराम पन्थी यस उपन्यासका एक प्रतिकूल पात्र हो ।

**विश्वप्रकाश सर**

रुकुमको मैलनाउली कोटजहारी गाविस वडा नं ४ मा पर्ने एक सरकारी स्कुलमा पढाउने विश्वप्रकाश क्रान्तिकारी विचार भएको सक्षम व्यक्तिका रूपमा उपन्यासमा चित्रित छ । स्कुलमा पढाउँदा पढाउँदै व्यवस्थापन समिति अध्यक्षकी भतिजीसँग वैवाहिक सम्बन्धमा बाँधिन पुगेको विश्वप्रकाशलाई सुरुमा विद्यालयबाट निकाल्ने निर्णय हुन्छ । तर पछि उसकै काका ससुराको पहलमा त्यही विद्यालयमा पढाउन थाल्दछ । दुई छोराको पिता भएको ऊ तत्कालीन समयमा चलेको माओवादी युद्धको शुभचिन्तक तथा समर्थक हो । एक दिन सरकारी फौज क्रान्तिकारी खोज्दै उसको घरमा वास बस्ने तरखर गर्दै हुन्छ । यसैक्रममा उसको घरमा माओवादीले अघिल्लो दिन लेखेको नारा एक प्रहरि सइले देख्छ । यसैलाई वहाना बनाएर क्रान्तिकारीलाई सहयोग गरेको आरोप लगाई उसलाई र उसकी श्रीमती कस्तुरी दिदीलाई बिभत्स तरिकाले हत्या गर्दछन् । यस घटनाबाट आमाबाबुविहीन बनेका दुई नाबालक कोपिला आश्रम भित्राइन्छन् । विश्वप्रकाशको कथाले युद्धकालमा कसरी बेकसुर मानिसहरूले बित्थामा ज्यान गुमाउनुपर्दथ्यो भन्ने तितो यर्थाथलाई प्रस्ट पारेको छ ।

समग्रमा भन्नुपर्दा विश्वप्रकास सर यस उपन्यासमा भूमिकाका आधारमा सहायक, आसन्नता र आबद्धताका आधारमा मञ्चीय तथा बद्ध, स्वभावका आधारमा गतिशील पात्रका रूपमा उपस्थित भएको छ । उसलाई सशस्त्र द्वन्द्वमा सहयोग पुऱ्याएका कारण अकालमै ज्यान गुमाउने व्यक्तिहरूको प्रतिनिधि पात्रका रूपमा लिन सकिन्छ ।

**सान्दिदी**

ऊ बाइप्रोडक्ट नं १०२ शीर्षककी प्रमुख नारी पात्र सान्दिदी यस उपन्यासकी सहायक नारी पात्र हो । जनयुद्धको सिकार भएकी सान्दिदी निकै दुःख कष्ट भोगेर आफ्नो जीवन व्यवस्थित गर्दै थिई । पहाडमा आफ्नो जीवन चलाउन समस्या भएपछि तराई बर्दिया झरेका उसका परिवारका सदस्य एक एक गर्दै ऊबाट टाढिन्छन् । अन्तिममा ऊ र उसको एक जना नाबालक भाइ मात्र रहन्छन् । ऊ एकजना ट्रक डाइभरको सङ्गतबाट एउटा छोरो जन्माउँछे । बर्दियामा बस्न नसकेर कर्णाली पुल छेउमा एउटा सानो घर बनाई होटेल सञ्चालन गरी राम्रो आम्दानी गर्न थालेकी ऊसहित धेरै व्यक्तिलाई गोली लाग्छ । उसले यही घटनाबाट इहलीला समाप्त गर्छे । उसको छोरो कथित जनयुद्धको बाइप्रोडक्टको रूपमा कोपिला आश्रम भित्रिन्छ ।

**जनकराज उप्रेती**

जनकराज उप्रेती बाइप्रोडक्ट नं. २०४ शीर्षकको प्रमुख पुरुष पात्र हो । गोर्खाली गुरुङ केटी शारदासँग प्रेम विवाह गरी खुसीसाथ जीवन निर्वाह गर्दै गर्दा माओवादी जनयुद्धमा संलग्न भएकै कारण ऊ मारिन पुग्छ । ऊ यस उपन्यासको अनुकूल, गतिशील, मञ्चीय तथा बद्ध पात्र हो ।

**छविलाल पण्डित**

पुराण, भागवत एवं गीताका कथा तथा श्लोकहरू कण्ठस्थ गरी भन्न एवम् सुनाउन पोख्त पण्डित छविलाल एक आधुनिक एवं क्रन्तिकारी सोच भएको व्यक्ति हो । समाजमा भएको जातभातको विरोधमा अघि बढी दलितलाई पुराणमा गणेश बनाएको तथा हिन्दु धर्मको प्रचार गरेको भन्दै ज्यान गुमाएको पण्डित हाम्रो समाजको एक उदाहरणीय व्यक्ति हो । ऊ यस उपन्यासको गतिशील, मञ्चीय एवं बद्ध पात्र हो ।

## ४.४.३ गौण पात्र

**कोपिला आश्रम** कथाभित्रको कथा शैलीमा लेखिएको उपन्यास हो । यस उपन्यासमा बाइप्रोडक्ट शीर्षकमा विभिन्न छोटा कथाहरू छन् । कथावाचकले विभिन्न कथाहरूका बिचमा कोपिला आश्रमको कथा मिसाई एउटा सिङ्गो कथा बनाएको छ । यसै क्रममा विभिन्न

कथापिच्छे धेरै पात्रहरू उपस्थित भएका छन् । उपन्यासमा प्रमुख र सहायक पात्रका साथै अन्य थुप्रै गौण पात्रहरूको पनि उपस्थिति रहेको छ । ती पात्रहरूको उपन्यासमा खासै भूमिका नदेखिएकाले तिनलाई गौण पात्रका रूपमा लिइएको छ । उपन्यासको कथानकलाई सान्दर्भिक र प्रस्तुतीकरणमा स्वाभाविकता थप्न तिनले मद्दत गरेका छन् । माइल्दाइ, कस्तुरी दिदी, सोमनाथकी पत्नी तथा छोरी, हर्कलाल, उसका आमा तथा बाबु, हर्कलालको भाइ सन्तलाल, धनीराम मेजर कान्छा, गोरे बहादुर बुढा, शम्भु, सन्तवीर, ज्ञान बहादुर फडेरा, धनमाया दिदी, बद्री बाबु लगायतका गौणपात्रहरू यस उपन्यासमा आएका छन् ।

**कोपिला आश्रम** बहुपात्र प्रयोग गरी लेखिएको उपन्यास भए पनि चरित्र चित्रणका हिसाबले यसमा केही जटिलता रहेको छ । उपन्यासको प्रमुख पात्रलाई नै प्रतिकूल चरित्रका रूपमा प्रस्तुत गर्नु उपन्यासको वैशिष्ट्य पनि हो । सोमनाथ ओली प्रमुख पात्रको रूपमा प्रस्तुत हुन योग्य भएर पनि सहायक पात्रमै सीमित हुन पुगेको छ । बाइप्रोडक्टसम्बन्धी धन्दामा आएका अनेकन पात्रहरूले उपन्यासको पात्रका रूपमा उपस्थिति पाएका छन् ।

## ४.५ परिवेश

उपन्यासका आधारभूत तत्त्वमध्येको एक परिवेश अर्थात् देश काल तथा वातावरण पनि हो । उपन्यासलाई रोचक तथा यर्थाथपरक बनाउन देशकाल परिस्थितिको महत्त्वपूर्ण भूमिका हुन्छ । उपन्यासमा वर्णित घटनाहरू कुनै समय र स्थानमा घटेका हुन्छन् । उक्त समय र स्थानको प्रभाव उपन्यासमा परेको हुन्छ जसले उपन्यासलाई विश्वसनीय तथा सामाजिक बनाएको हुन्छ । **कोपिला आश्रम** उपन्यासमा पनि परिवेशको ठूलो प्रभाव रहेको छ । **कोपिला आश्रम** परिवेशप्रधान उपन्यास हो । **कोपिला आश्रम**को कथाको स्रोत समाजमा घटेका यथार्थ घटनाहरू भएकाले यसको परिवेश यथार्थ नै रहेको छ । **कोपिला आश्रम**को मूल कथा तथा बाइप्रोडक्टका विभिन्न घटनाहरूमा आएका स्थानहरू यस उपन्यासका स्थानिक परिवेशहरू हुन् । वि.सं २०५० तथा २०६० को दशकमा नेपालमा चर्केको माओवादी सशस्त्र द्वन्द्व र त्यसले निम्त्याएको अनेक परिणति यस उपन्यासको कालिक परिवेश हो । कोपिला आश्रम र त्यसले सञ्चालन गर्ने धन्दामा देखिएको उतारचढाव यस उपन्यासको मुख्य पारिस्थितिक परिवेश हो ।

प्रस्तुत उपन्यासमा नेपालका विभिन्न स्थानहरू, मुख्यतया काठमाडौँ उपत्याकाका विभिन्न स्थानहरू आएका छन् । कोपिला आश्रम काठमाडौँको बुढानीलकण्ठमा अवस्थित छ । बुढानीलकण्ठ, चक्रपथ, महाराजगन्ज, गौशाला, बाँसबारी, हनुमानस्थान आदि काठमाडौँ उपत्याकाका स्थानगत परिवेशहरू हुन् । यसका साथै उपन्यासमा काठमाडौँ उपत्यकाबाहिरका स्थानहरू पनि आएका छन् । इलाम, भक्तपुर, सिन्धुली, चिसापानी, पाल्पा, रुकुम, नेपालगञ्ज, खलङ्गा, पोखरा, रूपन्देही, सिन्धुपाल्चोक, हेटौँडा, गौर, सुनसरी, विराटनगर, इटहरिजस्ता स्थानहरू उल्लेख छन् । त्यसैगरी नेपालबाहिरका स्थानहरू पनि उपन्यासमा स्थानिक परिवेश भएर आएका छन् । भारतका विभिन्न स्थानहरू, युरोपका विभन्न देशहरू, अमेरिका आदि यस उपन्यासका अन्तर्राष्ट्रिय परिवेशहरू हुन् ।

प्रस्तुत उपन्यासमा वि.सं. २०५२ सालदेखि सुरु भएको माओवादी सशस्त्र द्वन्द्व, त्यसको समाप्ति र त्यसपछि शान्ति सम्झौताको समय र वि.सं. २०६७ सालसम्म भएका सरकार र माओवादीबीचका विभिन्न सहमति तथा सम्झौता भएका समयलाई कालिक परिवेशको रूपमा प्रस्तुत गरिएको छ । देशमा चर्केको सशस्त्र द्वन्द्वले देशको विभिन्न स्थानका जनतालाई पारेको प्रभाव भन्दा पनि बालबालिकाहरूलाई पारेको असर ठुलो र नकारात्मक रहेको कुरा उपन्यासको अध्ययनबाट प्रस्ट हुन आउँछ ।

देशमा द्वन्द्व तथा अशान्ति मच्चिँदा देशको आर्थिक, सामाजिक, सांस्कृतिक तथा राजनीतिक लगायतका विभिन्न क्षेत्रमा असर पर्न जान्छ । द्वन्द्वसँगै विभिन्न किसिमका विकृतिको सुरुवात भएको हुन्छ । यस उपन्यासमा पनि राज्य र विद्रोहीबीचको द्वन्द्वसँगै विभिन्न असङ्गति तथा विकृतिको सुरुवात हुन्छ । यस उपन्यासले १० वर्षे द्वन्द्वले हाम्रो समाजको संरचना खास गरी पारिवारिक संरचनामा कसरी विखण्डन ल्यायो भन्ने विषयमा प्रष्ट पारेको छ । द्वन्द्वबाट बालबालिकामाथि परेको नकारात्मक प्रभाव तथा उनीहरूमाथि गरिने अमानवीय व्यवहारको चित्रण प्रस्तुत उपन्यासमा गरिएको छ । देशमा चर्केको माओवादी द्वन्द्वसँगै सुरु भएको हरिरामको बालबालिका बेच्ने व्यवसाय त्यसको समाप्तिसँगै सकिन्छ । यस उपन्यासको पारिस्थितिक परिवेशको रूपमा द्वन्द्वग्रस्त समाजमा घटेका विभिन्न हिंसात्मक गतिविधि र त्यसले कलिला बालबालिकाहरूलाई पारेको मनोवैज्ञानिक तथा शारीरिक असरलाई लिन सकिन्छ ।

**कोपिला आश्रम**लाई परिवेशका दृष्टिले एक सफल उपन्यासका रूपमा लिन सकिन्छ । उपन्यासमा निश्चित घटना तथा पात्रलाई भन्दा पनि पचास एवम् साठीको दशकमा देशमा चर्केको माओवादी सशस्त्र द्वन्द्व र त्यसले गर्दा निर्दोष जनता एवं कलिला बालबालिकाले भोग्नुपरेको दयनीय अवस्थालाई सफल रूपमा चित्रण गरिएको छ । द्वन्द्वले देशका जुनसुकै ठाउँमा उत्तिकै असर पारेको र त्यसले थुप्रै बालबालिकाको सहारा खोसेको घटनालाई उपन्यासमा ज्यादै कारुणिक रूपमा प्रस्तुत गरिएको छ । आकारका दृष्टिले सानो भए पनि यस उपन्यासले व्यापक परिवेशलाई समेटेको छ ।

## ४.६ भाषाशैली

भाषा अभिव्यक्तिको माध्यम हो । उपन्यासमा यसको ज्यादै महत्त्व रहेको हुन्छ । भाषाशैलीले उपन्यासलाई रोचक बनाउनुका साथै पात्रअनुसार भाषाको पनि विविधता आउँछ । त्यसै गरी कथानकअनुसार पनि भाषामा फरकपना आउँछ । **कोपिला आश्रम**मा प्रयुक्त भाषा सरल सहज एवम् बोधगम्य रहेको छ । सरल, जटिल एवम् संयुक्त सबै प्रकारको वाक्यको प्रयोग भएको छ । उपन्यासमा प्रयोग भएका शिक्षित अशिक्षित सबै पात्रहरूले प्रयोग गर्ने भाषामा एकरूपता देखिन्छ । उपन्यासमा झर्रा नेपाली शब्द, आगन्तुक तत्सम तथा अन्य विभिन्न शब्दहरूको प्रयोग गरिएको छ ।

प्रस्तुत उपन्यासमा भुस्याहा (पृ.२), झ्याइँकुटी (पृ.३), थेचारे (पृ.२), टन्टा (पृ.४), हँसिया (पृ. ५), मुताहा (पृ.१०), ज्याद्रो (पृ. १०), जिङग्रिङ्ङ (पृ.१४) जस्ता झर्रा नेपाली शब्दहरूको प्रयोग गरिएको छ । त्यस्तै प्रस्तुत उपन्यासमा बाइप्रोडक्ट (पृ.२६), अफिस (पृ.१४), स्यान्ट्रो (पृ.१५), चियर्स (पृ.१५), स्टोर (पृ.१०), प्राइभेट (पृ.१३), ड्राइभर (पृ.११), बियर (पृ.१५) जस्ता अङ्ग्रेजी शब्दहरूको पनि प्रयोग गरिएको छ । यस्तै दोकान, हाथी के खाने की दाँत और दिखाने के दाँत अलग होता है (पृ.३२), भैया (पृ.७५), साब (पृ.७९) आदि हिन्दी शब्दहरूको पनि प्रयोग गरिएको छ । यसका साथै उपन्यासमा आश्रम (पृ.८), कण्ठ (पृ.१८), सूर्यास्त (पृ.३४), बहिष्कृत (पृ.३५), निमेष (पृ.४१), प्रताप (पृ४४), चिरहरण (पृ.४१) आदिजस्ता तत्सम शब्दको प्रयोग गरिएको छ । उपन्यासमा खुरुखुरु, कुइँकुइँ, सुरुप्प, फिस्सजस्ता अनुकरणात्मक शब्दहरूको पनि प्रयोग गरिएको छ ।

उपन्यासकारले उपन्यासमा प्रयोग गरेको भाषिक शैली नै त्यस उपन्यासको शैली हो । प्राय उपन्यासमा वर्णनात्मक एवं विश्लेषणात्मक दुवै शैलीको प्रयोग गरिएको हुन्छ । वर्णनले मात्र उन्यासलाई झर्को लाग्दो र अनाकर्षण बनाउने भएकोले औपन्यासिक भाषिक शैली रोचक बनाउन यी दुवै शैलीको मिश्रण हुन आवश्यक छ ।

**कोपिला आश्रम** वर्णनात्मक तथा विश्लेषणात्मक दुवै शैलीको प्रयोग गरेर लेखिएको एक उत्कृष्ट कृति हो । उपन्यासको घटना तथा पात्रको चरित्रको वर्णन उपन्यासकारले उपन्यासका सहायक पात्र सोमनाथ ओलीबाट गराएका छन् । उसलाई उपन्यासको सर्वदर्शी पात्रको रूपमा उभ्याइएको छ । उपन्यासमा घटना तथा सन्र्दभको वर्णन तथा विश्लेषण दुवै भएको छ । यसका लागि उपन्यासकारले लामा तथा छोटा दुवै खालका संवाद तथा वाक्यको प्रयोग गरेका छन् ।

समग्रमा **कोपिला आश्रम** सरल तथा स्वभाविक भाषाको एक उत्कृष्ट उपन्यास हो । वर्णनात्मक तथा विश्लेषणात्मक दुवै शैलीको प्रयोग गरी लेखिएको यस उपन्याको भाषामा कथ्य तथा लेख्य दुवै रूप पाइएता पनि विशेषतः लेख्य रूप नै पाइन्छ ।

## ४.७ दृष्टिविन्दु

प्रस्तुत कोपिला आश्रम उपन्यासमा प्रथम पुरुष दृष्टिबिन्दुको प्रयोग गरिएको छ । यसको प्रमुख पात्र सोमनाथ ओलीले कथा भनेको छन् । कथानकभित्र विभिन्न उपकथाहरू पनि छन् ती उपकथाहरू अर्थात् बाइप्रोडक्ट कथामा भने तृतीय पुरुष दृष्टिबिन्दुको प्रयोग गरिएको छ, जसलाई सोमनाथ ओलीले हरिराम नेपालीको कम्प्युटरबाट निकाली उपन्यासकारलाई सुनाएको हुन्छ । यस उपन्यासमा केही प्रथम पुरुष र केही तृतीय पुरुष दृष्टिविन्दुको प्रयोग भएको छ ।

## ४.८ उद्देश्य

कुनै पनि साहित्य सृजनाको आफ्नै उद्देश्य तथा प्रमुख ध्येय हुन्छ । उपन्यास विधा समाजमा हुने विभिन्न घटना तथा परिघटनाहरूको प्रतिबिम्ब भएकाले यसको पनि निर्दिष्ट उद्देश्य हुने गर्दछ । प्रस्तुत **कोपिला आश्रम** उपन्यास वि.सं. २०५० र ६० को दशकमा नेपाली समाजमा घटेको माओवादी युद्ध र यसले पारेको नकारात्मक प्रभावको कारुणिक चित्र कोर्न

सफल भएको छ । यसको प्रमुख उद्देश्य कुनै पनि खालका युद्धहरूको सकारात्मक प्रभाव हुँदैन । यसले मिलेर बसेको सामाजिक संरचनालाई विखण्डित पार्दछ भन्ने देखाउनु यसको प्रमुख उद्देश्य देखिन्छ ।

**कोपिला आश्रम** उपन्यास बाल आश्रम सञ्चालन तथा त्यसको नाममा सक्कली वा नकक्ली असहाय बालबालिकालाई विदेश पठाई आर्थिक उर्पाजन गर्ने कार्यलाई प्रमुख कथाको रूपमा उठाइएको छ । यसले समाजसेवाको नाममा मानिसहरू कुन हदसम्मको घृणित कार्य गर्दा रहेछन् भन्ने प्रस्ट पारेको छ । हरिराम नेपाली भन्ने पात्रले जुन व्यवसाय गरेको छ झट्ट हेर्दा उक्त कार्य ठूलै सामाजिक कार्यजस्तो देखिन्छ तर उसको प्रमुख उद्देश्य कानुनी गैरकानुनी कार्य गरी अर्थोपार्जन गर्नु हो । हरिराम मात्र होइन हाम्रो समाजमा त्यस्तै ढोँगी मानसिकता भएका मानिसहरू निकै छन् । उनीहरूको चपाउने दाँत र देखाउने दाँत भिन्न भिन्न हुन्छन् भन्ने कुरा यस उपन्यासले खुलाएको छ ।

## ४.९ निष्कर्ष

रामेश कोइराला नेपाली साहित्यमा उदीयमान व्यक्तित्व हुन । नेपाली साहित्यको फाँटमा नवप्रतिभा भए पनि उनका दुई वटा कृतिहरूले नेपाली साहित्यिक क्षेत्रको श्रीवृद्धिमा ठूलो योगदान पुऱ्याएका छन् । **कोपिला आश्रम**मा उनले विशुद्ध मनोरञ्जनको लागि मात्र विषयवस्तु पस्केका छैनन् बरु समाजको यर्थाथपरक घटनाहरूको वर्णन गरी भावी पुस्तालाई यस्ता गतिविधिहरू गर्नबाट रोक्ने जमर्को गरेका छन् ।

नेपाली उपन्यास परम्परामा एउटै उपन्यास लेखेका भए पनि कोइरालाले समाजमा विद्यमान विसङ्गत पक्षलाई विषयको रूपमा ग्रहण गरी आफूलाई एक सामाजिक यर्थाथवादी उपन्यास लेखकका रूपमा उभाएका छन् । यस कृतिको लेखनबाट सामाजिक विकृतिको पर्दाफास भएकाले कोइरालाको औपन्यासिक योगदान महत्त्वपूर्ण रहेको प्रष्ट हुन्छ ।

**कोपिला आश्रम** माओवादी ससस्त्र द्वन्द्वको समयमा घटेका विभिन्न घटनाहरू तथा ती घटनाहरूले निम्त्याएका अनेकौं परिस्थितिलाई कथानकका रूपमा प्रस्तुत गरी लेखिएको एक उत्कृष्ट रचना हो । बहुपात्र तथा बहुपरिवेशको प्रयोग गरी लेखिएको प्रस्तुत उपन्यासमा सरल एवम् स्वाभाविक भाषाशैलीको प्रयोग गरिएको पाइन्छ । समाजसेवाको नाममा कोमल

बालकालिकाको किनबेच गरी आफु ठूलो तथा धनी बन्ने सपना सजाउने हाम्रो देशमा थुप्रै हरिराम छन् । हरिरामको प्रतिनिधित्वमा समग्र भष्ट्र तथा ढोँगी समाजसेवीहरूको चरित्र उद्घाटन गर्ने काम **कोपिला आश्रम**मा उपन्यासकार रामेश कोइरालाले गरेका छन् ।

परिच्छेद : पाँच

# सारांश र निष्कर्ष

## ५.१ परिचय

प्रस्तुत पाँचौ परिच्छेद "कोपिला आश्रम उपन्यासको विधातात्त्विक अध्ययन" शीर्षकको अन्तिम परिच्छेद हो । यसमा अन्तिम परिच्छेदको परिचय दिएर सारांश र निष्कर्ष प्रस्तुत गरिएको छ । सारांशमा पहिलो परिच्छेददेखि चौथो परिच्छेदसम्मको परिच्छेदगत सारांश प्रस्तुत गरिएको छ भने निष्कर्षमा सम्पूर्ण शोधको समग्र निष्कर्ष दिइएको छ ।

## ५.२ सारांश

रामेश कोइराला नेपाली साहित्यको फाँटमा एक परिचित नाम हो । उनले आफ्नो छोटो साहित्यिक जीवनमा दुईवटा कृतिहरू प्रकाशित गरिसकेका छन् । वि.सं.२०६८ सालमा **आमाको मुटु** नामक संस्मरण लिएर देखा परेका रामेश कोइरालाले २०७० मा **कोपिला आश्रम** नामक औपन्यासिक कृतिको प्रकाशन गरेका छन् । "कोपिला आश्रम उपन्यासको विधातात्त्विक विश्लेषण" शीर्षक दिएर तयार पारिएको यस शोधपत्रमा **कोपिला आश्रम** उपन्यासलाई यसको विधागत तत्त्वहरूको कसीमा राखेर अध्ययन गरिएको छ । प्रस्तुत शोधपत्रलाई विभिन्न पाँच अध्यायमा विभाजन गरी तयार गरिएको छ ।

परिच्छेद एक शोध परिचय खण्ड रहेको छ । यस परिच्छेदमा विषयको परिचय दिई समस्या कथन, शोधको उद्देश्य प्रस्तुत गर्दै पूर्वकार्यको समीक्षा गरिएको छ । यसै गरी शोधको औचित्य, शोधको सीमाङ्कनका साथै शोधविधि पनि प्रस्तुत गरेर शोधपत्रको रूपरेखा प्रस्तुत गरी परिच्छेदको अन्त्य गरिएको छ ।

परिच्छेद दुईमा उपन्यासको विधा सिद्धान्तको चर्चा गरिएको छ । यसमा उपन्यासको अर्थ, परिभाषा आदि विषयको चर्चा गरिएको छ । त्यसैगरी उपन्यासका तत्त्वहरू कथानक, पात्र, परिवेश, भाषाशैली, दृष्टिविन्दु, उद्देश्यको चिनारी पनि गराइएको छ ।

परिच्छेद तीनमा नेपाली उपन्यासको परम्परा देखाउँदै उपन्यासकार कोइरालालाई विस्तृत रूपमा चिनाउने काम भएको छ । यसमा पहिले परिचय दिएर नेपाली उपन्यासको विकासक्रमलाई कालविभाजन सहित अध्ययन गरिएको छ । यसमा नेपाली उपन्यासको प्राथमिका काल, माध्यमिक काल तथा आधुनिक काल र आधुनिका कालअन्तर्गत पनि विभिन्न धाराहरुको अध्ययन गरिएको छ । यसपछि साहित्यकार रामेश कोइरालाको जन्म कहिले कहाँ भयो भन्ने कुराको जानकारी दिइएको छ । त्यसैगरि कोइरालाको बसोबास कहाँ कहाँ भयो, उनले शिक्षा हाँसिल कुन कुन ठाउँबाट गरे, के कस्ता पेसामा उनी संलग्न भए जस्ता कुराको जानकारी गराइएको छ । यस्तै कोइरालाको रुचि, उनको वैवाहिक जीवन, उनले भ्रमण गरेका स्थानहरूको पनि जानकारी दिइएको छ । यसै परिच्छेदमा कोइरालाले कसरी लेखनमा आफूलाई अघि बढाए र लेखनमा उनको रुचि कसरी भयो भन्ने जस्ता कुराको पनि जानकारी दिइएको छ । संस्मरणकार तथा उपन्यासकार कोइरालाई व्यक्तिगत, साहित्यिक र अन्य व्यक्तित्वका आधारमा चिनाइएको छ ।

यस शोधपत्रको चौथो परिच्छेदमा **कोपिला आश्रम** उपन्यासको विधातात्त्विक विश्लेषण गरिएको छ । यसमा उपन्यासको परिचय, यसमा प्रयोग भएका उपन्यास विधाका तत्त्वहरूको आधारमा उपन्यासको विश्लेषण गरिएको छ । पहिले उपन्यासको शीर्षक सार्थकता पुष्टि गरेर क्रमशः कथावस्तु, पात्रविधान, परिवेश, भाषाशैली, दृष्टिविन्दु र उद्देश्यजस्ता तत्त्वलाई आधार बनाएर उपन्यासको विश्लेषण गरिएको छ ।

## ५.३ निष्कर्ष

चिकित्सा क्षेत्रलाई आफ्नो मुख्य पेसा बनाएका कोइरालाले **आमाको मुटु** नामक संस्मरणात्मक कृति र **कोपिला आश्रम** नामक औपन्यासिक कृति प्रकाशित गरेका छन् । दुवै कृतिमा फरक फरक सामाजिक विषय उठान गरी उनले साहित्यबाट पनि सामाजिक समस्या उजागर गर्न सकिन्छ भन्ने धारणा स्थापित गरेका छन् ।

**कोपिला आश्रम** सामाजिक यर्थाथतामा आधारित उपन्यास हो । यसमा उपन्यासकारले नेपालमा चलेको दश वर्षे (२०५२-२०६२) द्वन्द्व र यसबाट यहाँको समाजमा परेको नकारात्मक प्रभावलाई सूक्ष्म ढङ्गले प्रस्तुत गरेका छन् । त्यसैगरी उनले यहाँको समाजमा भएको देखाबटी

प्रवृत्तिलाई पनि बडो शिल्पचातुर्यका साथ प्रस्तुत गरेका छन् । हरिराम नेपालीजस्ता पात्रहरू नेपाली समाजमा जहाँसुकै हुन सक्छन्, जसले पैसाको आडमा यहाँ हैकम जमाउन सफल हुन्छन् भन्ने सन्देश यस उपन्यास मार्फत दिएका छन् ।

**कोपिला आश्रम** कृतिले सामाजिक यथार्थलाई मिहिन ढङ्गले केलाएको छ । मानवीय स्वभाव र उसको वास्तविक र देखावटी स्वरूपलाई समेत उपन्यासमा लेखकले वस्तुपरक ढङ्गले प्रस्तुत गरेका छन् । उपन्यासले हिँसा कदापि मानवहितमा छैन, यसको कारण दीर्घकालसम्म असर परिरहन्छ भन्ने तितो यथार्थ केलाएको छ । यस उपन्यासको मुख्य कथानक कोपिला आश्रम नामक बालगृहको वरिपरि घुम्छ । त्यसैगरी बाइप्रोडक्ट शीर्षकमा विभिन्न समय र सन्दर्भका कथाहरू छन् । ती अधिकांश कथाहरूले सरकार र माओवादी द्वन्द्वको समयमा भएका घटनाबाट कसरी बालबालिका अनाथ हुन्छन् र विदेश पठाइन्छ भन्ने कुराको यथार्थता प्रस्तुत गरेका छन् ।

उपन्यासका पात्रहरू हाम्रो समाजकै सामान्य जीवनबाट लिएका छन् । उनीहरूको प्रस्तुतिले हाम्रै समाजको कुनै स्थानमा भएको यथार्थ सामाजिक सम्बन्धको झल्को दिन्छ । यस उपन्यासमा बहुपात्रहरूको प्रयोग भएको छ । कोपिला आश्रमको सञ्चालक हरिराम नेपाली यस उपन्यासको प्रमुख पात्र हो । उसले कोपिला आश्रम नामक बालगृहको सञ्चालन गरी सयौँ अनाथ बालबालिकाहरूलाई विदेश पठाएर आर्थिक उर्पाजन गर्दछ । हरिराम यस उपन्यासको नकारात्मक पात्र हो । हरिरामलाई सहयोग गर्न सोमनाथ ओली नामको अर्को पात्र प्रयोग गरिएको छ । उसले हरिरामको आर्थिक तथा अन्य व्यवस्थापनको काम गर्दछ । उपन्यासको अन्त्यमा उसले उपन्यासको अर्को पात्र श्यामसँग मिलेर साँच्चिकै बालगृह सञ्चालन गर्दछ ।

माथि उल्लेखित मुख्य पात्रबाहेक उपन्यासमा उपस्थित भएका अन्य सहायक पात्रहरूमा म पात्र (उपन्यासकार कोइराला), रामप्यारी दिदी, श्याम, सि.डि.ओ बलराम पन्थी, चापागाइँ सर, साइमन, पुतली, कामरेड विक्रम, शेख जमाल, छविलाल पण्डित, सान्दिदी, मिसेल, जनकराज, जगन्नाथ, विश्वप्रकाश आदि रहेका छन् ।

**कोपिला आश्रम** आफै अनाथ भएर विभिन्न हन्डर खाएका हरिराम नेपाली नामका व्यक्तिले खोलेको अनाथालय हो । यसमा झट्ट हेर्दा विभिन्न कारणले बाबु आमा गुमाएका अनाथ

बालबालिकाहरूको संरक्षण गरिए जस्तो देखिए पनि हरिरामले यसलाई विदेशी पैसा कमाउने माध्यम बनाएको छ । उपन्यासको समय वि.सं २०५० पछिको १२ -१५ वर्षको अवधि हो । यस समयमा नेपालमा माओवादी युद्धका कारण हजारौँको संख्यामा बालबालिकाहरू टुहुरा भएका थिए । तिनै सहाराविहीन बालबालिकाहरूलााई पालन पोषण गरी पठनपाठन गराउने जिम्मा लिएका हरिरामले विदेशमा बेचेर आफ्नो ढुकुटी भर्दछ । उपन्यासमा उसले कसरी राज्य र राज्यसंयन्त्रलाई बेकम्मा बनाएको छ भन्ने कुरा सरल रूपमा देखाइएको छ ।

प्रस्तुत उपन्यासमा सरल भाषाको प्रयोग गरिएको छ । केही आगन्तुक र तत्सम शब्द बाहेक सबै ठेट नेपाली भाषाको प्रयोग गरिएको छ । प्रथम पुरुषीय दृष्टिविन्दुको प्रयोग गरिएको यस उपन्यासको कथा वाचन सोमनाथ ओली नामका पात्रले गरेको छ । समाजमा व्याप्त रहेको जसरी पनि पैसा कमाउनुपर्छ भन्ने मान्यताप्रति व्यङ्ग्य गरिएको उपन्यासमा सामाजिक यर्थथलाई रोचक ढङ्गले प्रस्तुत गरिएको छ ।

मूल कथाभित्र विभिन्न सहायक कथा आएको यस उपन्यासमा बाइप्रोडक्ट शीर्षकमा विभिन्न कथाहरू प्रस्तुत गरिएका छन् । तर ती कथाहरू पनि मूल कथासँग राम्रोसँग अन्तरसम्बन्धित गराइएको छ । उपन्यासकारले सोमनाथको मुखबाट आफ्ना कुराहरू भनिरहेको प्रतीत हुन्छ । उनले उपन्यासमा सुरुमा सामाजिक रूपमा अस्वीकार्य कार्यहरू गर्न लगाए पनि अन्तिममा गलत कार्यहरूको अन्त भई सकारात्मक अभ्यासको थालनी भएको देखाएको छ ।

समग्रमा **कोपिला आश्रम** उपन्यास सामाजिक यथार्थवादी उपन्यास हो । यसले हाम्रो समाजमा विभिन्न कारणले आमाबाबुविहीन भएका केटाकेटीहरूलाई कथित अनाथालयमा राखेर धर्मपुत्र पुत्रीका नाममा विदेशीलाई बेची धनको धन्दा गर्ने व्यक्तिहरूको यथार्थता प्रस्तुत गरेको छ । यसरी सरल किसिमले समाजको समस्या प्रस्तुत गरेको **कोपिला आश्रम** उपन्यास नेपाली उपन्यास परम्परामा एक उल्लेख्य औपन्यासिक कृति हो ।

# सन्दर्भ सामग्री सूची


अधिकारी, जानु (२०७० असार १४). **गोरखापत्र**. पृ. ७ ।

अधिकारी, सञ्जय (२०७० असार १७). **नागरिक**. पृ. ६ ।

अर्याल, सीपी (२०७१ जेष्ठ १७). 'द्वन्द्वका बाछिटा'. **कान्तिपुर** (कोसेली) ।

उपाध्याय, केशवप्रसाद (२०५०). **पूर्वीय साहित्य सिद्धान्त**. काठमाडौं : साझा प्रकाशन ।

कोइराला, रामेश (२०६८). **आमाको मुटु**. काठमाडौँ : फाइनप्रिन्ट ।

कोइराला, रामेश (२०७०). **कोपिला आश्रम**. काठमाडौँ : फाइनप्रिन्ट ।

खड्का, सुमी (२०७३). "आमाको मुटु संस्मरणात्मक कृतिको विधातात्त्विक अध्ययन". अप्रकाशित स्नातकोत्तर शोधपत्र. ललितपुर : पाटन संयुक्त क्याम्पस, त्रिभुवन विश्वविद्यालय ।

तिवारी, शङ्कर (२०७१ जेठ १८-२४). 'बाइप्रोडक्टको वर्णन'. **हिमाल** पत्रिका ।

थापा, मोहनहिमांशु (२०६६). **साहित्य परिचय**. पाँचौं संस्क. ललितपुर : साझा प्रकाशन ।

न्यौपाने, टङ्कप्रसाद (२०४९). **साहित्यको रूपरेखा**. दोस्रो संस्क. काठमाडौँ : साझा प्रकाशन ।

पोखरेल, बालकृष्ण र अन्य (२०४०). **नेपाली बृहत् शब्दकोश**. दोस्रो संस्क. काठमाडौं : नेपाल प्रज्ञा प्रतिष्ठान ।

पौडेल, विष्णुप्रसाद (२०६८). **उपन्यास समालोचना**. काठमाडौँ : भुँडीपुराण प्रकाशन ।

प्रधान, कृष्णचन्द्रसिंह (२०४३). **नेपाली उपन्यास र उपन्यासकार**. दोस्रो संस्क. ललितपुर : साझा प्रकाशन ।

बराल, ऋषिराज (२०५३). **मार्क्सवाद र उत्तरआधुनिकतावाद**. विराटनगर : सविता बराल ।

बराल, कृष्णहरि र नेत्र एटम (२०६६). **उपन्यास सिद्धान्त र नेपाली उपन्यास**. तेस्रो संस्क. ललितपुर : साझा प्रकाशन ।

लामिछाने, सर्मिला (२०७२). "रामेश कोइरालाको जीवनी व्यक्तित्व र कृतित्व". अप्रकाशित स्नातकोत्तर शोधपत्र. काठमाडौँ : त्रिचन्द्र क्याम्पस, त्रिभुवन विश्वविद्यालय ।

लुइटेल, खग्रेन्द्रप्रसाद (२०६९). **नेपाली उपन्यासको इतिहास**. काठमाडौं : नेपाल प्रज्ञा प्रतिष्ठान ।

शर्मा, तारानाथ (२०३९). **नेपाली साहित्यको इतिहास**. दोस्रो संस्क. ललितपुर : साझा प्रकाशन ।

शर्मा, मोहनराज (२०५९). **शैलीविज्ञान.** दोस्रो सस्क. काठमाडौं : साझा प्रकाशन ।

श्रेष्ठ, दयाराम (सम्पा.) (२०३९). **पच्चीस वर्षका नेपाली कथा**. काठमाडौँ : नेपाल राजकीय प्रज्ञाप्रतिष्ठान ।

श्रेष्ठ, दयाराम (सम्पा.) (२०६३). **नेपाली कथा भाग ४**. काठमाडौँ : साझा प्रकाशन

सुवेदी, राजेन्द्र (२०५३). **नेपाली उपन्यास परम्परा प्रवृत्ति**. वाराणसी : भूमिका प्रकाशन ।